महेन्द्र माला

कक्षा २

(भाषा र सामाजिक शिक्षा एकीकृत पाठ्यपुस्तक)

लेखक तथा सम्पादक
विश्वम्भर घिमिरे

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

एकीकृत पाठ्यक्रम अनुसार पहिलो संस्करण २०४३

यो पुस्तक बिक्रीका लागि होइन । श्री ५ को सरकार, युनिसेफ र नोराडको संयुक्त आयोजना अन्तर्गत निःशुल्क वितरण गरिएको हो । कृपया पुस्तकको राम्रो जतन गर्नुहोला । यो पुस्तक पछि विद्यालयमा फर्काउनुपर्नेछ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।

"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट एवं स्वतन्त्रताको रक्षा गर्ने, कर्तव्यनिष्ठ नागरिक तयार गराउने र सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालयका पाठ्यक्रम पाठ्यपुस्तकको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

साक्षरताका लागि आधारभूत ज्ञान र सीप हासिल गराउने, देश, नरेश तथा ईश्वरप्रति श्रद्धा-भक्तिको भावना जागृत गराउने र अनुशासन तथा चारित्रिक गुणको विकास गराउने प्राथमिक शिक्षाको उद्देश्य अनुरूप यो पुस्तक तयार गराई प्रकाशमा ल्याइएको छ ।

नेपाली भाषा र सामाजिक शिक्षाका विषय वस्तुहरूलाई एकीकृतरूपमा समावेश गरी कक्षा २ का निमित्त श्री विश्वम्भर घिमिरेले तयार गर्नुभएको यस पुस्तकलाई बढी उपयोगी तुल्याउने कार्यमा डा. वासुदेव त्रिपाठीको विशेष सक्रिय भूमिका रहेको छ र यसमा मोहनराज शर्मा, रामकुमार पाँडे, कृष्णप्रसाद पराजुली र महादेव अवस्थीले पनि सहयोग गर्नुभएको छ । संलग्न सबै विद्वान्वर्गहरूलाई यो पा. पा. नि. वि. केन्द्र धन्यवाद ज्ञापन गर्दछ ।

यो पुस्तकलाई उपयोगी बनाउने क्रममा यसको निरन्तर सुधारको लागि शिक्षक, अभिभावक तथा समस्त बुद्धिजीवीहरूबाट प्राप्त हुने रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

प्रस्तुत पाठ्यपुस्तकको निर्माणमा पाठ्यपुस्तक सुपरिवेक्षण समिति, सामाजिक शिक्षा समिति र नेपाली भाषा विषय उप–समितिका सम्पूर्ण अध्यक्ष, तथा सदस्य महानुभावहरूद्वारा प्रदत्त महत्त्वपूर्ण सहयोग र सुझावका लागि यो केन्द्र हार्दिक आभार प्रकट गर्दछ ।

श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
हरिहर भवन, ललितपुर

प्रस्तुत पुस्तकका सन्दर्भमा

आज संसारमा ज्ञान र विज्ञानका कुराहरू धेरै शाखा र प्रशाखाहरूमा बाँडिए तापनि प्राथमिक स्तरका छात्रछात्राहरूका लागि यी ज्ञान र विज्ञानका कुराहरूलाई छुट्टाछुट्टै विषयका रूपमा ग्रहण गराउनु कतिसम्म उपयुक्त होला, सोचनीय कुरा हुन आएको छ। यसै परिप्रेक्ष्यमा हाल भइरहेका पाठ्यपुस्तकहरूलाई अझ बढी स्तरीय, वैज्ञानिक र समय सापेक्ष बनाउने क्रममा भाषा ज्ञान र सामाजिक शिक्षाका विषयहरूलाई समावेश गरी कक्षा १ मा पढ्ने बालबालिकाहरूका लागि झैं कक्षा २ मा पढ्ने बालबालिकाहरूका लागि पनि एकीकृत रूपमा यो पाठ्यपुस्तक तयार पारिएको छ। यस पाठ्यपुस्तकबाट बालबालिकाहरूले भाषा सीपको मात्र विकास गर्ने होइनन् कि हाम्रो सामाजिक जीवन अन्तर्गत पर्ने आउने आधारभूत कुराहरूका साथै ईश्वर-भक्ति, पितृभक्ति, देशभक्ति र राजभक्ति जस्ता महत्त्वपूर्ण कुराहरू बुझी हाम्रा आदर्श तथा नैतिक मूल्य र मान्यताहरूलाई समेत उनीहरूले आफ्नो कलिलो उमेरदेखि नै हृदयमा छाप पार्न सकून् भन्ने यस पुस्तकको उद्देश्य हो।

पाठ्यपुस्तक स्वयं साध्य नभई साधन मात्र हुनाले यसको मर्म बुझी समस्त शिक्षक महानुभावले छात्रछात्रालाई केवल घोकाएर कण्ठ पार्न लगाउनुको बदला आफ्नो अनुभव र ज्ञानको आधारमा पाठ्यपुस्तक भित्र दिइएका सल्लाह अनुसार अध्यापन गराउनु हुन र आफ्नै तर्फबाट पनि उनीहरूलाई बढीभन्दा बढी सीप र ज्ञान दिलाउनेतर्फ व्यावहारिक तथा सिर्जनात्मक उपायहरू अवलम्बन गर्नुहुने नै छ।

साबिक यसै कक्षाको महेन्द्र माला र सामाजिक शिक्षाको नामलाई बदलेर हाल यस पुस्तकको नाम महेन्द्र माला मात्र राखिएको छ र साबिक पाठ्यपुस्तकमा भन्दा यसमा प्रस्तुत गरिएका विषयवस्तुहरू केही स्तरीय र केही विस्तृत रूपमा प्रस्तुत गरिएका छन्। कुनै आवश्यक, रोचक तथा जनजिब्रोमा भिजिसकेका साबिक पाठ्यपुस्तकका केही पाठ वा अंशलाई पनि यस पुस्तकमा आफ्नै रूपमा प्रस्तुत गरिएका छन्। अभ्यासमा बढी जोड दिइएको कारणले पुस्तक साबिकभन्दा मोटो हुन जानु स्वाभाविक हो। यसको पूर्ण तथा समुचित उपयोगले यस कक्षाका बालबालिकाहरूको ज्ञान र सीपको विकासस्तरमा निश्चय नै अभिवृद्धि हुने आशा गरिएको छ।

यो पाठ्यपुस्तक तयार पार्न शुरूमा मी. सु. श्री नारायणप्रसाद श्रेष्ठबाट प्राप्त अविस्मरणीय सल्लाह, सुझाव र हौसलाको लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दै हाल यस पुस्तकलाई अन्तिम रूप दिन मद्दत गर्नुहुने सबै विद्वान् महानुभावहरूलाई समेत धन्यवाद दिन चाहन्छु।

अन्तमा, देशभित्र र बाहिरका समस्त बुद्धिजीवी, अभिभावक तथा शिक्षाप्रेमीहरूको समेत प्रस्तुत यस पुस्तक बारेका सल्लाह र सुझावहरूलाई स्वागत गर्दै अ[illegible]न्ति नै।

लेख[illegible]

विषयसूची

सरस्वतीको प्रार्थना	१
मायाको पाठो	६
गाउँघरमा आपसी मद्दत	१२
मेरो सानो खरायो	२२
झूटो बोल्यो कि पोल्यो	२७
हाम्रो शहरबजार–१	३६
हाम्रो शहरबजार–२	४३
गाई	५१
हाम्रा छिमेकी	५५
श्रवणकुमार	६२
हाम्रो विद्यालय	७२
रमाइलो धर्ती	८०
हाम्रो खानेकुरा	८४
फूलबारीमा पुतली	९२
हाम्रा लुगाकपडा	९६
हाम्रो बानीबेहोर	१०६
आदिकवि भानुभक्त आचार्य	११३
पानी	१२१
यातायातको सुविधा	१२६
तिहार	१३२
समय र यसको महत्त्व	१४१
हाम्रो पृथ्वी	१५१
शुद्ध हावा र पानी	१५६
हाम्रो देश	१६३
राजा सबका साझा	१७३
हाम्री रानी	१७७
चित्रहरू	१८१

सरस्वतीको प्रार्थना

सरस्वती ! सुन्दर मूर्ति तिम्रो
कस्तो अहो ! उज्ज्वल रूप तिम्रो
छ्यौ हाँसका वाहनमा चढेकी
सेतो सफा पैरनमा खुलेकी ।

वीणा लिएको कर एक तिम्रो
किताब अर्को करमा छ तिम्रो
देवी ! तिमी बुद्धि–विवेक दिन्छ्यौ
मुहान विद्याहरूको तिमी हौ ।

आमा तिमीमा अति भक्ति राखी
तिम्रा दुई कोमल पाउमाथि
झुकाउँदै माथ प्रणाम गर्छौं
विद्या मिलोस् आसिक नित्य माग्छौं ।

पढ्छौं सधैं पढ्न सिकाइदेऊ
लेख्छौं सधैं लेख्न लगाइदेऊ
अज्ञानको नाश गराइदेऊ
सरस्वती ! ज्ञान बढाइदेऊ ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

सरस्वती, सुन्दर, मूर्ति, कस्तो, उज्ज्वल, तिम्रो, हाँस, बुद्धि, दिन्छ्यौ, भक्ति, झुकाउँदै, प्रणाम, गर्छौं, नित्य, विद्या, माग्छौं, गर्छौं, सधैं, लेख्छौं, लेख्न ।

२. पढ र कुरा बुझ

(क) मुहान विद्याहरूकी तिमी हौ । (ख) अज्ञानको नाश गराइदेऊ ।

३. मुखैले जवाफ देऊ

(क) सरस्वतीको रूप कस्तो छ ?
(ख) सरस्वतीको वाहन के हो ?
(ग) सरस्वतीको पहिरन कस्तो छ ?
(घ) सरस्वतीका दुई हातमा के-के छन् ?
(ङ) सरस्वती के कुराकी मुहान हुन् ?
(च) तिमी सरस्वतीलाई कसरी ढोग्छौ ?
(छ) तिमी सरस्वतीसँग के आसिक माग्छौ ?

४. सरस्वतीको प्रार्थना कण्ठ सुनाऊ ।

५. तलका खाली ठाउँमा चाहिने शब्द राख

(क) कस्तो अहो ! . . . रूप तिम्रो ।
(ख) देवी!. . . बुद्धि–विवेक दिन्छयौ ।

६. तलका खाली ठाउँमा चाहिने शब्द भर

(क) म किताब पढुँ । हामी किताब पढौं ।
म चिठी लेखुँ । हामी चिठी . . . ।
म सरस्वतीको प्रार्थना गरुँ । हामी सरस्वतीको प्रार्थना . . . ।
म राम्रो कुरा सिकुँ । हामी राम्रा कुरा . . . ।

(ख) तँ किताब पढ् । तिमी किताब पढ । तिमीहरू किताब पढ ।
तँ छिटो हिंड् । तिमी छिटो . . . । तिमीहरू छिटो . . . ।

(ग) तपाईं कथा लेख्नुहोस् । तपाईहरू कथा लेख्नुहोस् ।
तपाईं घर जानुहोस् । तपाईहरू घर . . . ।
तपाईं गीत . . . । तपाईहरू गीत गाउनुहोस् ।

(घ) मलाई विद्या मिलोस् । तिमीलाई बुद्धि . . . ।
मलाई पढ्न आओस् । मलाई लेख्न . . . ।

(ङ) तिमी सरस्वती हौ । तिमी हाँसमा चढ्छ्यौ ।
तिमी देवी . . . । तिमी विद्या दिन्छ्यौ ।
तिमी वीणा हातमा लिन्छ्यौ । तिमी किताब हातमा . . . ।

७. तलका खाली ठाउँमा चाहिने चिह्न भर

(क) ए राम ! तँ पढ् । ए गीता ! तँ लेख् ।
ए सीता . . . तिमी गीत गाऊ । ए रीता . . . तिमी घर जाऊ ।

(ख) काका ! तपाईं कथा भन्नुहोस् । तपाईं कथा भन्नुहोस् न काका !
बुबा. . . तपाईं चिया खानुहोस्. . . तपाईं चिया खानुहोस् न बुबा . . .

(ग) तिमीले आज के लेख्यौ ? तिमीले आज के पढ्यौ ?
तिमीले हिजो के देख्यौ . . . तिमी भोलि के गर्छौ . . .

८. पढ र शब्दको अर्थ बुझ

सुन्दर = राम्रो
उज्ज्वल = उज्यालो, चहकिलो
पैरन = पहिरन, लुगा, कपडा
विवेक = ठीक र बेठीक छुट्याउने खूबी
कोमल = कमलो
आसिक = आशीर्वाद
माथ = शिर, टाउको
नाश = मास्ने काम, सखाप
नित्य = सधैं
अज्ञान = नजानेको अवस्था
अहो = ओहो
वाहन = चढ्ने साधन
कर = हात
मुहान = मूल
पाउ = गोडा, पयर

९. पाठ अनुसार मिल्दो जोडा मिलाऊ

सुन्दर	पैरन	हाँसको	वीणा
उज्ज्वल	रूप	अज्ञानको	मुहान
कोमल	मूर्ति	हातको	वाहन
सफा	पाउ	विद्याहरूको	नाश

१०. उल्टो अर्थ दिने शब्दहरूको जोडा मिलाऊ

सेता	कडा
सफा	काला
कोमल	फोहोर
ज्ञान	अज्ञान

११. सामूहिक क्रियाकलाप

(क) शिक्षकका निर्देशनमा सबै विद्यार्थीहरूले भाका हाली सरस्वतीको प्रार्थना गर्ने।

(ख) शिक्षकले सरस्वतीको मूर्ति वा चित्र देखाई त्यसका बारेमा प्रश्न सोधी विद्यार्थीलाई मुखैले बयान गर्न लगाउने।

(ग) शिक्षकले केटाकेटीहरूलाई नजीकको सरस्वतीको वा अन्य कुनै देवताको स्थानमा लगी देखाउने र देखेका कुराको मौखिक बयान कक्षामा गर्न लगाउने।

(घ) श्रीपञ्चमीको दिन सरस्वतीको पूजा के-कसरी गरिन्छ भन्ने कुरा शिक्षकले विद्यार्थीलाई बताइदिने र यसबारे उनीहरूको अनुभव पनि बताउन लगाउने।

शिक्षकलाई सल्लाह

प्रत्येक पाठका अन्त्यमा दिइएका अभ्यासहरू विद्यार्थीहरूलाई गराउनमा शिक्षकले आवश्यक भूमिका खेल्नुपर्दछ, साथै सामूहिक रूपमा विद्यार्थीहरूबाट अपेक्षित क्रियाकलापमा पनि शिक्षकको विशेष सक्रिय भूमिका हुनुपर्दछ।

मायाको पाठो

मायाको पाठाको नाउँ चुलबुले थियो। माया चुलबुलेलाई धेरै माया गर्दथी। चुलबुले मायाले भनेको मान्दैनथ्यो। ऊ चकचक मात्र गर्थ्यो। ऊ पिंढी र आँगनमा उफ्रँदै हिंड्थ्यो। माया पाठशालाबाट फर्कंदा ऊ परसम्म लिन पुग्थ्यो।

मायाको एउटा कुकुर पनि थियो। उसको नाम पाङ्ग्रे थियो। पाङ्ग्रे पनि चुलबुलेलाई धेरै माया गर्थ्यो। चुलबुलेलाई अरूले चलायो भने

पाङ्ग्रे रिसाउँथ्यो । माया पाठशालामा जाँदा चुलबुलेलाई घरमै छोड्थी । चङ्खे स्याल उसलाई समाउन खोज्दथ्यो । तर पाङ्ग्रे सधैं चुलबुलेसँग हुन्थ्यो । त्यसैले चङ्खेले चुलबुलेलाई समाउने मौका पाएको थिएन । पाठशाला जाँदा माया पाङ्ग्रेसँग भन्दथी– "चुलबुले साँच्चै चुलबुले छ, भनेको मान्दैन । उसलाई एक्लै नछोड्नू । उसलाई कतै जान नदिनू । उसको राम्रो हेरचाह गर्नू ।"

एक दिन माया पाठशाला गएकी थिई । पाङ्ग्रेका आँखा छलेर चुलबुले भाग्यो । चङ्खे बाहिर दाउ हेरिरहेको थियो । उसले चुलबुलेलाई समात्यो । चङ्खेले भन्यो– "आज बल्ल फेला परिस् । अब म तँलाई खान्छु ।"

चङ्खेको कुरा सुनेर चुलबुले रोयो । तर चङ्खे उसलाई मुखमा च्यापेर बनतिर भाग्यो । पाङ्ग्रेले यो कुरा देख्यो । अनि पाङ्ग्रे पनि चंखेलाई लखेट्तै दगुऱ्यो । चंखे पाङ्ग्रेलाई देखेर डरायो । ऊ चुलबुलेलाई छोडेर भाग्यो ।

बेलुकीपख माया घर फर्की। उसले घरमा चुलबुलेलाई देखिन। पाङ्ग्रे पनि त्यहाँ थिएन। माया उनीहरूलाई खोज्न थाली। खोज्दाखोज्दै ऊ धेरै पर पुगी। चुलबुले र पाङ्ग्रेले मायालाई देखे। उसलाई देखेर चुलबुले करायो र पाङ्ग्रे भुक्यो। माया पनि उनीहरूलाई देखेर खुशी भई। तर चुलबुले घाइते भएको देखेर माया आत्तिई।

मायाले चुलबुलेलाई हप्काई– "अब पनि एक्लै घरबाट भाग्छस् कि ? भनेको नमान्दा कत्तिको दुःख पाइस् ? भनेको नमानेपछि यस्तै दुःख हुन्छ, बुझिस् ?"

पाङ्ग्रे र चुलबुले दुवैलाई लिएर माया घर फर्की। पाङ्ग्रेले चुलबुलेलाई बचाएको देखेर माया धेरै खुशी भई। उसले पाङ्ग्रेलाई स्याबासी दिई। त्यस दिनदेखि चुलबुले बाहिर जान छोड्यो। उसले दुःख पनि पाएन।

अभ्यास

१. पढ र रात्रा अक्षरमा सार

(क) आँगन, पाङ्ग्रे, स्याल, च्यापेर, लखेट्दै, उफ्रँदै, आत्तिई, हप्काई ।

(ख) दुःख, हिंड्थ्यो, चङ्खे, सुईंको, दगुरचो, भुक्यो ।

२. पढ र कुरा बुझ

(क) आज वल्ल, फेला परिस् । (ख) भनेको नमानेपछि यस्तै दुःख हुन्छ।

(ग) चुलबुले चकचक मात्र गर्थ्यो। (घ) पाङ्ग्रेको आँखा छलेर चुलबुले भाग्यो।

३. मुखैले जवाफ देऊ

(क) चुलबुले कसको नाम हो ?

(ख) चुलबुले के–के गर्थ्यो ?

(ग) मायाको कुकुरको नाम के थियो ?

(घ) पाठशाला जाँदा मायाले पाङ्ग्रेलाई के भनी ?

(ङ) चङ्खेले चुलबुलेलाई समाएर के गरचो ?

(च) चुलबुलेलाई नदेख्दा मायालाई कस्तो लाग्यो ?

(छ) चङ्खेबाट चुलबुलेले कसरी छुटकारा पायो ?

(ज) मायाले भनेको नमान्दा चुलबुलेले कस्तो दुःख पायो ?

४. मायाको पाठो कथा छोटकरीमा साथीलाई सुनाऊ ।

५. तलका जनावरबारे मुखैले छोटो बयान गर



६. पाठ हेरी सच्याएर शुद्ध पारी सार

गर्थि, उ, पींढि, पाङे, साच्चै, उस्को, दाऊ, वाहीर, बेलूकी, पनी ।

७. खाली ठाउँ भर

पाठाको नाम चुलबुले थियो ।
कुकुरको नाम पाङ्ग्रे ... ... ।
स्यालको नाम चङखे ... ...।

८. खाली ठाउँमा चाहिने शब्द वा अक्षर भर

(क) तँ घरैमा वस्नू । तँ बाहिर नजानू ।
तैंले उसको हेरचाह गर्नू । तैंले उसलाई एक्लै ... ...।
तँ घर वाहिर नजानू । तैंले उसलाई घर बाहिर जान ... ... ।

(ख) तँ आज वल्ल फेला परिस् । तैंले धेरै दुःख पाइस् ।
तँ किन घर बाहिर... ... ? तैंले किन भनेको... ...?
तँ अब पनि ... ... कि ? तैंले अब त कुरा ... ...?

(ग) राम सधैं साँचो बोल्दथ्यो । सीता सधैं साँचो बोल्दथी ।
श्याम सधैं सफा–सुग्घर ... ...। राधा सधैं हँसिली ... ... ।
हरि ठीक समयमा विद्यालय ... ... । लक्ष्मी फूलबारीको हेरचाह ... ...।

(घ) कालु साँचो बोल्दथ्यो । कालु झूटो बोल्दैनथ्यो ।
गोरे मिहिनेत गर्थ्यो । गोरे अल्छी ... ... ।
पार्वती साँचो बोल्दथी । पार्वती कहिल्यै झूटो बोल्दैनथी ।
कमला मिहिनेत गर्दथी । कमला अल्छी ... ...।

९. पढ र शब्दको अर्थ बुझ

चुलबुले = चकचक गर्ने, चकचके, छुकछुके
आँखा छल्नु = नदेखिने गरी सुटुक्क जानु
फेला पर्नु = भेटिनु, हातपर्नु
घाइते = घाउ लागेको, चोट लागेको
स्याबासी = राम्रो कामका लागि गरिने सह्रनी

१०. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई तलका प्रश्न सोध्ने र कसैले ठीक उत्तर नभनेमा सिकाइदिने ।

वाख्राका बच्चा–बच्चीलाई पाठो वा पाठी भनिन्छ भने–

(अ) कुकुरका बच्चा–बच्चीलाई के भनिन्छ ?

(आ) भेडाका बच्चा–बच्चीलाई के भनिन्छ ?

(इ) गाईका बच्चा–बच्चीलाई के भनिन्छ ?

(ई) बिरालाका बच्चा–बच्चीलाई के भनिन्छ ?

(ख) शिक्षकले अरू केही घर–पाला र जङ्गली जनावरका चित्रहरू देखाई तिनीहरूबारे विद्यार्थीहरूलाई बयान गर्न लगाउने ।

गाउँघरमा आपसी मद्दत

रामका बाबुआमा किसान हुन् । खेती गर्ने मानिसलाई किसान भन्दछन् । रामका गाउँमा धेरै किसानहरू छन् । उनीहरू खेतबाट धान, मकै, गहुँ, जौ, कोदो, फापर, मास, भटमास जस्ता धेरै थरी अन्न उब्जाउँछन् । गाउँमा घरबारीमा सागपात र फलफूल पनि लगाइन्छ । सागपात-लाई तरकारी बनाएर खाइन्छ । फलफूल पाके-पछि त्यसै खाइन्छ । गाउँमा डाले घाँसका बोट-हरू पनि हुन्छन् । डाले घाँस गाईवस्तुलाई खुवाइन्छ ।

गाउँघरमा वस्तुभाउ पालिन्छन् । गाउँले-हरूले पाल्ने वस्तुभाउ गाई, भैंसी, गोरु, भेडा, बाख्रा आदि हुन् । गाई र भैंसी, दूध, दही र

घिउका निम्ति पालिन्छन् । गोरु खेत जोत्न चाहिन्छ । तराईतिर गोरुले गाडा पनि तान्छन् । गाउँलेहरू हाँस, कुखुरा जस्ता चरा पनि पाल्छन् । भेडा, बाख्रा मासु खानका निम्ति पालिन्छन्। गाउँलेहरू मलका लागि पनि पशुपन्छी पाल्छन् । रामका गाउँका मानिसहरूले पनि धेरै वस्तुभाउ पालेका छन् ।

गाउँमा खेतीपातीबाहेक अरू काम गर्ने मानिस पनि हुन्छन् । दमाईंहरू बाजा बजाउँछन् र लुगा सिउँछन् । गाउँलेहरू दमाईंहरूले सिएका दौरा, सुरुवाल, भोटो, कमिज, कट्टु, चोलो जस्ता लुगा लगाउँछन् । गाउँमा सार्कीहरूले जुत्ता सिउँछन् । कामीहरू फलामको काम गर्छन् । उनीहरू कोदालो, कोदाली, कुटो, खुर्पा, खुकुरी, हँसिया र हलोको फाली बनाउँछन् । गाउँमा कर्मीहरू पनि हुन्छन् । उनीहरूमध्ये कोही घरको गारो लगाउँछन् । कोही काठको काम गर्छन् ।

गाउँलेहरू एक-अर्कालाई धेरै किसिमबाट मद्दत गर्छन् । उनीहरूमा एउटाले जानेको काम-बाट अर्काले निकै फाइदा पाउँछ । गाउँहरूमा खेती गर्ने मानिसहरू आफूलाई बढी भएको अन्न र सागपात बजारमा लगेर बेच्छन् । उनीहरू आफूलाई चाहिने चीजबीजहरू बजारबाट किन्छन् ।

रामको गाउँमा पँधेरो पनि छ। त्यहाँ एउटा ढुङ्गेधारो र एउटा कुवा छ। गाउँका मानिसहरू पानी लिन पँधेरोमा आउँछन्। उनीहरू नुहाउन र लुगा धुन पनि पँधेरोमा आउँछन्। त्यहाँ ढुङ्गेधारादेखि तल एउटा पोखरी छ। गाईवस्तु पोखरीको पानी खान्छन्। भैंसीहरू पोखरीमा आहाल बस्छन्।

रामका गाउँमा एउटा चौर पनि छ। त्यसचौरमा ढुङ्गाको चौतारो छ। चौतारोमा वरपीपलका रूख छन्। फुर्सदका बेला गाउँलेहरू चौतारामा बस्छन्, कुराकानी गर्छन्, सरसल्लाह गर्छन्। चौतारीमा सिसिर शीतल हावा आउँछ। चौरमा बसी गाउँलेहरू खेलकूद र अरू रमाइला कुरा पनि गर्छन्। त्यहाँ गाउँलेहरू दशैं-तिहारमा पीङ पनि खेल्छन्। चौतारो नजिकै गणेशको थान छ। माथि डाँडाका टुप्पामा देवीको थान छ। तल खोलाको तीरमा

चार्हि महादेवको राम्रो मन्दिर छ । गाउँघरका मानिस यी देव–देवीहरूको पूजाआजा गर्छन् । महादेवको मन्दिरमा ठूलो मेला पनि लाग्छ ।

चौतारो नजिकै एउटा चिटिक्क परेको पाटी पनि छ । त्यस पाटीमा टाढा आवतजावत गर्ने बटुवाहरू बास पनि बस्छन् । पाटीको छेउमा एउटा रमाइलो बगैंचा छ । त्यस बगैंचामा सुन्तला, नास्पाती, आरु, निबुवा, ज्यामिर र कागतीका बोट छन् । त्यहाँ सयपत्री, मखमली र बान्हमासे फूलहरू फुल्छन् । बगैंचाले गर्दा पाटी झन् रमाइलो छ ।

रामको गाउँमा एउटा विद्यालय छ । विद्यालय गाउँको माझमा पर्छ र चौतारो नजिकै छ । गाउँका केटाकेटी त्यही विद्यालयमा पढ्छन् ।

गाउँका वन, गौचरन, चौर, बगैंचा, चौतारा, पँधेरो, पोखरी, पाटी, मन्दिर, विद्यालय र पञ्चायतघर सबै गाउँलेका साझा सम्पत्ति हुन् । हामीले यिनको हिफाजत गर्नुपर्छ ।

रामका गाउँमा पञ्चायतघर पनि छ। पञ्चायतघर विद्यालयको पूर्वपट्टि छ। पञ्चायतघर जान विद्यालयबाट पाँच मिनेट जति लाग्छ। गाउँमा गाउँपञ्चायत हुन्छ। गाउँपञ्चायतले गाउँको हेरविचार गर्छ। रामका गाउँका यी सबै कुराहरू गाउँलेहरू मिली बनाएका हुन्। गाउँलेहरूको आपसी मद्दतबाट यस गाउँमा निकै राम्रो भएको छ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

गाईवस्तु, जोत्न, खुर्पा, कर्मी, सिर्सिर, चिटिक्क, थान, टुप्पो, नास्पाती, ज्यामिर, बाख्रा, फुर्सद, मन्दिर, भन्दछन्, उब्जन्छन्, खाइन्छ, खुवाइन्छ, पूर्वपट्टि, पञ्चायत।

२. पढ र कुरा बुझ

किसान खेती गर्ने मानिस हो। गाउँमा कर्मीहरू हुन्छन्। गाउँघरमा देवदेवीहरूको पूजाआजा गरिन्छ। पाटीमा बटुवाहरू बास बस्छन्। पञ्चायतले गाउँघरको हेरविचार गर्छ।

३. मुखैले जवाफ देऊ

(क) गाउँघरमा वस्तुभाउ किन पालिन्छ ?

(ख) गाउँमा खेतीपातीबाहेक अरू के–के काम गर्ने मानिसहरू हुन्छन् ?

(ग) गाउँका साझा सम्पत्ति के–के हुन् ?

(घ) बगैंचामा के–के फल्छन् ?

(ङ) किसान कसलाई भन्दछन् ?

(च) एउटा गाउँलेले अर्को गाउँलेलाई कसरी मद्दत गर्दछ ?

४. पछ र के फरक छ, भन

चौर–बारी । पँधेरो–कुवा । खोला–कुलो । मन्दिर–विद्यालय ।

५. तलका शब्दहरूको सुहाउँदो जोडा मिलाऊ

दमाईं	फलाम
बटुवा	पाटी
कामी	हलो
किसान	बाजा
कर्मी	गारो

६. गाउँमा खेतीपाती गर्ने मानिसलाई किसान भने जस्तै तलका काम गर्ने मानिसलाई के–के भनिन्छ

(क) काठको काम गर्ने मानिस ।

(ख) जुत्ता सिउने मानिस ।

(ग) फलामको काम गर्ने मानिस ।

(घ) पढाउने काम गर्ने मानिस ।

७. तलका चित्र हेरेर ती चीजहरू के–के कुराबाट बन्छन् लेख

(माटो, काठ, फलाम, कपडा, छाला)





८. ठीक शब्द छानी खाली ठाउँमा भर

(क) राम भात खान्छ ।

श्याम विद्यालय . . . । (जान्छ, जान्छस्)

पासाङ किताब . . . । (पढ्छ, पढ्छे)

(ख) सीता गीत गाउँछे ।

राधा विद्यालय . . . । (आउँछे, आउँछ)

बहिनी पानी . . . । (ल्याउँछ, ल्याउँछे)

(ग) किसानहरू धान लगाउँछन् ।

दमाईंहरू बाजा . . . । (बजाउँछन्, बजाउँछ)

विद्यार्थीहरू विद्यालय . . . । (आउँछ, आउँछन्)

(घ) मेरा भाइहरू बजार गए ।

साथीहरू घरमा . . . । (आयो, आई, आए)

बहिनीहरू बगैंचामा . . . । (पुग्यो, पुगिन्, पुगे)

९. खाली ठाउँमा ठीक शब्द छानी लेख

(क) घरबारीमा सागपात लगाइन्छ ।

बगैंचामा फूल ... । (फुलिन्छ, फुलाइन्छ)

माटाबाट ईंट ... । (बनाइन्छ, बन्थ्यो)

(ख) भेडा र बाख्रा मासुका लागि पालिन्छ ।

बजारबाट नून, तेल र कपडा ... । (किनिन्छन्, किनिन्छ)

१०. तलका खाली ठाउँमा चाहिने शब्द राख

जस्तै:– म खान्छु । हामीहरू खान्छौं ।

तँ खान्छस् । तिमीहरू खान्छौ ।

राम खान्छ । सीता खान्छे ।

उनीहरू खान्छन् ।

(क) म किताब किन्छु । हामी किताब . . . ।

. . . किताब किन्छस् । तिमीहरू किताब . . . ।

राम किताब किन्छ । सीता किताब . . . ।

उनीहरू किताब . . . ।

(ख) म पासाङ्लाई कलम दिन्छु । . . . पासाङ्लाई कलम दिन्छौं ।

तँ पासाङ्लाई कलम . . . । तिमीहरू पासाङ्लाई . . . दिन्छौ ।

राम पासाङ्लाई कलम . . . । सीता पासाङ्लाई कलम . . . ।

उनीहरू पासाङ्लाई . . . ।

११. तलका दुई शब्दका सट्टा एउटै शब्द लेख

जस्तै:– बाबु र आमा = बाबुआमा । दही र दूध = दहीदूध ।

(क) दाजु र भाइ (ख) फल र फूल (ग) मामा र माइजू

(घ) मामा र भान्जा (ङ) दाल र भात (च) काका र काकी

(छ) हलो र कोदाली

१२. पढ र शब्दको अर्थ बुझ

डाले घाँस = रूखका हाँगाबिंगा र स्याउलाको घाँस
कोदालो = खेतबारी खन्ने फलामे औजार वा साधन
कुटो = गोडमेल गर्ने सानो फलामे औजार
खुर्पा = हँसियाभन्दा ठूलो हाँगाबिंगा तथा स्याउला काट्ने हतियार
फाली = जमीन जोत्नका लागि हलोको टुप्पामा जडिने फलामको तीखो पातो
कर्मी = काठ, ढुङ्गा, ईंट आदिबाट घर, मन्दिर बनाउने मानिस
आहाल = सानो हिले पोखरी
बटुवा = बाटो हिंड्ने मानिस
साझा = सबैको उत्तिकै हक लाग्ने

१३. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई दशवटा फूलहरूको नाउँ भन्न लगाउने र पुरचाउन नसकेमा थपिदिने, जस्तैः–

१. सयपत्री २. मखमली ३. वाह्रमासे ४. गुराँस

(ख) शिक्षकले विद्यार्थीहरूलाई किसानलाई चाहिने दशवटा सामानको नाउँ भन्न लगाउने र नपुरचाएमा थपिदिने, जस्तैः–

(१) हलो (२) कोदालो (३) हँसिया

(ग) शिक्षकले गाउँलेहरूले बजारबाट किनेर ल्याउने दशवटा सरसामानको नाउँ विद्यार्थीहरूलाई भन्न लगाउने र पुरचाउन नसके थपिदिने, जस्तैः–

(१) नून (२) मट्टीतेल (३) कपडा (४) चिनी

(घ) शिक्षकले गाउँलेहरूले बजारमा बेच्न लैजाने दशवटा सरसामानको नाउँ विद्यार्थीहरूलाई भन्न लगाउने र पुरचाउन नसके थपिदिने, जस्तैः–

(१) धान (२) घिउ (३) फलफूल (४) खसीबोका

मेरो सानो खरायो



मेरो सानो खरायो
आज कता हरायो ।

हिजो सँगै खेलेथ्यौं
घर भित्रै भुलेथ्यौं
को पहिला पुग्ने हो
भन्दै हामी कुदेथ्यौं ।

मेरो सानो खरायो
आज कता हरायो ।

खोज्दा खोज्दै दिन बित्यो
डुब्न लाग्यो घाम
कसले देला बुबु उसलाई
कसले देला माम ।

मेरो सानो खरायो
आज कता हरायो ।

चिथोर्छ कि बिरालाले
गर्छ म्याउँ-म्याउँ
खोजी गर्न लौन आमा
हामी सँगै जाऔं ।

मेरो सानो खरायो
आज कता हरायो।

खाटमुनि लुक्यो कि
आँगनीमा पुग्यो कि
भालु आई चोरेर
जंगलतिर लग्यो कि।

मेरो सानो खरायो
आज कता हरायो।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

खेलेथ्यौं, भुलेथ्यौं, डुलेथ्यौं, खोज्दाखोज्दै, चिथोर्छ,
म्याउँ-म्याउँ, जाऔं, लुक्यो, लग्यो।

२. पढ र कुरा बुझ

घरभित्रै भुलेथ्यौं, डुब्न लाग्यो घाम, कसले देला माम।

३. मुखैले जवाफ देऊ

(क) सानो खरायो पाल्ने बालकले अघिल्लो दिन खरायोसँग के–के काम गरेको थियो ?

(ख) त्यस बालकले कतिबेलासम्म खरायोलाई खोज्यो ?

(ग) खरायोलाई नभेट्दा त्यस बालकलाई के–के कुराको पीर पर्‍यो ?

(घ) बालकले खरायो खोज्न कसलाई गुहार्‍यो ?

(ङ) खरायो कहाँ–कहाँ लुकेको हुन सक्छ ?

(च) खरायोलाई कसले चोरेर लग्यो होला ?

४. नमुनामा मिलाए जस्तै शब्दहरू मिलाई लेख

जस्तै:– डुब्न लाग्यो घाम । घाम डुब्न लाग्यो ।

(क) चिथोर्छ कि बिरालाले ? . . .

(ख) बिरालाले गर्छ म्याउँ–म्याउँ । . . .

५. खाली ठाउँमा मिल्दो शब्द भर

जस्तै:– बिरालाले . . . गर्छ । (म्याउँ-म्याउँ, म्याउँम्याँ)

बिरालाले म्याउँ–म्याउँ गर्छ ।

(क) कुकुरले . . . गर्छ । (टयाँटयाँ, भुकभुक)

(ख) पाठोले . . . गर्छ । (म्याँम्याँ, फ्याँफ्याँ)

(ग) भेडाले . . . गर्छ । (ड्याँड्याँ, भ्याभ्या)

(घ) भ्यागुताले . . . गर्छ । (ट्वारट्वार, क्यारक्यार)

(ङ) मूसाले . . . गर्छ । (ही ँही ँ, ची ँची ँ) ।

६. तलका चित्र हेरेर यी तीन जनावरमा के फरक छ भन



७. खरायो जस्तै घरमा पालिने अरू पाँचवटा जनावरहरूको नाम लेख ।

८. तलका खाली ठाउँमा ठीक शब्द छानेर भर

जस्तै:– मेरो सानो खरायो आज . . .। (हरायो, हराई, हराए)
मेरो सानो खरायो आज हरायो ।

(क) सानो खरायो भालुसँग . . . । (हराए, हराई, हरायो)
(ख) भालुले खरायोलाई जंगलतिर . . . । (लगी, लग्यो, लगे)
(ग) बिरालो बारीमा . . . । (लुक्यो, लुकी, लुके)
(घ) हामी खरायो खोज्न . . . । (जाऊ, जाऔं, जान्छु)
(ङ) हामी सबै मिलेर भोज . . . । (खाऊ, खान्छु, खाऔं)

९. तलका खाली ठाउँका लागि मिल्दो शब्द छान

जस्तै:– सीता . . . हाँसी । (मुसुक्क, टुसुक्क, लुसुक्क)।
सीता मुसुक्क हाँसी ।

(क) लछुमन पानीले. . . भिज्यो । (छपक्क, निथ्रुक्क, सुटुक्क)
(ख) बर्सादले पर्खाल . . . लड्यो । (छर्लङ्ग, भुतुक्क, गर्ल्याम्म)
(ग) घण्टी . . . बज्यो । (टन्न, टिन्न, टुन्न)
(घ) राम खुसीले . . . भएको छ । (फुरुङ्ग, भुरुङ्ग, फरचाक्क)

१०. पढ र शब्दको अर्थ बुझ

भुल्नु = बिर्सनु
घाम डुब्नु = सूर्य अस्ताउनु, घाम हराउनु

११. सामूहिक क्रियाकलाप

यो कविता शिक्षकको निर्देशनमा विद्यार्थीहरूले भाका हालेर कक्षामा कण्ठ सुनाउने ।

झूटो बोल्यो कि पोल्यो

एउटा गाउँमा कालु नाम गरेको केटो थियो। ऊ सधैं भेडा–बाख्रा चराउन जान्थ्यो। कालु भेडा–बाख्रालाई वनमा छाडिदिन्थ्यो। भेडा–बाख्राहरू चर्न थालेपछि ऊचाँहि रूखमा चढ्थ्यो र अरूलाई झुक्याउने कुरा सोचिरहन्थ्यो।



वनको छेउमा खेतको फाँट थियो । फाँटमा गाउँलेहरू काम गरिरहेका हुन्थे । गाउँलेहरू बीचबीचमा गीत पनि गाउँथे ।

एक दिन कालुले गाउँलेहरूलाई झुक्याउने विचार गऱ्यो । अरूलाई झुक्याउन पाउँदा कालु रमाउँथ्यो । त्यसैले कालु रूखमा चढेर बेस्सरी चिच्यायो– "गुहार ! गुहार ! लौन बाघ आयो । बाघले सबै भेडा–बाख्रा खान लाग्यो ।"

खेतमा काम गर्ने गाउँलेले कालुले चिच्याएको सुने । उनीहरूले कालुलाई साँच्चै आपत पऱ्यो भन्ने ठाने । गाउँलेहरू दगुर्दै वनमा आए, तर त्यहाँ बाघ आएकै थिएन । कालु रूखमाथि बसेर हाँसिरहेको थियो । भेडा–बाख्रा मजाले चर्दै थिए ।

कालुले झूटो बोलेको रहेछ । गाउँलेहरू ऊसँग रिसाए । गाउँलेहरूले कालुलाई झपार्दै भने– "धत् ! यस्तो झूटो पनि बोल्ने हो ? अबदेखि यस्तो नगर्नू ।"

गाउँलेहरू खेतमै फर्किएर काममा लागे। भोलिपल्ट पनि कालुले त्यस्तै झूटो बोल्यो। अघिल्लो दिनको जस्तै गरी रूखमा बसेर ऊ चिच्यायो– "गुहार ! गुहार ! लौन बाघ आयो। बाघले सबै भेडा–बाख्रा खान लाग्यो।"

त्यस दिन पनि गाउँलेहरू वनमा आए। कालु हाँसी नै रहेको थियो। भेडा–बाख्राहरू उसरी नै चरिरहेका थिए। गाउँलेहरू उसलाई गाली गरेर फेरि खेतमा फर्के।

यसरी कालु सधैं झूटो बोल्थ्यो। ऊ सधैं रूखमा चढेर बाघ आयो भनेर चिच्याउँथ्यो। गाउँलेहरूले गएर हेर्दा बाघ आएको भने कहिल्यै हुँदैनथ्यो। यसले गर्दा गाउँलेहरूले उसको कुरा पत्याउन नै छोडिसकेका थिए। उनीहरू कुरा गर्थे– "कालु त कस्तो बदमास भएछ। ऊ सधैं झूटो बोल्छ र हामीलाई सित्तैमा दुःख दिन्छ।"

यति हुँदा पनि कालुको झूटो बोल्ने बानी गएन । ऊ सधैं यसरी नै चिच्याइरहन्थ्यो । अब गाउँलेहरूले उसको कुरा सुनेको नसुन्यै गर्न थाले । उनीहरूले ऊ जति नै कराए पनि वास्ता गर्न छाडिदिए ।

एक दिन त वनमा साँच्चै नै बाघ आयो । बाघले धमाधम भेडा–बाख्रा खान थाल्यो । कालु

आत्तियो र झटपट रूखमा चढेर बेस्सरी चिच्यायो, "गुहार ! गुहार ! लौन बाघ आयो । बाघले सबै भेडा–बाख्रा खान लाग्यो ।"

गाउँलेहरूले कालुको कुरा पत्याएनन् । उनीहरूले यसपालि पनि झूटो नै बोलेको हो भन्ने ठाने । त्यसैले उनीहरू उसको कुरा सुनेको नसुन्यै गरी खेतमा काम गरिरहे । कालुलाई मद्दत गर्न त्यहाँ कोही पनि आएन ।

कालु एकोहोरो चिच्याई मात्र रह्यो । ऊ केही नलागी क्वाँक्वाँ रुन पनि थाल्यो । तर गाँउँलेहरूले कालु रोएको पनि स्वाङ पारेको हो भन्ने ठाने । आखिर कालु एक्लो पऱ्यो र लुक्यो । उसको आँखा सामुन्नेमै बाघले उसका सबै भेडा–बाख्रा खाइदियो । उसले रोएर टुलु-टुलु हेरिरह्यो ।

बेलुका कालु रुँदै–रुँदै घर फर्क्यो । ऊ कसैसित बोल्न पनि सकेन । उसका आँखा राता भएर सुन्निएका थिए । मनमनै ऊ आफूले झूटो बोलेकोमा पछुताइरहेको थियो ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) थाल्यो, चढ्थ्यो, झुक्याउन, चिच्याउन, साँच्चै, परयो, आपत्, दगुर्दै, झपार्दै, कस्तो, आत्तियो, पत्याउनु, मद्दत, स्वाद ।

(ख) कालु भेडा-बाख्रालाई वनमा छाडिदिन्थ्यो । उनीहरूले कालुलाई साँच्चै आपत् परयो भन्ने ठाने ।

२. पढ र कुरा बुझ

गुहार, बाघ आयो । गाउँलेहरूले उसको कुरा पत्याउन छोडे । यसले हामीलाई सित्तैमा दुःख दिन्छ । उनीहरूले वास्ता गर्न छोडे । आखिर कालु एक्लै परयो ।

३. मुखैले जवाफ देऊ

(क) कालु के कामका लागि वनमा जान्थ्यो ?

(ख) कालु वनमा गएर के कुरा सोचिरहन्थ्यो ?

(ग) कालुले गाउँलेहरूलाई कसरी झुक्यायो ?

(घ) गाउँलेहरूले कालुलाई के भनेर झपारे ?

(ङ) गाउँलेहरूले किन कालुको कुरा पत्याउन छोडे ?

(च) साँच्चिकै बाघ आएको दिन कालुले किन मद्दत पाएन ?

(छ) बाघ आएपछि कालुले के–के गरचो ?

(ज) बेलुका घर फर्किंदा कालुलाई के–कसो भयो ?

४. ठीक–बेठीक छुट्याऊ

(क) कालु गाई चराउन जान्थ्यो ।

(ख) वनको छेउमा खोला थियो ।

(ग) कालु रूखमाथि चढेर बाघ आयो भनी चिच्याउँथ्यो ।

(घ) कालु सधैं साँचो कुरा बोल्थ्यो ।

(ङ) बाघले सबै नै भेडा–बाख्रा खाइदियो ।

(च) कालुले हाँसी–हाँसी बाघले भेडा–बाख्रा खाएको हेरिरहथो ।

५. नमुनामा मिलाए जस्तै तलका शब्दहरूलाई मिलाऊ

जस्तै:– गाउँमा थियो कालु नाम गरेको एउटा केटो ।

गाउँमा कालु नाम गरेको एउटा केटो थियो ।

(क) ऊ सधैं चराउन भेडा–बाख्रा जान्थ्यो ।

(ख) भेडा–बाख्रालाई वनमा कालु छोडिदिन्थ्यो ।

६. पाठ हेरी खाली ठाउँ भरी कापीमा सार

जस्तै:– कालु चिच्यायो – . . . ।

कालु चिच्यायो – "गुहार ! गुहार !"

(क) रूखमा बसेर कालु चिच्यायो – "लौन . . . ।"

(ख) गाउँलेहरूले कालुलाई झपार्दै भने – "धत् . . . ।"

७. मिल्दो शब्द छानी भर

जस्तै:– कालु रूखमाथि . . . हाँसिरहेको थियो । (बसेर, बस्ने)

कालु रूखमाथि बसेर हाँसिरहेको थियो ।

(क) कालुले गाउँलेहरूलाई . . . विचार गरचो । (झुक्याई, झुक्याउने)

(ख) गाउँलेहरूले कालुलाई . . . भने । (झपार्दै, झपार्छ)

(ग) गाउँलेहरू कालुलाई गाली . . . फर्के । (गर्नु, गरेर)

(घ) बाघले भेडा–बाख्रा . . . थाल्यो । (खाने, खान)

(ङ) कालु बाघले भेडा–बाख्रा खाएको देखेर . . . लाग्यो । (रुन, रोएर)

(च) कालु . . . पनि सकेन । (बोल्दै, बोल्न)

८. खाली ठाउँमा चाहिने शब्द राख

जस्तै:– म हाँसे । हामी हाँस्यौं ।

तँ हाँसिस् । तिमीहरू हाँस्यौ ।

हरि हाँस्यो । उषा हाँसी । उनीहरू हाँसे ।

(क) म घर फर्के । हामी घर . . . ।

तँ घर . . . । तिमीहरू घर . . . ।

हरि घर फर्क्यो । उषा घर . . . । उनीहरू घर . . . ।

(ख) मैले बाघ गर्जेको सुनें । . . . बाघ गर्जेको सुन्यौं ।

तैंले बाघ गर्जेको . . . । तिमीहरूले बाघ गर्जेको . . . ।

हरिले बाघ गर्जेको . . . । तिनीहरूले बाघ गर्जेको . . . ।

उषाले बाघ गर्जेको . . . ।

९. खाली ठाउँमा चाहिने शब्द छानेर राख

जस्तै:– बाघहरू . . . थिए । (गर्जिरहेको, गर्जिरहेका)
बाघहरू गर्जिरहेका थिए ।

(क) भेडाहरू . . . थिए । (चरिरहेको, चरिरहेका)

(ख) किसानहरू खेतमा काम . . . थिए । (गर्दा, गर्दै)

(ग) गाउँलेहरू कालुदेखि . . . थिए । (रिसाएको, रिसाएका)

(घ) कालु बाघदेखि . . . थियो । (डराएका, डराएको)

१०. पाठ हेरी सच्याएर कापीमा सार

मनमनै उ आफुले झुटो बोलेकोमा पछुताइ रहेका थियो ।

११. तलका खाली ठाउँका लागि मिल्दो शब्द छान

जस्तै:– ऊ केही नलागी क्वाँक्वाँ रुन पनि थाल्यो ।

(क) राम . . . रूखमा चढ्यो । (झटपट, सरर, सुइँय्य)

(ख) ऊ रुँदै . . . हेरिरहेको थियो । (टुलुटुलु, सुरुसुरु, खुरुखुरु)

(ग) कालु . . . घर फर्क्यो । (लुरुलुरु, धमाधम, रमरम)

(घ) बाघले . . . बाख्रा खान थाल्यो । (टुलुटुलु, लुरुलुरु, धमाधम)

१२. पढ र अर्थ बुझ

गुहार = मद्दत माग्दा भनिने शब्द	सित्तैं = त्यसै, व्यर्थै
बदमास = खराब, नजाती	वास्ता = चासो

१३. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई कक्षामा यो पाठ छोटकरीमा मुखैले भन्न लगाउने ।

(ख) झूटो बोल्नाले हुने नोक्सानीबारे शिक्षकले विद्यार्थीहरूका बीच कक्षामा छलफल गराउने ।

(ग) साँचो बोल्नेमा नाम चलेका व्यक्तिहरूको कथा शिक्षकले विद्यार्थीहरूलाई सुनाउने ।

(घ) शिक्षकले विद्यार्थीहरूलाई वनमा पाइने कुनै दश जनावरको नाम भन्न र लेख्न लगाउने ।

हाम्रो शहरबजार–१

कुनै मानिस गाउँमा बस्छन् । कुनै मानिस शहरमा बस्छन् । हाम्रो देश नेपाल गाउँ र शहर मिलेर बनेको छ । हाम्रो देशमा गाउँहरू धेरै छन्, शहरहरू थोरै छन् । पहिलेभन्दा अहिले शहरको सङ्ख्या बढ्दैछ ।

गाउँमा साना-साना पसल हुन्छन् । यी साना-साना पसलमा सामानको किनबेच हुन्छ । तर यस्ता पसलमा गाउँलेलाई चाहिने सबै सामान हुँदैनन् । खास-खास सामानको किनबेच गर्न अलि ठूलो बजारमा जानुपर्छ ।

गाउँका मानिसलाई खाँचो पर्ने सामानहरू शहरबजारबाट किनेर ल्याइन्छन् । यसरी

शहरबजारबाट गाउँमा ल्याइने सामानहरू नून, मट्टीतेल, लुगा, कपडा, मसला आदि हुन् ।

गाउँका बेपारीले गाउँघरमा पाइने सामानहरू किनी शहरबजारमा बेच्न पनि लैजान्छन् । ती सामानहरू अन्नपात, फलफूल, तरकारी, घिउ आदि हुन् । उनीहरूले आफ्ना पसलका निम्ति चाहिने सामान शहरबजारबाटै किनेर ल्याउँछन् ।

नेपालका केही जिल्लाहरूमा कुनै खास बार र पर्वमा हाटबजार लाग्ने चलन पनि छ । त्यस हाटबजारमा सामानको किनबेच र साटासाट पनि हुन्छ ।

धेरै नै पसलघरहरू भएको ठाउँलाई बजार भन्दछन् । हामीलाई किसिम-किसिमका सामान किनमेल गर्न बजार चाहिन्छ । बजारमा थरी-थरीका सामान बेच्ने र किन्ने पसलहरू हुन्छन् । बजारमा गई हामी आफूलाई चाहिने सामान किन्छौं । त्यहाँ हामी आफूलाई बढी भएका सामान पनि

बेच्दछौं । निकै मानिसहरूको आवतजावत भइ-रहने ठाउँमा नै बजार बस्छ । बजारले आफ्ना वरपरका धेरै गाउँहरूलाई मालसामान किनबेच गर्न मद्दत पुऱ्याउँछ ।

बजार बढ्दै र फैलिंदै गएपछि शहर बन्दछ । हामी शहरलाई नगर पनि भन्दछौं । शहरमा धेरै

पसलहरू हुन्छन् । शहरमा खानेकुरा र लुगा कपडाका साथै अरू धेरै कुराको किनबेच हुन्छ ।

शहर बन्ने धेरै कारणहरू छन् । बाटोघाटोको सुविधा भएको ठाउँमा बिस्तारै बजार बस्न थाल्छ । अझ मोटरको बाटो र हवाईजहाजको बाटो खुलेपछि त्यो बजार बढ्दै गई शहर बन्दछ । पढाइ हुने विद्यालयहरू खुल्दा पनि बजार बढ्छ । अझ माथिल्लो तहको पढाइ हुने क्याम्पस खुलेमा झन् बजार बढ्छ । यसबाट पनि शहर बन्न थाल्छ । कपडा, चिनी वा अरू सामान बनाउने कल-कारखाना खुलेपछि त्यस ठाउँमा मानिसहरूको बसोबास अझ बढ्छ । त्यहाँ कामधन्दा बढ्छ । यसबाट पनि शहर बन्दछ । देवीदेवताहरूको मन्दिर भएको ठाउँमा पूजाआजा गर्न धेरै मान्छे-हरू आइरहन्छन् । यस्तो ठाउँ पनि बिस्तारै-बिस्तारै शहर बन्न सक्छ । गाउँहरूभन्दा शहरको बस्ती बाक्लो हुन्छ ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) बस्छन्, बढ्दै, हुन्छन्, थाप्ने, बेच्दछौं, माथिल्लो, भन्दछौं, जिल्ला, क्याम्पस ।

(ख) शहर बन्ने धेरै कारणहरू छन् । हामी शहरलाई नगर पनि भन्दछौं ।

२. पढ र कुरा बुझ

गाउँ र शहर मिली हाम्रो देश बनेको छ । धेरै नै पसलघरहरू भएको ठाउँलाई बजार भन्दछन् । बजार बढ्दै र फैलिदै गएपछि शहर बन्दछ ।

३. मुखैले जवाफ देऊ

(क) हाम्रो देश नेपाल के–के मिलेर बनेको छ ?

(ख) हाटबजार कहिले–कहिले लाग्छ ?

(ग) बजार केलाई भन्दछन् ?

(घ) शहरमा के–के कुराको किनबेच हुन्छ ?

(ङ) शहर कसरी बन्दछ ?

(च) शहरमा के–के सामान बनाउने कारखाना हुन्छन् ?

(छ) गाउँका मानिसलाई चाहिने खास–खास सामान किन्न कहाँ जानुपर्छ ?

(ज) धेरै मान्छे मन्दिरमा किन जान्छन् ?

(झ) शहरबजारबाट गाउँमा ल्याइने मुख्य मालसामानहरू के–के हुन् ?

४. खाली ठाउँमा मिल्ने शब्द भर

(क) गाउँ सानो हुन्छ । शहर . . . हुन्छ ।

(ख) गाउँमा थोरै कुराको किनबेच हुन्छ । शहरमा . . . कुराको किनबेच हुन्छ ।

(ग) पहिले शहर थोरै थिए । . . . शहर धेरै छन् ।

(घ) गाउँमा पातलो बस्ती हुन्छ । शहरमा . . . बस्ती हुन्छ ।

५. मिल्दो शब्द हाली खाली ठाउँ भर

(क) कुनै मानिस गाउँमा बस्छन् । कुनै मानिस शहरमा . . . ।
(ख) गाउँमा स–साना पसल हुन्छन् । शहरमा ठूलठूला पसल . . . ।
(ग) गाउँलेहरू फलफूल, तरकारी, अन्नपात, घिउ बजारमा लगेर . . . ।
(घ) गाउँलेहरू खासखास सामान बजारबाट किनेर . . . ।

६. खाली ठाउँमा ठीक शब्द छानी लेख

जस्तै:– गाउँमा स–साना पसल . . . । (हुन्छन्, हुन्छ)
गाउँमा स–साना पसल हुन्छन् ।
गाउँमा ठूला–ठूला पसल . . . । (हुँदैन, हुँदैनन्)
गाउँमा ठूला–ठूला पसल हुँदैनन् ।

(क) फलामबाट भाँडाकुँडाहरू . . . । (बन्छन्, बन्छ)
धागोबाट भाँडाकुँडाहरू . . . . . । (बन्दैनन्, बन्दैन)
(ख) मान्छेहरू घरमा . . . । बस्छ, बस्छन्)
मान्छेहरू वनमा . . . । (बस्दैन, बस्दैनन्)
(ग) चराहरू आकाशमा . . . । (उड्छन्, उड्छ)
गाईवस्तुहरू आकाशमा . . . । (उड्दैन, उड्दैनन्)
(घ) विद्यार्थीहरू पुस्तक . . . । (पढ्छ, पढ्छन्)
मूर्खहरू पुस्तक . . . । (पढ्दैन, पढ्दैनन्)

७. खाली ठाउँमा चाहिने शब्द राख

जस्तै:– म पढ्दैछु । हामी पढ्दैछौं ।
तँ पढ्दैछस् । तिमीहरू पढ्दैछौ ।
गोविन्द पढ्दैछ । गीता पढ्दैछे । उनीहरू पढ्दैछन् ।

(क) म खेल्दैछु । . . . खेल्दैछौं ।
तँ . . . । तिमीहरू खेल्दैछौ ।
गोविन्द खेल्दैछ । गीता . . . । उनीहरू . . . ।

(ख) म विद्यालय जाँदैछु । . . . जाँदैछौं ।
...विद्यालय जाँदैछस् । तिमीहरू विद्यालय . . . ।
गीता विद्यालय जाँदैछे । गोविन्द विद्यालय . . . । . . . विद्यालय जाँदैछन् ।

८. तलका दुई शब्दका सट्टा एउटै शब्द लेख

जस्तै:– नून र तेल = नूनतेल
देवी र देवता = देवीदेवता

(क) शहर र बजार
(ख) माल र सामान
(ग) केटा र केटी
(घ) किन र बेच
(ङ) दाजु र भाउजू
(च) वर र पर
(छ) बाबु र छोरा
(ज) आमा र छोरी

९. पढ र शब्दको अर्थ बुझ

खाँचो पर्नु = चाहिनु, नभई नहुनु
साटासाट = साटफेर, फेरबदल
नगर = शहर
क्याम्पस = माथिल्लो तहको पढाइ हुने विद्यालय, ठूलो विद्यालय

१०. अन्य क्रियाकलाप

(क) तिम्रो घरमा शहरबजारबाट के–के सामान किनेर ल्याइन्छन्, लेख र सूची बनाऊ ।
(ख) तिम्रो घर वा विद्यालय नजिक रहेका पसलहरूमा बेच्न राखिएका दश-वटा सामानहरूको नाम लेख ।
(ग) शिक्षकले बजारबाट हुने सुविधाहरूबारे कक्षामा विद्यार्थीहरूका बीच छलफल गराउने ।

हाम्रो शहरबजार–२

शहरबजारमा बाक्लो बसोबास हुन्छ। त्यहाँ थोरै ठाउँमा धेरै मान्छे बसोबास गर्दछन्। शहरमा लहर मिलेका ठूला-ठूला धेरै घरहरू हुन्छन्। शहरमा धेरैतिर जाने फराक बाटाहरू हुन्छन्। ती बाटाका छेउमा ठूला पसल पनि हुन्छन्। त्यहाँ धेरै किसिमका सामान पाइन्छन्। त्यहाँ खाजा र खानाखाने पसलहरू पनि हुन्छन्। त्यहाँ थरी-थरीका लुगाकपडा, भाँडाकुँडा, खाने सामान र ठूला-ठूला मेशीन र औजारहरूको किनबेच पनि हुन्छ। त्यहाँ कापी, कलम र पुस्तकका पसल पनि हुन्छन्। शहरबजारमा मानिसको घुइँचो हुन्छ, चहलपहल हुन्छ। शहरमा निक्कै होटल-हरू पनि खुलेका हुन्छन्।

शहरमा मानिसहरूको आवतजावत भइ-रहन्छ । शहरका बाटाहरूमा साइकल, मोटर र बसहरू आइरहन्छन्, गइरहन्छन् । मानिसहरू छेउ लागेर बाटाका पेटीबाट हिंड्छन् । राती झिली-मिली बत्ती बल्दछ । शहर रमाइलो हुन्छ ।



शहरमा मानिसहरूलाई धेरै कुराको सुविधा हुन्छ । शहरमा थरी-थरीका काम हुन्छन् । त्यसैले

शहरमा मानिसले बढी काम पाउँछन् । यहाँका धेरै मानिसहरू बेपार, जागिर र मजदुरीको काममा लाग्दछन् ।

शहरमा लेखपढ गर्न विद्यालय र क्याम्पस हुन्छन् । शहरमा बिसन्चो हुँदा औषधी गर्नको लागि अस्पताल हुन्छन् । त्यहाँ बिरामीलाई खुवाउने औषधी बेच्ने पसल पनि हुन्छन् ।

शहरमा मन बहलाउने ठाउँहरू धेरै हुन्छन् । शहरबजारमा नाचगान, खेल र सिनेमा पनि हेर्न पाइन्छ । शहरबजारमा साँझबिहान डुल्नका निम्ति राम्रा फूलबारी, बगैंचा र पार्क पनि हुन्छन् ।

हाम्रो देशका सबै जिल्लाहरूमा बजारहरू बढ्दैछन् । जिल्लाको मुख्य ठाउँ सदरमुकामहरूमा शहरबजारको सुविधा बढिरहेको छ । शहरहरूमा नगरपञ्चायतहरू हुन्छन् । नगरपञ्चायतले शहरको सरसफाइ र हेरविचार गर्दछ ।

हाम्रो देशमा धेरै शहरहरू छन् । विराटनगर, जनकपुर, वीरगंज, सिद्धार्थनगर, नेपालगंज आदि हाम्रा शहरहरू हुन् । तानसेन, पोखरा पनि ठूला-ठूला शहर नै हुन् । काठमाडौं उपत्यकामा काठमाडौं, ललितपुर र भक्तपुर तीनवटा शहरहरू छन् ।

काठमाडौं हाम्रो देशको सबभन्दा ठूलो शहर हो । यो हाम्रो राजधानी हो । यहाँ हाम्रो राजाको दरबार छ । यहाँ पशुपतिनाथको मन्दिर छ । यहाँ

एउटा सानो डाँडामाथि स्वयम्भूको स्तूप छ । काठमाडौंमा राम्रा-राम्रा धेरै मन्दिरहरू छन् । यहाँ अग्ला धरहरा र घण्टाघर पनि छन् ।

काठमाडौंमा धेरै मानिसहरू बस्छन् । यहाँ ठूला-ठूला घरहरू धेरै छन् । यहाँ ठूला-ठूला सडक र पसल धेरै छन् । यहाँ लेखपढ गर्ने, औषधी गर्ने र मन बहलाउने सुविधा निकै छ । यहाँ ठूला-ठूला धेरै कलकारखानाहरू छन् ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) गर्दछन्, रहन्छन्, हेर्न, डुल्न, बेपार, सिद्धार्थनगर, स्वयम्भू, स्तूप, भक्तपुर ।

(ख) शहरबजारमा साँझ-बिहान डुल्नका निम्ति राम्रा फूलबारी, बगैंचा र पार्क पनि हुन्छन् ।

२. पढ र कुरा बुझ

(क) शहरमा फराक बाटाहरू हुन्छन् ।

(ख) शहरबजारमा घुइँचो हुन्छ ।

(ग) शहरमा मन बहलाउने ठाउँ पनि धेरै हुन्छन् ।

(घ) काठमाडौं ठूलो शहर हो ।

३. मुखैले जवाफ देऊ

(क) शहरमा कस्ता किसिमका घर धेरै हुन्छन् ?

(ख) शहरका बजारमा कुन–कुन चीजबीजको किनबेच हुन्छ ?

(ग) शहर किन रमाइलो हुन्छ ?

(घ) नगरपञ्चायतले के के काम गर्छ ?

(ङ) शहरका धेरैजसो मान्छेले के–के काम गर्दछन् ?

(च) काठमाडौं उपत्यकाका तीनवटा शहरका नाम के–के हुन् ?

(छ) हाम्रो देशको सबभन्दा ठूलो शहर कुन हो ?

(ज) हाम्रो देशको राजधानी कुन शहरमा छ ?

४. खाली ठाउँमा मिल्ने शब्द भर

(क) शहरमा विद्यालय र क्याम्पस पनि हुन्छन् ।

(ख) शहरमा औषधी गर्ने अस्पताल ... हुन्छन् ।

(ग) शहरमा नाचगान र खेल ... हेर्न पाइन्छ ।

(घ) शहरमा ... र ... चल्छन् ।

५. तलका दुई समूहको जोडा मिलाऊ

अ	आ
अग्लो	बाटो
फराक	बत्ती
झिलीमिली	बस्ती
बाक्लो	डाँडो

६. तलका खाली ठाउँमा मिल्ने शब्द छानेर वाक्य पूरा गर

(क) शहरमा धेरैतिर फराकिला ... हुन्छन् ।

(बाटाहरू, गल्लीहरू, गोरेटाहरू)

(ख) शहरबजारमा ... घुइँचो हुन्छ ।

(गाईवस्तुको, मानिसको, जनावरको)

(ग) शहरमा...अस्पताल हुन्छ । (पढ्न, लेख्न, औषधी गर्न)

(घ) शहरहरूमा... पञ्चायत हुन्छन् । (गाउँ, नगर, जिल्ला)

(ङ) काठमाडौं उपत्यकामा काठमाडौं, ललितपुर र ... तीनवटा शहरहरू छन् । (नेपालगंज, जनकपुर, भक्तपुर)

(च) काठमाडौंमा ... को ठूलो मन्दिर छ ।

(रामजानकी, पशुपति, विन्ध्यवासिनी)

७. खाली ठाउँमा चाहिने शब्द राख

जस्तै:– म पढिरहन्छु । हामी पढिरहन्छौं ।
तँ पढिरहरन्छस् । तिमीहरू पढिरहन्छौ ।
निर्मल पढिरहन्छ । विमला पढिरहन्छे । उनीहरू पढिरहन्छन् ।

(क) म सुतिरहन्छु । हामी ... ।
तँ ... । ... सुतिरहन्छौ ।
निर्मल सुतिरहन्छ । विमला ... । ... सुतिरहन्छन् ।

(ख) म कविता लेखिरहन्छु । हामी कविता ... ।
... कविता लेखिरहन्छस् । ... कविता लेखिरहन्छौ ।
निर्मल कविता लेखिरहन्छ । विमला कविता ... । उनीहरू कविता ...

८. तलका खाली ठाउँका लागि मिल्दो शब्द छानेर राख

जस्तै:–शहरमा निकै ... हुन्छ । (चहलपहल, रहलपहल)
शहरमा निकै चहलपहल हुन्छ ।

(क) शहरमा राती ... बत्ती बल्छन् । (सुटुक्क, झिलीमिली, झिमिक्क)

(ख) वाग्मती नदी ... गरी बग्छ । (झिलीमिली, चुलबुल, कलकल)

(ग) बिहानै चराहरूको ... आवाज सुनिन्छ । (तिरिमिरी, चिरिबिरी, छुनुमुनु)

(घ) बादल फाटेपछि ... घाम लाग्यो । (झलमल्ल, अलमल्ल, असरल्ल)

९. तलका दुई शब्दका सट्टा एउटै शब्द लेख

जस्तै: मामाको घर = मामाघर

(क) घण्टाको घर (ख) हिमालको चुली

(ग) गाईको गोठ (घ) गाईको गोठालो

१०. तलका शब्दहरूको उल्टो अर्थ दिने शब्द लेख

जस्तै:- धनी = गरीब

(क) बाक्लो (ख) रमाइलो (ग) असल

(घ) धेरै (ङ) सुविधा (च) चढ्नु

(छ) ठूलो (ज) बढी (झ) अग्लो

११. (क) शहरबजारमा पाइने कुनै पाँच सुविधाहरूका नाम लेख ।

(ख) नेपालका कुनै आठ शहरहरूका नाम लेख ।

१२. पढ र अर्थ बुझ

सदरमुकाम = जिल्लाको मुख्य ठाउँ, जिल्लाको केन्द्र मानिएको ठाउँ

क्याम्पस = ठूलो विद्यालय, महाविद्यालय

१३.अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई विद्यालयको नजिकका कुनै देवता वा देवीको मन्दिरको बयान गर्न लगाउने ।

(ख) शिक्षकले विद्यार्थीहरूलाई तलका चित्र हेरी ती के हुन्, भन्न लगाउने ।



गाई



गाई हाम्रो पशुधन, गोठको शोभा गाई
गाई जस्तो अरू छैन गाउँघरलाई।
गाई पाल्ने देश हाम्रो गाईलाई मान्छ
वर्षैपिच्छे तिहारमा गाईको पूजा हुन्छ।

घाँसपात, कुँडो, पराल, भुस्सा यसले खान्छ
अरूभन्दा तागतिलो दूध यसले दिन्छ।
दूधबाट दही बन्छ, दहीबाट घिउ
दूध, दही, घिउ खाँदा राम्रो हुन्छ जीउ।

घर लिप्न, चोख्याउन गोबर यसले दिन्छ
खेतबारीमा हाल्ने मल गोबरबाट बन्छ ।
मर्दा-पर्दा, धर्म गर्दा गौदान गाईकै हुन्छ
गुइँठो पारेपछि गोबर बाल्न पनि हुन्छ ।

गाईका काम धेरै हुन्छन्, कामधेनु गाई
गाई आमा पनि भन्छौं हामी गाईलाई ।
हामी गाईको माया गर्छौं गाईका धेरै गुन
यो राष्ट्रिय जनावर नेपालको धन ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) राष्ट्रिय, वर्षैपिच्छे, चोख्याउन, पूजा गर्छौं ।
(ख) गाई हाम्रो पशुधन, गोठको शोभा गाई ।
(ग) घर लिप्न, चोख्याउन गोबर यसले दिन्छ ।

२. पढ र कुरा बुझ

गाई हाम्रो पशुधन हो । दूध, दही खाँदा जीउ राम्रो हुन्छ । गाई नेपालको राष्ट्रिय जनावर हो ।

३. मुखैले जवाफ देऊ

(क) गाईले के–के खान्छ ?

(ख) दूधबाट के–के कुरा बन्छन् ?

(ग) गाईको गोबरले के काम दिन्छ ?

(घ) के गरेपछि गोबर बाल्न हुन्छ ?

(ङ) तिहारमा हामी गाईलाई के गर्छौं ?

(च) किन गाईलाई पशुधन भनिन्छ ?

(छ) किन गाईलाई कामधेनु भनिन्छ ?

४. खाली ठाउँमा मिल्दा शब्द भर

(क) मैले गाई पालेको छु । हामीले गाई पालेका छौं ।
तैंले गाई पालेको. . . । तिमीहरूले गाई पालेका . . . ।
उसले गाई पालेको. . . । उनीहरूले गाई . . . छन् ।

(ख) मैले दूध खाएँ । हामीले दूध खायौं ।
तैंले दूध . . . । तिमीहरूले दूध . . . ।
उसले दूध . . . । उनीहरूले दूध . . . ।

५. तल नमुनामा दिए अनुसार शब्दहरू मिलाएर खाली ठाउँ भर

नमुना:– गोठको शोभा गाई हो । गाई गोठको शोभा हो ।

(क) गाई आमा पनि भन्छौं हामी गाईलाई ।
हामी गाईलाई. . . . .भन्छौं ।

६. तलका शब्दहरू राखी दुई–दुई वाक्य बनाऊ

जस्तै:– गोठ = गाईहरू गोठमा बस्छन् । गोठमा धेरै गाईहरू छन् ।

गोबर, दूध, दही

७. तलका खाली ठाउँमा मिल्दा अक्षर छानी भर

जस्तै:– गाई . . . दूध दिन्छ । (ले, लाई, बाट)
गाईले दूध दिन्छ ।

(क) गाई . . . दूध तागतिलो हुन्छ । (लाई, ले, को)

(ख) गाई गोठ ...बस्छ। (लाई, मा, देखि)

(ग) दूध ...दहो बन्छ। (को, बाट, मा)

(घ) गोठालाहरू गाई ...हेरचाह गर्दछन्। (को, सँग, देखि)

(ङ) गाई ...घाँस देऊ। (लाई, मा, को)

(च) गाई ...पराल खान्छ। (बाट, ले, लाई)

८. तलका खाली ठाउँमा जोडी मिल्दो शब्द राख

जस्तै:–गाई = गोरु

(क) भैंसी ... (ग) बधिनी ...

(ख) कुखुरी ... (घ) पाठो ...

९. गाई कविता भाका हालेर कण्ठ सुनाऊ।

१०. पढ र शब्दको अर्थ बुझ

पशुधन = गाईवस्तुको सम्पत्ति गौदान = गाईको दान

शोभा = राम्रोपना गुइँठो = सुकाइएको गोबरको चक्का

राष्ट्रिय= राष्ट्रको कामधेनु गाई = चिताएको कुरो दिने गाई

११. सामूहिक क्रियाकलाप

(अ) शिक्षकले कक्षामा विद्यार्थीहरूलाई गाईका कतिवटा खुट्टा, आँखा, नाक, पुच्छर र सिङ हुन्छन् भन्न लगाउने।

(आ) शिक्षकले गाईजस्तै चौपाया अरू दशवटा जनावरको नाम विद्यार्थीलाई भन्न लगाउने।

(इ) तल लेखिएका जनावरबाट के–के कुरा पाइन्छन् ? शिक्षकले विद्यार्थीहरूका बीच कक्षामा छलफल गराउने।

(क) भैंसी (ख) गोरु (ग) कुकुर (घ) बिरालो (ङ) कुखुरी

(ई) माथि दिइएका जनावरहरूले के–के कुरा खान्छन् ? शिक्षकले विद्यार्थीहरूका बीच छलफल गर्न लगाउने।

(उ) शिक्षकले श्यामपाटीमा गाईको चित्र र सो लेख्ने तरीका देखाई विद्यार्थी-हरूलाई गाईको चित्र लेख्न अभ्यास गराउने।

हाम्रा छिमेकी

मेरो नाउँ रमेश हो । म गाउँमा बस्छु । मेरा गाउँमा धेरै घरहरू छन् । मेरो घर गाउँको माझमा छ । मेरो घर वरिपरि अरूका घरहरू पनि छन् । गाउँमा मेरा धेरै साथीहरू छन् । मेरा साथीहरूका घरहरू मेरो घर वरपर छन् । कसैको घर अलि नजिक छ । कसैको घर अलि टाढा छ । हामी एक-अर्काका छिमेकी हौं ।

म रामको छिमेकी हुँ । म श्यामको पनि छिमेकी हुँ । म गीता र गोविन्दको पनि छिमेकी हुँ । यी सबै साथीहरू मेरा छिमेकी हुन् । म उनीहरूको छिमेकी हुँ । हामी सँगसँगै पढ्न जान्छौं । हामी सँगसँगै विद्यालयबाट घर फर्कन्छौं । हामी सँगसँगै गाउँको ठूलो चौरमा खेल्छौं ।

हामी सबैको पँधेरो एउटै हो । गाउँको मूल बाटो हामी सबैको हो । विद्यालय पनि हामी सबैको साझा हो । हाम्रो गाउँछेउको वनजंगल पनि हामी सबैको साझा हो ।

हाम्रा गाउँमा एक-अर्काको खेतबारीमा पालैपालो गरी काम सघाउने चलन छ । मेरा बा-आमाले अरूका काममा मद्दत गर्नुहुन्छ । अरूहरूले हाम्रा काममा मद्दत गर्दछन् । यसरी कामको साटो काम नै गरिदिने चलनलाई पर्म पनि भन्दछन् ।

छिमेकीबाट धेरै कुराको मद्दत हुन्छ । हाम्रो घरमा केही मालसामानको खाँचो पर्दा छिमेकी-हरूले पैंचो दिन्छन् । मेरा बा–आमाले पछि त्यो पैंचो फर्काउनुहुन्छ । हाम्रा छिमेकीहरूलाई पनि केही मालसामानको खाँचो पर्छ । त्यतिखेर बा–आमाले छिमेकीहरूलाई पनि आफूसँग भएको चीजबीज पैंचो दिनुहुन्छ । पछि उनीहरूले पनि त्यो पैंचो फर्काउँछन् ।

छिमेकीहरूले मालसामानबाहेक एक-अर्काको रुपियाँपैसाको खाँचो पनि टार्छन् । छिमेकीले एक-अर्कालाई रुपियाँपैसा सापटी दिन्छन् । पछि उनीहरूले त्यो सापटी तिर्छन् । छिमेकीहरूले एक-अर्कासँग मालसामानको साटासाट पनि गर्दछन् ।

कुनै छिमेकी बिरामी भएमा मेरा बा-आमा उनका घरमा जानुहुन्छ । म पनि उहाँहरूसँगै जान्छु । हाम्रा घरमा कोही बिरामी भएमा छिमेकीहरू आउँछन् । म बिरामी पर्दा मेरा साथीहरू पनि मलाई हेर्न आउँछन् । छिमेकीहरूले एक-अर्काको हेरविचार र स्याहारसुसार पनि गर्छन् ।

दशैं, तिहार जस्ता चाडपर्व र विवाह, व्रत-बन्ध जस्ता काजवारका बेलामा हाम्रा बा-आमा-हरू एक-अर्काको घरमा जानुहुन्छ । हामी पनि बा-आमासँगै साथीहरूका घर जान्छौं । त्यसबेला पनि हामी एक-अर्काको काममा सघाउ पुऱ्या-उँछौं ।

छिमेकीहरूले चाडपर्व र काजवारमा चीज-बीजको मद्दत पनि गर्दछन् । त्यतिखेर छिमेकी-हरू मिली भोज–भतेर खान्छन् । हामीहरू एक-अर्काको घरमा आउँदा-जाँदा त्यस घरमा बनेका मीठा-मीठा खानेकुरा बाँडेर खान्छौं । चाडपर्व र मेलामा हामी छिमेकीहरू मिली नाचगान पनि गछौं ।

हाम्रा छिमेकीहरू सबै मिली गाउँको बाटो र चौतारो बनाउँछन् । उनीहरू सबै जना मिली

पँधेराको मर्मत पनि गर्छन् । हाम्रो विद्यालय पनि उनीहरू सबै मिली बनाइएको हो ।

मेरो गाउँ रमाइलो छ । मेरा छिमेकीहरू असल छन् । मेरा साथीहरू असल छन् । हामी मिलीजुली बस्छौं । हामी मिलीजुली पढ्छौं । हामी मिलीजुली खेल्छौं । हामी मिलीजुली काम गर्छौं ।

मेरा मामा शहरमा बस्नुहुन्छ । उहाँको घर वरिपरि उहाँका पनि छिमेकीहरू छन् ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा लेख

(क) नाउँ, गाउँ, हुँ, जान्छौं, खाँचो, उहाँहरू, पँचो, पँधेरो, दशैं, आउँदा, विद्यालय, गर्नुपर्छ ।

(ख) हामी सँगसँगै पढ्न जान्छौं । हामी सँगसँगै विद्यालयबाट घर फर्किन्छौं ।

२. पढ र अर्थ बुझ

हामीहरू एक-अर्काका छिमेकी हौं । छिमेकीहरूले एक-अर्कालाई मद्दत गर्दछन् । मेरा छिमेकीहरू असल छन् । हामी मिलीजुली काम गर्छौं ।

३. मुखले जवाफ देऊ

१. छिमेकी भनेका को हुन् ?
२. छिमेक भनेको के हो ?
३. छिमेकीहरूले एक–अर्काको खाँचो कसरी टार्छन् ?
४. बिरामी हुँदा छिमेकीहरूले के–कस्तो मद्दत गर्दछन् ?
५. चाडपर्वका बेलामा छिमेकीहरूले आपसमा कसरी मद्दत गर्छन् ?
६. रमेशका बा-आमा के काम गर्दछन् ?
७. गाउँका कुन–कुन कुरा सबैका साझा हुन् ?

४. तलका खाली ठाउँमा ठीक शब्द छानेर राख

जस्तै:– श्याम र गोविन्द रमेशका छिमेकीहरू ...।(हो, हुन्, हौं)
श्याम र गोविन्द रमेशका छिमेकीहरू हुन् ।

(क) हामीहरू एक–अर्काका छिमेकीहरू ...। (हुँ, हौं, हुन्)
(ख) तिमी मेरा छिमेकी ...? (हौ, हुन्, हो)
(ग) ... छिमेकीहरू असल स्वभावका छन् । (मेरो, मेरा, मसित)
(घ) उनीहरू पनि तिम्रा छिमेकीहरू ...। (हुन्, हुँ, हो)
(ङ) म गीताको छिमेकी ...। (हो, हुँ, हुन्)
(च) छिमेकीहरू एउटै पँधेराको पानी ...। (खान्छन्, खान्छ, खान्छु)
(छ) बजारमा धेरै घरहरू ...। (छन्, छ, हुन्)
(ज) विद्यालय ... सम्पत्ति हो । (सबैका, सबैको, सबैलाई)
(झ) ... धेरै कुराको मद्दत मिल्छ । (छिमेकीबाट, छिमेकीले, छिमेकीसँग)

५. तल 'अ' र 'आ' का कुराहरूको जोडा मिलाऊ

अ	आ
(क) विद्यालय–	ढुङ्गा वा ईंट चिनेर बनाइएको रूखको शीतल छहारी पनि दिने ठाउँ ।
(ख) चौर –	पढ्ने ठाउँ ।
(ग) खेतबारी–	गाईवस्तु चर्ने र खेल खेल्ने ठाउँ ।
(घ) चौतारो –	पानी भर्ने र नुहाउने ठाउँ ।
(ङ) पँधेरो –	अन्न उब्जाउने ठाउँ ।

६. तल नमुनामा दिइए जस्तै एउटा शब्दबाट अर्को शब्द बनाऊ

जस्तै:– छिमेक = छिमेकी । नेपाल = नेपाली

(क) सहयोग . . . (ख) साथ . . .

(ग) गरीब . . . (घ) धन . . .

(ङ) थाल . . . (च) हिमाल . . .

७. तलका दुई थरी शब्दहरूको सुहाउँदो जोडा मिलाऊ

हरियो	पँधेरो
पानी भर्ने	पर्म
तिर्नुपर्ने	पाटी
मीठा–मीठा	मिठाई
बास बस्ने	वनजङ्गल

८. पढ र शब्दको अर्थ बुझ

पर्म = आपसमा एउटाले अर्कालाई पालैपालो सघाउने गरी गरिने काम

पैंचो = पछि फर्काउने गरी लिइने चीज

मर्मत = पुरानो र बिग्रन लागेको चीजलाई ठीक पार्ने काम

काजवार= बिहा, वर्तमन जस्तो कामकाज ।

९. अन्य क्रियाकलाप

(अ) शिक्षकले विद्यार्थीहरूलाई तलका कुराहरू सोधी मुखैले भन्न लगाउने-

(क) तिमी छिमेकीलाई के मद्दत गर्न सक्छौ ?

(ख) तिमी आफ्ना छिमेकीहरूबाट के कुराको मद्दत पाउँछौ ?

(आ) शिक्षकले विद्यार्थीहरूलाई छिमेकीहरूबीच आपसी सहयोगको महत्त्व बुझाउन छिमकीहरू मिली काम गरेको कुनै एक दृश्य देखाउने र उनीहरूमा आपसी सहयोगको भावना बढाउने खालको कुनै सामूहिक क्रियाकलाप गराउने ।

जस्तै - नाचगान, सरसफाइ, फूलबारीको काम ।

श्रवणकुमार

कुनै एक ठाउँमा एक जना केटा थिए। उनको नाम श्रवणकुमार थियो। उनी आफ्ना बाबुआमाका एउटै मात्र छोरा थिए। उनी निकै बलिया र फुर्तिला थिए।

श्रवणकुमारका बाबुआमा अन्धा थिए। उनीहरू बूढा पनि भइसकेका थिए। उनीहरू एक ठाउँबाट अर्का ठाउँमा आफैं हिंडडुल गर्न सक्दैनथे। तर श्रवणकुमार उनीहरूलाई डोरचाई हिडाउँथे र उनीहरूलाई नुहाइदिन्थे। उनी आफ्ना बा–आमाका पूजाका सामानहरू ठीक पारिदिन्थे। उनी आफैं भात पकाउँथे। उनी पहिले बाबुआमालाई खुवाउँथे अनि मात्र आफू खान्थे। त्यसपछि उनी फलफूल खोज्न वनतिर जान्थे। उनी कहिले-

काहीं भिक्षा मागेर पनि ल्याउँथे। उनी बाबु-आमालाई कुनै कुराको पनि दुःख नहोस् भन्ने ख्याल राख्थे। यसैले उनी रातदिन बाबुआमाका सेवामा लागिरहन्थे। छोराको यस्तो भक्ति देखेर उनका बाबुआमा असाध्य खुशी थिए।



एक दिनको कुरा हो। श्रवणकुमारका बाबु-आमालाई तीर्थ जान मन लागेछ। उनीहरूले आफ्नो मनको कुरा छोरालाई सुनाए। श्रवण-कुमार यो कुरा सुनेर झन् खुशी भए। उनले

बाबुआमाको झन् ठूलो सेवा गर्ने मौका पाए। भोलिपल्ट बाबुआमा दुवै जनालाई खर्पनमा दुईतिर बोकी उनी तीर्थ गर्न हिंडे।

बाटामा पानी पर्‍यो। खोलानालामा बाढी आयो। कहिले हुरी चल्थ्यो। कहिले असिना पर्थ्यो। तर श्रवणकुमार पटक्कै आत्तिएनन्। उनले आफ्ना बाबुआमाको सेवाटहल गरी नै रहे। यिनको यस्तो राम्रो काम देखेर अरू मानिसहरू पनि छक्क पर्थे।

बाबुआमाले जहाँ-जहाँ जान्छौं भने श्रवण-कुमारले उनीहरूलाई त्यहाँ-त्यहाँ लगे। उनले बाबुआमालाई ठाउँ-ठाउँको तीर्थ गराए, देवी-देवताको दर्शन पनि गराए। श्रवणकुमार बाबु-आमालाई ठाउँ-ठाउँको नाम भनिदिन्थे। उनी ती ठाउँहरूको बयान पनि गरिदिन्थे। उनका बाबुआमालाई आफ्नै आँखाले देखेको जस्तै हुन्थ्यो।

एक दिन उनीहरू एक तीर्थबाट अर्को तीर्थमा जाँदै थिए । वनको बाटो थियो । गर्मी पनि असाध्य थियो । श्रवणकुमारका बाबुआमालाई तिर्खा लाग्यो । उनीहरूले पानी खान खोजे, तर त्यहाँ नजिकै धारा, कुवा वा खोलो केही थिएन । बूढाबूढीले छोरालाई दुःख होला भनी केही भनेनन्, तर श्रवणकुमारले त्यो कुरा थाहा पाइहाले । उनले भने–"हजूरहरू एकछिन आराम गर्नुहोस् । म तुरुन्तै पानी खोजेर ल्याउँछु ।"

यसपछि श्रवणकुमारले बाबुआमालाई एउटा ठूलो वरको रूखको छहारीमा बसाले । उनी आफूचाहिं कमण्डलु लिएर पानी खोज्न हिंडे । त्यस जंगलमा पानी कतै भेटिएन । पानी खोज्दै श्रवणकुमार यताबाट उता दौडे । बल्लबल्ल एक ठाउँमा तलाउ देखियो । उनी झटपट त्यहाँ पुगे । उनले कमण्डलु तलाउमा डुबाए । यत्तिकैमा एक जना शिकारीले पर जंगलबाट बाण हाने ।

त्यो बाण आएर श्रवणकुमारलाई लाग्यो। विचरा त्यही तलाउका छेउमा पछारिए।

त्यो बाण एक जना शिकारीले हानेका थिए। तिनले मृग ठानेर हानेको बाण श्रवणकुमारलाई लाग्न पुग्यो। तलाउमा पुगेपछि मात्र उनलाई साँचो कुरा थाहा भयो। ती शिकारी अयोध्याका राजा दशरथ थिए। श्रवणकुमारलाई बाण लागेको देखेर राजा दशरथले सारै दुःख माने।

उता श्रवणकुमार तलाउको किनारमा छटपटाइरहेका थिए। उनको कोखामा बाण गाडिएको थियो। उनी चिच्याइरहेका थिए– "लौन बा, लौन आमा! म मरें।" दशरथ दौडँदै गए। उनले श्रवणकुमारको शरीरबाट बाण झिकिदिए। दशरथले श्रवणकुमारको टाउको आफ्नो काखमा राखे। उनले श्रवणकुमारका शरीरमा पानी पनि छर्किदिए। दशरथले श्रवणकुमारसँग माफी मागे। श्रवण-

कुमारले छटपटाउँदै भने– "भैगो यी सबै कुरा अहिले मसँग नगर । बरु मेरा बा-आमा अलि पर वरको रूखमुनि तिर्खाले छटपटाइरहेको हुनु होला। झट्टै त्यहाँ गएर उहाँहरूलाई पानी खुवाऊ, जाऊ गइहाल झट्टै।" यसपछि उनी बोल्न सकेनन् । बाबु-आमालाई संझँदै केही बेरपछि उनको सास पनि गइहाल्यो । दशरथ झन् आत्तिए । उनी त्यही कमण्डलुमा पानी लिई श्रवणकुमारका बाबुआमा भएतिर हस्याङफस्याङ गर्दै दौडिए ।

श्रवणकुमारका बाबुआमा छोराको बाटो हेरिरहेका थिए। तिर्खाले उनीहरूका ओठ र घाँटी सुकिसकेका थिए। यत्तिकैमा दशरथ पानी लिएर त्यहीं पुगे। उनले नजिकै गएर भने– "पानी ल्याएको छु, खानुहोस्।" तर यो आवाज श्रवणकुमारको होइन भन्ने उनीहरूलाई लाग्यो। उनीहरूले सोधे– "तपाईं को हो? खोइ हाम्रा छोरा?"

दशरथले भने– "पहिले पानी खानुहोस्। तपाईंहरूलाई धेरै तिर्खा लागेको छ। अनि म सबै कुरा भन्नेछु।" तर बूढाबूढीले मानेनन्। उनीहरूले भने– "पहिले सबै कुरा भन्नुहोस्। अनि मात्र पानी खान्छौं।"

दशरथलाई साँचो कुरा सुनाउन करै लाग्यो। आफ्नो भूलले गर्दा श्रवणकुमार मरेको कुरा उनले सुनाए। बूढाबूढी अलापविलाप गर्दै रुन थाले। दशरथले उनीहरूलाई धेरै किसिमले

सम्झाए । उनले आफ्नो राज्यमा लगी उनीहरू-लाई आफ्ना आमाबाबु जस्तै गरी पाल्छु पनि भने, तर दयालु राजा दशरथको केही लागेन । आखिर श्रवणकुमारका ज्यादै वृद्ध बाबुआमा पनि छोराको पीरले छट्पटाई-छट्पटाई त्यहीं मरि-हाले । यस घटनाले दयालु राजा दशरथलाई ठूलो चोट पऱ्यो ।

धन्य हुन् यी श्रवणकुमार । उनले बाबु-आमाको सेवामा आफ्नो ज्यान पनि दिए । यसैले बाबुआमाको सेवा गर्नेमा उनको नाम ठूलो छ ।

अभ्यास

१. पढ र रान्ना अक्षरमा सार

(क) आ–आफ्ना, वल्लो, पल्लो, ढोग्थे, डटिरहन्थे, भक्ति, आत्तिएनन्, बल्लतल्ल ।

(ख) श्रवणकुमारका बाबुआमा अन्धा थिए । उनीहरू हिंडडुल गर्न सक्दैनथे । श्रवणकुमार उनीहरूलाई डोरघाई-डोरघाई हिंडाउथे ।

२. पढ र कुरा बुझ

(क) छोराको यस्तो भक्ति देखेर उनका बाबुआमा असाध्यै खुशी थिए ।

(ख) श्रवणकुमारका बाबुआमालाई तीर्थ जान मन लागेछ ।

(ग) बूढाबूढी अलापविलाप गर्दै रुन थाले ।

(घ) तिर्खाले उनका ओठ र घाँटी सुकिसकेका थिए ।

(ङ) उनले बाबुआमाका सेवामा आफ्नो ज्यान पनि दिए ।

३. मुखैले जवाफ देऊ

(क) श्रवणकुमारका बाबुआमा कस्ता थिए ?

(ख) श्रवणकुमार आफ्ना बाबुआमाको कसरी सेवा गर्थे ?

(ग) श्रवणकुमारका बाबुआमा उनीदेखि किन खुशी थिए ?

(घ) श्रवणकुमारले आफ्ना अन्धा बाबुआमालाई कसरी तीर्थ डुलाए ?

(ङ) श्रवणकुमारदेखि अरू मानिसहरू किन छक्क पर्थे ?

(च) श्रवणकुमार किन पानी खोज्न हिंडे ?

(छ) श्रवणकुमार किन तलाउको छेउमा पछारिए ?

(ज) दशरथले ल्याएको पानी बूढाबूढीले किन खाएनन् ?

(झ) राजा दशरथले किन दुःख माने ?

(ञ) राजा दशरथले श्रवणकुमारका बाबुआमालाई के भनेर सम्झाए ?

४. कसले भनेको हो ? कोठाभित्रका शब्दहरूबाट मिल्दोचाहिं छान

(क) म तुरुन्तै पानी खोजेर ल्याउँछु । (दशरथले , श्रवणकुमारले)

(ख) पानी ल्याएको छु, खानुहोस् । (श्रवणकुमारले , दशरथले)

५. नमुनामा देखाए अनुसार मिल्दो शब्द हाली खाली ठाउँ भर

जस्तै:– श्रवणकुमार . . . आत्तिएनन् (चटक्कै, पटक्कै, भुतुक्कै)

श्रवणकुमार पटक्कै आत्तिएनन् ।

(क) श्रवणकुमारको राम्रो काम देखेर अरू मानिस . . . पर्थे । (छक्क, टक्क, पक्क) ।

(ख) उनी . . . गर्दै त्यहाँ पुगे । (हडबड, लटपट, फडफड)

(ग) तिमी . . . गइहाल । (चट्टै, झट्टै, छुट्टै)

(घ) दशरथ . . . गर्दै दौडे । (खस्याङमस्याङ, लस्याङलुसुङ, हस्याङफस्याङ)

६. पाठ हेरी तलका खाली ठाउँमा मिल्दो शब्द छानेर लेख

जस्तै:– श्रवणकुमारका बाबुआमा आँखा . . .।(देख्थ्यो, देख्दैनथे, देख्दैनथ्यो)
श्रवणकुमारका बाबुआमा आँखा देख्दैनथे।

(क) श्रवणकुमार फलफूल खोज्न वनतिर . . .। (जान्थे, जादैनथे, गयो)

(ख) श्रवणकुमार बाबुआमाले खाएपछि मात्र . . .। (खान्थे, खाएको थिए, खाइन्)

(ग) श्रवणकुमार बाबुआमालाई . . .। (नुहाए, नुहाइदिन्थे, नुहाउँदैनथ्यो)

(घ) श्रवणकुमार एक तीर्थबाट अर्को तीर्थ . . . थिए । (गएको, जाने, जाँदै) ।

(ङ) श्रवणकुमार जङ्गलमा पानी . . . थिए। (खोज्दै, खोज्ने, खोजेको)

७. तलका धेरै शब्दका सट्टा एउटा मिल्दो शब्द लेख

जस्तै:– दुवै आँखा नदेख्ने=अन्धो

(क) एउटा आँखा नदेख्ने

(ख) कान नसुन्ने

(ग) बोल्न नसक्ने

(घ) खुट्टा खोच्याएर हिंड्ने

८. पढ र अर्थ बुझ

भिक्षा=भीख

लखतरान=साह्रै थाकेको

तीर्थ=देउदेउता भएको ठाउँ, पवित्र ठाउँ

सिकारी=सिकार खेल्ने मानिस

ज्यान=शरीर, जीउ

९. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई श्रवणकुमारको कथा छोटकरीमा मुखैले भन्न लगाउने ।

(ख) शिक्षकले विद्यार्थीहरूलाई तिमीहरू आफ्ना बाबुआमालाई खुशी गराउन के–के काम गर्छौं भनी सोधी छलफल गराउने ।

(ग) शिक्षकले बाबुआमाको भक्तिको महत्त्वबारे कक्षामा छलफल गराउने ।

हाम्रो विद्यालय

यो हाम्रो विद्यालय हो । हामी पढ्न विद्यालय जान्छौं । विद्यालय भनेको पढ्ने र पढाउने घर हो । हरेक विद्यालयका आफ्ना–आफ्ना नाउँ हुन्छन् । हाम्रो विद्यालयको नाम जनता प्राथमिक विद्यालय हो ।

हाम्रो विद्यालय रमाइलो छ । हाम्रो विद्यालयमा सानो फूलबारी पनि छ । हाम्रो विद्यालय सफासुग्घर छ । हाम्रो विद्यालयमा आठ कोठा छन् । विद्यालयका पाँच कोठामा पढाइ हुन्छ । ती कोठाहरू कक्षाकोठा हुन् । एउटा कोठामा धेरै किताबहरू राखेको पुस्तकालय छ । अर्को एउटा कोठामा गुरुहरू बस्नुहुन्छ । अर्को एउटा कोठामा विद्यालयको कार्यालय छ ।

हाम्रो विद्यालयमा पाँच कक्षासम्म पढाइ हुन्छ । केही केटाकेटीहरू कक्षा एकमा पढ्दछन् । ती केटाकेटी हामीभन्दा साना छन् । केही केटाकेटी हामीभन्दा ठूला छन् । ती केटाकेटी कक्षा तीन, चार र पाँचमा पढ्छन् । हामी कक्षा दुईमा पढ्छौं ।

हाम्रो विद्यालयका सबै कक्षामा एउटा–एउटा कालो पाटी छ । कक्षामा बेन्चहरू पनि छन् । ती बेन्चमा हामी बस्छौं । कक्षामा पुस्तकहरू राख्ने र

लेख्ने डेस्कहरू छन् । हामी डेस्कमा पुस्तक, कापी र कलम राख्छौं । कक्षामा एउटा मेच छ र एउटा टेबुल पनि छ । ती मेच र टेबुलहरू गुरु र गुरु-आमाहरूका निम्ति हुन् । हाम्रा गुरु र गुरुआमा कक्षामा आई हामीलाई पढाउनुहुन्छ । उहाँहरू बेलाबेलामा कालो पाटीमा चकले लेख्नुहुन्छ । उहाँहरूले त्यहाँ लेखेको कुरा हामीलाई पढ्न र सार्न लगाउनुहुन्छ । कहिले हामी एक स्वरमा लय हालेर पढ्छौं, कहिले हामी कापीमा लेख्छौं ।

हामी विद्यालयमा नेपाली, सामाजिक र गणित पढ्छौं । हामी स्वास्थ्य र शारीरिक शिक्षा पनि सिक्छौं । हामी चित्र पनि लेख्छौं । गुरु र गुरुआमाले पढाएको कुरा हामी राम्ररी सुन्छौं । हामी आफूले नबुझेका कुराहरू उहाँहरूलाई सोध्छौं । उहाँहरूले हामीलाई धेरै कुरा सिकाउनु-हुन्छ । हामी सधैं नयाँ–नयाँ कुरा सिक्छौं ।

हाम्रो विद्यालय अगाडि सानो चौर छ । दिउँसोको छुट्टीमा हामी एक छिन खाजा खान्छौं र केहीबेर चौरमा खेल्छौं । कहिले हामी भकुण्डो खेल्छौं । कहिले हामी लुकामारी खेल्छौं । कहिले हामी कपर्दी खेल्छौं, कहिले हामी भेडीगाँठो जस्ता खेलहरू पनि खेल्छौं । कहिले हामी मनपर्ने अरू नै खेलहरू खेल्छौं । खेल्दा रमाइलो हुन्छ । खेलले हाम्रो शरीरलाई बलियो र फुर्तिलो बनाउँछ । त्यसपछि हामी कक्षामा फर्कन्छौं र फेरि पढ्छौं । दिनभरको पढाइ सकिएपछि बिदा हुन्छ । बिदा भएपछि हामी घर आउँछौं ।

हामी दिनहुँ विद्यालय जान्छौं । हामी सफा-सुग्घर भएर विद्यालय जान्छौं । हामी सबै मिली विद्यालयलाई सफा–सुग्घर राख्छौं । हामी जथाभावी फोहर-मैला गर्दैनौं । हामी दिसा-पिसाब गर्ने ठाउँमा नै दिसा-पिसाब गर्छौं । सफा-सुग्घर भए गुरु र गुरुआमाहरू झन् खुशी हुनुहुन्छ ।

उहाँहरू हामीलाई स्याबासी दिनुहुन्छ । शुक्रबार विद्यालयमा हामी केहीबेर नाचगान पनि गर्छौं । शनिबार हामीलाई बिदा हुन्छ । बिदाको दिन हामी विद्यालय जाँदैनौं ।

हामी गुरु र गुरुआमाले भनेको मान्छौं । हामी कसैसँग पनि झगडा गर्दैनौं । हामी मिलेर पढ्छौं । हामी मिलेर खेल्छौं । विद्यालय हामीलाई घर जस्तै रमाइलो लाग्छ ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) प्राथमिक, स्वास्थ्य, पुस्तकालय, कार्यालय, बेन्च, डेस्क, सुग्घर, शुक्रबार ।

(ख) यो हाम्रो विद्यालय हो । हामी विद्यालयमा नेपाली, सामाजिक शिक्षा र गणित पढ्छौं । हामी दिनहुँ विद्यालयमा जान्छौं ।

२. पढ र बुझ

पढ्ने बेलामा पढ र खेल्ने बेलामा खेल । सबैसँग मिलीजुली राम्रो काम गर । हामी आफूले नबुझेका कुराहरू गुरु र गुरुआमालाई सोध्छौं । शनिबार हामीलाई बिदा हुन्छ ।

३. मुखैले जवाफ देऊ

(क) विद्यालय भनेको के हो ?

(ख) तिम्रो आफ्नो विद्यालयको नाउँ चाहिं के हो ?

(ग) तिम्रो विद्यालयमा के–के कुराहरू छन् ?

(घ) तिम्रो विद्यालयमा कति कक्षासम्मको पढाइ हुन्छ ?

(ङ) तिमी विद्यालयमा कुन–कुन किताब पढ्छौ ?

(च) तिमी विद्यालयमा के–के कुरा सिक्छौ ?

(छ) तिमी विद्यालयमा कस्ता–कस्ता खेल खेल्छौ ?

४. पाठ हेरी तलका शब्दहरूलाई ठीक ठाउँमा राख

जस्तै:– पढ्न विद्यालय हामी जान्छौं ।

हामी पढ्न विद्यालय जान्छौं ।

(क) यो हो हाम्रो विद्यालय ।

(ख) विद्यालयमा सानो हाम्रो फूलबारी पनि छ।

५. (क) तिम्रो कक्षाका कुनै पाँच केटा र कुनै पाँच केटीहरूको नाम लेख

क्रमसंख्या	केटाहरूको नाम	केटीहरूको नाम
१.	.....	.....

(ख) तिमीलाई पढाउने गुरु र गुरुआमाहरूको नाम तिमीलाई थाहा छ ? नजानेको भए सोधेर लेख ।

(ग) तिमीले पढ्ने किताबहरूको नाम लेख ।

(घ) तिमीले विद्यालयमा खेल्ने गरेका खेलहरूको नाम लेख ।

(ङ) तिम्रो विद्यालयको फूलबारीमा भएका फूलहरूको नाम लेख ।

६. पाठ हेरी तलका खाली ठाउँहरूका लागि सुहाउँदो शब्द छानेर लेख

जस्तै:– हामी शनिवार विद्यालय . . . । (जान्छौं, जाँदैनौं, जान्छु)

हामी शनिवार विद्यालय जादैनौं ।

(क) हामी कक्षा २ मा गणित . . . । (पढ्दैनौं, पढ्छौं, पढ्छु)

(ख) हामी कक्षा २ मा विज्ञान . . . । (पढ्दैनौं, पढ्छौं, पढ्छु)

(ग) हामी फोहोरी . . . । (हुन्छन्, हुन्छौं, हुँदैनौं)

(घ) कक्षा १ का विद्यार्थीहरू हामीभन्दा ठूला . . . । (छन्, छैनन्, हुन्छ)

(ङ) कक्षा ५ का विद्यार्थीहरू हामीभन्दा साना . . . । (हुन्छ, हुन्छन्, छैनन्)

७. **तल दिइएका दुई वाक्यका सट्टा एउटै वाक्य लेख**

जस्तै:– कक्षामा मेच छ । कक्षामा टेबुल छ ।

कक्षामा मेच र टेबुल छन् ।

(क) हामी नेपाली पढ्छौं । हामी गणित पढ्छौं ।

(ख) हामी भकुन्डो खेल्छौं । हामी लुकामारी खेल्छौं ।

(ग) कक्षामा केटा छन् । कक्षामा केटी छन् ।

८. **तलका खाली ठाउँमा ठीक शब्द छानेर राख**

जस्तै:–गुरुआमाले हामीलाई लेख्न . . . । (सिकाउँछ, सिकाउँछे, सिकाउनुहुन्छ)

गुरुआमाले हामीलाई लेख्न सिकाउनुहुन्छ ।

(क) गुरुले हामीलाई गणित . . . । (पढाउँछ, पढाउँछन्, पढाउनुहुन्छ)

(ख) बुवाले मलाई कलम . . . । (किनिदिनुहुन्छ, किनिदिन्छ, किनिदिन्छन्)

(ग) आमाले भात . . . । (पकाउँछ, पकाउनुहुन्छ, पकाउँछन्)

(घ) हजूरबा मलाई माया . . . । (गर्छ, गर्छिन्, गर्नुहुन्छ)

(ङ) भाइले मलाई भकुन्डो . . . । (दिन्छिन्, दिन्छ, दिनुहुन्छ)

(च) बहिनीले आमालाई रुमाल . . . । (दिन्छ, दिन्छे, दिनुहुन्छ)

९. **पढ र शब्दको अर्थ बुझ**

विद्यालय = पढ्ने-पढाउने घर, विद्याको घर

रमाइलो = राम्रो लाग्ने, मनपर्ने

फूलबारी = फूल रोप्नेबारी, फूल फुलेको बारी

कक्षाकोठा = पढाइ हुने कोठा

पुस्तकालय = किताबहरू राखिएको घर वा कोठा

कार्यालय = कामकाज गर्ने घर वा कोठा

लय = भाका

गणित = हिसाब

चित्र = तस्वीर, नक्सा
स्वास्थ्य = आरामी
शारीरिक = शरीरबारेको, जीउबारेको
शिक्षा = पढाइ
छुट्टी = विदा
दिनहुँ = दिनदिनै
नाचगान = नाच्ने र गीत गाउने काम

१०. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई कक्षाकोठा र विद्यालयको हाता सफा राख्न समय–समयमा सामूहिक क्रियाकलाप अन्तर्गत संलग्न गराउने ।

(ख) सबै विद्यार्थीहरूलाई सहभागी बनाई नाचगानको कार्यक्रम गर्न लगाउने ।

रमाइलो धर्ती

हराभरा धर्ती राम्रो, नीलो आकाश राम्रो
घाम राम्रो, दिन राम्रो, जून पनि राम्रो ।
धर्तीभरि रमाइला कुरा धेरै हुन्छन्
पहाड, मैदान, खोलानाला, वनपाखा हुन्छन् ।
हिमालबाट तल झरी थरीथरी नदी
समुद्रमा मिल्न जान्छन् सललल बगी ।

ढुङ्गा हुन्छ, माटो हुन्छ, रूख यहीं हुन्छ
जीवजन्तु सबको बास धर्तीमा नै हुन्छ ।
रमाइलो हिउँद–वर्षा घुमीफिरी आउँछ
फलफूल, अन्नपानी धर्ती उब्जाउँछ ।
धर्तीमा नै रहेका छन् सुन–तामाका खानी
राम्रो लाग्छ यही धर्ती, राम्रो घामपानी ।

अभ्यास

१. राम्रा अक्षरमा सार र सुनाऊ
(क) हराभरा धर्ती राम्रो, नीलो आकाश राम्रो ।
(ख) धर्तीमा नै रहेका छन् सुन–तामाका खानी ।
(ग) राम्रो लाग्छ यही धर्ती, राम्रो घामपानी ।

२. पढ र कुरा बुझ
(क) हिमालबाट तल झरी थरीथरी नदी ।
समुद्रमा मिल्न जान्छन् सललल बगी ।।
(ख) रमाइलो हिउँद–वर्षा घुमिफिरी आउँछ ।

३. मुखैले जवाफ देऊ
(क) आकाश कस्तो हुन्छ ?
(ख) धर्तीमा रमाइला कुराहरू के–के हुन्छन् ?

(ग) हिमालबाट झरेका नदीहरू कहाँसम्म पुग्छन् ?

(घ) धर्तीमा को बस्दछन् ?

(ङ) धर्तीमा के–के उब्जिन्छ ?

(च) सुन र तामाका खानी कहाँ रहेका छन् ?

४. तलका खाली ठाउँमा ठीक उत्तर छानेर लेख

जस्तैः– नदी . . . बग्छ । (सलल, झलल, टिलपिल)

नदी सलल बग्छ ।

(क) झरना . . . झर्छ । (झरझर, फरफर, फुरफुर)

(ख) . . . घाम लाग्यो । (झलमल्ल, झिलझिल, टिकटिक)

(ग) . . . जून लाग्यो । (टहटह, फिरफिर, चहचह)

(घ) बादल . . . गरेर गर्ज्यो । (खिस्स, गडयाङगुडुङ, हुर्र)

(ङ) बिजुली . . . चम्क्यो । (छमक्क, चमक्क, चपक्क)

६. तलका शब्दहरूको प्रयोग गरी साना–साना वाक्य बनाई मुखैले भन

जस्तैः– हरियो=वनजङ्गल हरियो हुन्छ ।

(क) नीलो (ख) खोलानाला, (ग) समुद्र (घ) खानी (ङ) घाम ।

७. तलका चित्रहरू हेरी ती के हुन् चिनेर लेख

८. तलका शब्दहरूका निम्ति एउटै शब्द लेख

जस्तैः– घाम र पानी = घामपानी

(क) दिन र रात (ख) घाम र जून (ग) हिउँद र वर्षा

(घ) सुन र तामा (ङ) फल र फूल (च) अन्न र पानी
(छ) ढुङ्गा र माटो

९. तिम्रो गाउँ वा शहर वरपर तलका के–के कुराहरू छन् छानेर कापीमा लेख
पहाड, मैदान, नदी, खोला, ताल, पोखरी, वनजङ्गल, खेत, बारी, ढुङ्गा माटो, रूख, चराचुरुङ्गी, जनावर, खानी ।

१०. पढ र शब्दको अर्थ बुझ

हराभरा = हरियोले भरिएको
धर्ती = पृथ्वी
वनपाखा = वन र पाखा, जङ्गलका साथै भिरालो परी गराहरू पाइने जमिन
थरीथरी = किसिमकिसिमका
समुद्र = धर्तीको पानी–पानी भएको भाग
जीवजन्तु = प्राणी, जीवात
बास = बसाइ, बस्ने काम, बस्ने ठाउँ
हिउँद = जाडोको समय, जाडोयाम
वर्षा = पानी पर्नु, वर्षात्, पानी पर्ने समय
घामपानी = घाम र पानी, साथसाथै घाम लाग्नु र पानी पर्नु
खानी = जमिनभित्र सुन, तामा, फलाम, आदि थुप्रिएको ठाउँ

११. अन्य क्रियाकलाप

(क) शिक्षकले जून, सूर्य र हिमालचुलीको चित्र लेख्ने तरीका श्यामपाटीमा लेखी विद्यार्थीहरूलाई चित्र लेख्ने अभ्यास गराउने ।

(ख) शिक्षकले विद्यार्थीहरूलाई निम्न लिखित कुराहरूको अवलोकन गराई तिनका बारेमा सजिला थप जानकारी पनि दिने ।
(१) आकाश (२) जून (३) घाम (४) खोला (५) पहाड
(६) मैदान (७) ढुङ्गा (८) रूख (९) वन ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई भाका हाली 'रमाइलो धर्ती' कविता सामूहिक रूपमा गाउन लगाउने ।

हाम्रो खानेकुरा

हाम्रा परिवारमा आमाले मीठो खाना पकाउनुहुन्छ । खाना नखाई हामी बाँच्न सक्तैनौं । हामी खानाविना काम गर्न पनि सक्तैनौं । खानेकुराले हामीलाई तागत दिन्छ र हामी बलिया र मोटाघाटा हुन्छौं । त्यसैले हामी खानेकुरा खान्छौं ।

हामी धेरै थरीका खानेकुरा खान्छौं । हामी दाल, भात, तिहुन र तरकारी खान्छौं । हामी ढिंडो र रोटी पनि खान्छौं । हामी अचार पनि खान्छौं । हामी कहिलेकाहीं फलफूल पनि खान्छौं । हामी दूध, दही, मोही र घिउ जस्ता पोसिला कुरा पनि खान्छौं । हामी कहिलेकाहीं माछा, मासु र फूल पनि खान्छौं ।

हाम्रा खानेकुराहरू कहाँबाट आउँछन् ? हाम्रा मुख्य खानेकुराहरू अनाज र सागपातबाट तयार हुन्छन् । यिनीहरू खेतबारीमा उब्जन्छन् । धान, मकै, गहुँ र दाल खेतबारीमा रोपिन्छन्, फलाइन्छन् । तरकारी र फलफूल पनि बारीमा नै फल्छन् । गाई, भैंसी र चौंरीगाईले खाने दूध दिन्छन् । दूधबाट नै दही, मही, घिउ र कुराउनी बन्छन् । दूध र घिउबाट थरीथरीका मिठाईहरू पनि बन्छन् ।

हाँस र कुखुराले फुल पार्छन् । फुलले पनि तागत दिन्छ । उखुबाट चिनी र सखर बन्छन् । हामी पसलमा चिनी किन्छौं । हामी पसलमा चियापत्ती किन्छौं । चियाको बोट हुन्छ । चियाको कलिला पातहरूबाट नै चियापत्ती बन्छ ।

खाना बनाउने धेरै तरीकाहरू छन् । हामी धेरैजसो खानेकुरा पकाएर खान्छौं । पकाएको खानेकुरा मीठो र फाइदा दिने हुन्छ । पकाएको खानेकुरा पचाउन हामीलाई सजिलो हुन्छ । तरकारीचाहिं तेल वा घिउको भुटुनले पकाइन्छ । कुनै तरकारी तेलघिउमा तारिन्छ । कुनै तरकारीमा चाहिं रस हालिन्छ र पकाइन्छ । कुनै-कुनै खानेकुरा उमालेर तयार गर्नुपर्छ । कुनै खानेकुरा नपकाईकन पनि खान हुन्छ । हामी मूला, गाजर र फलफूल पखालेर मात्र पनि खान्छौं । दूध राम्ररी तताउनुपर्छ । चिया उमालेर बनाउनुपर्छ । फुल उसिन्न पनि पानीमा उमाल्नुपर्छ ।

भात पानीमा छड्काएर पकाउनुपर्छ । दाल पनि पानी हाली उमालेर पकाउनुपर्छ । मकै र भटमास भुटेर पनि खान हुन्छ ।

धान, मकै, गहुँ, कोदो, दालको खेती जमिनमा हुन्छ । यस्तो खेतीपाती गर्नेलाई किसान वा खेतीवाल भन्दछन् । किसानहरूले अन्न उब्जाएर आफू पनि खान्छन् । धान ढिकीमा वा मिलमा कुटी चामल बनाइन्छ । मकै, गहुँ जस्ता अन्नलाई घट्टमा र जाँतोमा पिंधेर पीठो बनाइन्छ । धानलाई उसिनेर ओखल, ढिकी वा मिलमा कुटी चिउरा तयार गरिन्छ ।

फलफूलका निम्ति हामी आफ्नै बारीबगैंचामा फलफूलका बिरुवा लगाउँछौं । हामी करेसाबारीमा तरकारी पनि लगाउँछौं । बेला अनुसार फलफूल फल्छ, तरकारी फल्छ । हामी फलफूल र तरकारी टिपेर घरमा ल्याउँछौं । यस्तो चीजबीज बजारमा पनि किन्न पाइन्छ ।

खाना राम्रोसँग खाने गर्नुपर्छ । फोहर, काँचो-कचिलो र सडेगलेका खानेकुरा खानाले रोग लाग्छ । जथाभावी खानेकुरा खानुहुँदैन ।

हामीले ठीक-ठीक समयमा खानेकुरा खानु-पर्छ । कोचेर खानुहुँदैन । कोचेर खाँदा अपच हुन्छ । यसले पेट दुख्छ । हामीले हतार नगरी चपाई–चपाई बिस्तारै खानुपर्छ । हामीले सधैं ताजा खानेकुरा खानुपर्छ । खानेकुरा एकै चोटि धेरै खानुहुँदैन । खानेकुरा बढी मागी खेर फाल्नु पनि हुँदैन ।

हामीले खानुभन्दा अघि सफासित हात-मुख धुनुपर्छ । खाइसकेपछि राम्रोसँग चुठ्नुपर्छ । हाम्रो नङभित्रको फोहरले हामीलाई खराब गर्छ । नङ बेलाबेलामा काट्ने गर्नुपर्छ । सफा ठाउँमा बसेर सफा भाँडामा हालेर खानुपर्छ । खानेकुरा-लाई झिंगा, साङ्ला, मूसा र धूलो जस्ता कुरा-

बाट जोगाउनुपर्छ । यसो नगरे फोहोर कुरा हाम्रो पेटमा पर्छ, अनि हामी बिरामी हुन्छौं ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) बन्छ, उसिन्ने, छड्काएर, घट्ट, पिंध्छन्, लगाउँदा, फल्छ, काँचोकचिलो, राम्रोसँग, पुछ्नुपर्छ ।

(ख) किसानले अन्न उब्जाएर आफू पनि खान्छन्, बजारमा पनि बेच्दछन् ।

२. पढ र अर्थ बुझ

(क) खाना नखाई हामी बाँच्न सक्तैनौं ।

(ख) खानेकुराले हामीलाई तागत दिन्छ ।

(ग) दूधबाट नै दही, महो, घिउ र कुराउनी बन्दछन् ।

(घ) चियाको बोट हुन्छ । चियाको कलिला पातहरूबाट नै चिया बन्छ ।

(ङ) फोहोर, काँचोकचिलो र सडेगलेका खानेकुरा खानाले रोग लाग्छ ।

(च) हामीले खानुभन्दा अघि सफासित हातमुख धुनुपर्छ ।

३. मुखैल जवाफ देऊ

(क) हामीले किन खानेकुरा खानुपर्छ ?

(ख) धान र मकै कहाँ उब्जन्छन् ?

(ग) तागतिला र पोसिला खानेकुरा कुन–कुन हुन् ?

(घ) चियापत्ती केबाट बन्छ ?

(ङ) के–केले फुल पार्दछन् ?

(च) उखुबाट के–के बन्दछन् ?

(छ) तरकारी कसरी पकाइन्छ ?

(ज) हामीले फोहोर खानेकुरा खाए के हुन्छ ?

(झ) हामीले खानुभन्दा अगाडि के गर्नुपर्छ ?

४. तलका कुराहरू ठीक–बेठीक के हुन् ? छुट्याएर भन

(क) हामी तागतको लागि खानेकुरा खान्छौं ।

(ख) हामीले खाने सबै कुराहरू खेतबारीमा नै उब्जन्छन् ।

(ग) हामी सबै खानेकुरा पकाएर मात्र खान्छौं ।

(घ) हामी मकै, कोदो र गहुँ पिधेर पीठो बनाउँछौं ।

५. अरू के कुरा थप्न सक्छौ ? मुखले भन

(क) जमीनबाट उब्जने अनाज: मकै . . .

(ख) जमीनबाट उब्जने सागपात: चम्सुर, रायोको साग . . .

(ग) बोटमा फल्ने फलफूल: अम्बा, केरा . . .

(घ) दूधबाट बन्ने खानेकुरा: दही . . .

(ङ) बढी तागत दिने कुराहरू: दूध, मासु . . .

६. तलका खाली ठाउँका निम्ति सुहाउँदो शब्द रोजेर लेख

जस्तै:–धान कुटेर चामल . . . । (बनाइन्छ, बन्दछ, बन्दछन्)
धान कुटेर चामल बनाइन्छ ।

(क) चिया बजारमा किन्न . . . । (पाउँछ, पाउँछन्,पाइन्छ)

(ख) कुनै तरकारी तेलघिउमा . . . । (तार्छिन्, तार्छ, तारिन्छ)

(ग) कहिलेकाहीं अचार पनि . . . । (खाइन्छ, खान्छौं,खान्छ)

(घ) खेतमा धान, मकै र गहुँ . . . । (उब्जाउँछ, उब्जाइन्छ, उब्जाइन्छन्)

७. पाठ हेरी तलका वाक्यमा खाली ठाउँमा चाहिने अक्षरहरू भर

जस्तै:–खानुभन्दा अघि हात धुनु . . . । (पर्छ, पर्छन्, पर्छौं)
खानुभन्दा अघि हात धुनुपर्छ ।

(क) बेलाबेलामा नङ काट्नु . . . । (पर्छन्, पर्छ, पर्दैन)

(ख) खाइसकेपछि राम्ररी चुठ्नु . . . । (पर्छन्, पर्दैन, पर्छ)
(ग) खानेकुरालाई फोहोरबाट बचाउनु . . . । (पर्छन्, पर्दैन, पर्छ)
(घ) फलफूल खान उमाल्नु . . . । (पर्छन्, पर्दैन, पर्छ)

८. तलका शब्द राखी वाक्य बनाऊ

जस्तै:– चौंरीगाई: चौंरीगाईले दूध दिन्छ ।
आमा, परिवार, खानेकुरा, फोहोर, फलफूल, घिउ, किसान, बाख्री ।

९. तलका शब्द र वाक्यलाई पाठ हेरी शुद्ध बनाएर सार

काँहा, थरिथरि, चीजबिज, कुनै खाने कुरा नपकाइकन पनी खान हुन्छ। किसानहरूले अन्न उब्जाएर आफू पनि खाएँ र बजारमा बेचे ।

१०. पढ र शब्दको अर्थ बुझ

परिवार = जहान, एउटै भान्सामा खाने गरेका मानिसहरूको समूह ।
ढिंडो = पानी उमालेपछि मकै वा कोदाको पीठो हाली पन्युले ओडालेर पकाइएको खानेकुरा
चौंरीगाई = हिमाली भेगमा पाइने एक किसिमको गाई
कुराउनी = दूध बेसरी ततार्इ पानीको भाग सुक्ने गरी पकाइएको खानेकुरो
भुटुन = तरकारीमा हालिने घिउ वा तेल
जथाभावी = जस्तो पायो त्यस्तै, केही विचार नराखी
अपच = नपच्ने, नपचेको अवस्था
चियापत्ती = चियाको सुकाइएको पात

११. सामूहिक क्रियाकलाप

(क) विद्यार्थीहरू मिली घरमा खाइने कुराहरूको सूची तयार गर्ने ।
(ख) खाना खाँदा ध्यान दिनुपर्ने कुरावारे कक्षामा छलफल गराउने ।

फूलबारीमा पुतली

राता, पहेंला, सेता, नीला
क्या राम्रा छन् फूलहरू
डुल्छे पुतली फूलैफूलमा
क्या राम्रा छन् पङ्खहरू ।

फूलहरू छन् रङ्गी चङ्गी
फूलको बारी क्या राम्रो
फूलमा अर्को फूल फुले झैं
यो पुतली छ क्या राम्रो ।

पुतली छिरबिर पङ्ख उघार्छे
रङ्गीचङ्गी उसको रूप
फिरफिर–फिरफिर पुतली नाच्छे
ओहो ! कस्तो प्यारो रूप !

एक छिन एउटा फूलमा टेक्छे
पुतली हल्का पाउ अड्याई
अर्को राम्रो फूल देख्छे
उड्छे पुतली पङ्ख फुकाई ।

डुल्छे पुतली फूलबारीमा
कहिले यो फूल कहिले त्यो फूल
खेल्छे पुतली फूलबारीमा
साथी उसका सारा फूल ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) पङ्ख, रङ्गीचङ्गी, उघार्छे, नाच्छे, प्यारो, हल्का, अड्याई, डुल्छे, खेल्छे ।

(ख) फूलमा अर्को फूल फुले झैं, यो पुतली छ क्या राम्रो ।

२. पढ र अर्थ बुझ

(क) फूलबारीमा रङ्गीचङ्गी फूल फुल्दछन् ।

(ख) साथी उसका सारा फूल ।

(ग) फूलमा अर्को फूल फुले झैं, यो पुतली छ क्या राम्रो ।

३. मुखले जवाफ देऊ

(क) फूलहरू कुन–कुन रङ्गका हुन्छन् ?

(ख) पुतली कहाँ डुल्छे ?

(ग) पुतलीको रूप कस्तो छ ?

(घ) पुतली कसरी नाच्छे ?

(ङ) पुतलीको पङ्ख कस्तो रङ्गको छ ?

(च) पुतलीको पाउ कस्तो छ ?

(छ) पुतलीका साथी को हुन् ?

४. तलका खाली ठाउँहरूमा रङ्गलाई जनाउने शब्दहरू मात्र छानेर भर

(क) रातो (ख) नीलो (ग) . . . (घ) . . . (ङ) . . . (च)
पहेंलो (छ) छिरबिरे (ज) . . . (झ) . . . (ञ) . . .
(छिरबिरे, आसमानी, गोलसिमल, गुलाबी, कालो, सेतो, हरियो, फिरफिरे)

५. पङ्ख वा पखेटा भएका अरू दशवटा उड्ने प्राणीहरूको नाम लेख

जस्तैः– (१) चील (२) काग (३) भँगेरा (४) पुतली

६. तलका खाली ठाउँका निम्ति ठीक शब्द छानेर लेख

जस्तैः– माछा . . . मा बस्ने प्राणी हो । (पानी, जमिन, आकाश)
माछा पानीमा बस्ने प्राणी हो ।

(क) कुकुर . . . प्राणी हो । (चारखुटे, दुईखुट, पखेटादार)

(ख) सुगा . . . भएको प्राणी हो । (पखेटा, सिङ, चारखुट्टे)

(ग) सर्प . . . प्राणी हो । (चारखुट्टे, घिस्रिने, सिङ भएको)

(घ) बाघ . . . प्राणी हो । (घरपालुवा, वनमा बस्ने, दुईखुट्टे)

७. **के तिमी अरू पनि मिल्दाजुल्दा शब्द थप्न सक्छौ ? मुखैले भन**

(क) फूलबारी, तरकारीबारी, मकैबारी (ख) गुलाब, सयपत्री, लालीगुराँस

८. **पढ र शब्दको अर्थ बुझ**

क्या=कस्तो, कत्ति, कत्तिको

रङ्गीचङ्गी =थरीथरी रङको, रङबिरङको

छिरबिर=धेरै रङ मिसिई धर्का परेको

पङख=प्वाँख

रूप=अनुहार

९. **सामूहिक क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई फूलबारीको हेरचाह र हिफाजत कसरी गर्ने भन्ने कुरा प्रयोगात्मक रूपमा सिकाउने ।

(ख) शिक्षकले विद्यार्थीहरूलाई आफूले लगाएका लुगाहरूको रङ भन्न लगाउने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई कक्षामा भएका चीजबीजको रङ छुट्याउन लगाउने ।

(घ) शिक्षकको निर्देशनमा 'फूलबारीमा पुतली' कविता सबै विद्यार्थीहरू मिली भाका हाली गाउने ।

(ङ) शिक्षकका निर्देशनमा विद्यार्थीहरूले (क) फूल (ख) पुतलीका चित्र कोरी त्यसमा रङ भर्ने अभ्यास गर्ने ।

हाम्रा लुगाकपडा

[शनिबारको दिन थियो। राम आँगनमा खेल्दै थियो। उसको सानो प्यारो खरायो पनि छेउमा खेल्दै थियो। केहीबेरपछि आमा आउनुभयो र घरको पिँढीमा बसेर रामलाई डाक्नुभयो। आमाले डाक्नेको सुनेर राम आयो। उसको साथमा खरायो पनि थियो।]

आमा– राम! त्यो लुगा फुकाल र यो लुगा लगाऊ।

राम – किन आमा?

आमा– हेर त, त्यो तिमीले लगाएको लुगा कति मैलो छ!

राम – म के लगाउने? नाङ्गै बस्ने?

आमा– धत् लाटा! नाङ्गै पनि बस्न हुन्छ र! मैलो लुगा फुकालेर सफा लुगा लगाऊ पो भनेको।

राम – किन र ! मैलो लुगा लगाउनुहुन्न ?

आमा– मैलो लुगा लगाउन हुन्न नि ! मैलो लुगाले तिम्रो शरीरलाई नै फोहोरी बनाउँछ । फोहोरले रोग लाग्छ । तिमी बिरामी हुन्छौ । फेरि तिम्रा साथीभाइले पनि तिमीलाई कस्तो फोहोरी भनेर गिल्ला गर्छन् । सफा लुगा लगाएपछि मान्छे पनि फुर्तिलो र राम्रो देखिन्छ, अनि मेरो छोरा कति राम्रो हुन्छ ।

राम – हस् आमा । ए ! गीता दिदी पनि यतै आउनुभयो ।

आमा– गीता ! तिमी लुगाफाटोबारे केही कुरा लेख्न बसेकी थियौ नि; किन आयौ ?

गीता– लेख्न अड्केर एक दुई कुरा सोध्न आएकी, बताइदिनोस् है आमा !

आमा– एक छिन पख गीता ! रामले मैलो लुगा फुकालेर सफा लुगा लगाएछ, स्याबास !

हेर त गीता ! भाइ कति राम्रो देखियो हकि !

गीता– हो त नि, राम त साँह्रै राम्रो देखिएछ ।

राम – ए आमा ! मेरो खरायोलाई पनि एक जोर लुगा दिनोस् न । ऊ पनि लुगा लगाएर राम्रो बन्छ।

गीता– कस्तो कुरा गर्छौं तिमी त। खरायोलाई पनि लुगा लगाउने अरे ! खरायोको नरम रौं नै उसको लुगा हो ।

आमा– हो त, जनावरलाई लुगा चाहिन्न । मानिसलाई भने लुगा नभई नहुने कुरो हो । मानिसले लुगा लगाउनै पर्छ ।

राम – थाहा पाइस् चङ्खे ! खरायोले लुगा लगाउन पर्दैन रे ! हिंड्, आँगनमा गएर फेरि खेलौं ।[राम खरायोलाई लिएर फेरि खेल्न जान्छ ।]

आमा– ए राम ! त्यसरी दौडेर नजाऊ, लडौला । बिस्तारै जाऊ । अँ गीता, के सोध्छ्यौ, सोध ।

गीता– लुगाफाटोबारे एउटा राम्रो लेख लेखेर मैले पहिलो पुरस्कार लिनुछ क्या आमा ! मलाई दुईचार कुरा बताइदिनोस् न ।

आमा– सधैं लगाइरहने लुगाफाटोबारे मैले के सिकाउने, थाहा छँदैछ नि तिमीलाई । मानिसलाई चिसो, तातो र धूलोबाट जोगाउन लुगा चाहिन्छ । राम्रो हुन पनि मानिसले लुगा लगाउनै पर्छ । मानिस-

हरूलाई ठाउँ र मौसम अनुसार थरीथरी लुगा चाहिन्छन् । यिनै कुरा हुन् । तिमीलाई थाहा छैन र ?

गीता– ..... हो, त्यो त मैले लेखिसकें । ठाउँ अनुसार चिसो ठाउँमा बस्नेहरूलाई न्यानो र बाक्लो ऊनी लुगा चाहिन्छ । तराई-को गर्मीमा बस्नेहरूले हलुका र पातला खालका लुगा लगाउँछन्, अनि मौसम अनुसारचाहिं गर्मीमा पातलो र जाडोमा बाक्लो लुगा लगाउनुपर्छ । अनि आमा ! मानिस अनुसारको लुगा भनेको के हो नि ?

आमा– त्यति पनि तिमीलाई थाहा छैन र ! लोग्ने मानिसले भोटो, कछाड, कुर्ता, धोती,कमिज, पाइन्ट, बख्खु,दौरा-सुरुवाल लगाएको र आइमाईले फरिया, चोलो, लगाएको देखेकी छैनौ ? तिम्रो बाले

राष्ट्रिय पोशाक दौरा–सुरुवाल, कोट लगाउनुहुन्छ। तिम्रो दाजुले कमिज पाइन्ट लगाएको देखेकै छ्यौ । यी मैले फरिया लगाएकी छु । फरिया र चोलो हामी आइमाईहरूको राष्ट्रिय पोशाक हो ।



गीता– तराईमा बस्ने मानिसले कुर्ता, धोती लगाएको र पहाडमा बस्ने मानिसले भोटो कछाड लगाएको पनि देखेकी छु । केटाहरूले लगाउने कट्टु, भोटो, कमिज र

केटीहरूले लगाउने जामा, घाँगर पनि मानिस अनुसारका लुगामै पर्छन्, होइन त आमा ? ओहो ! मानिसले लगाउने लुगा त धेरै किसिमका हुँदा रहेछन् ।

[यसबेला राम खरायोलाई लिएर फेरि आउँछ ।]

आमा– ए राम ! अब खेल्न छाड र पढ्न लेख्न बस ।

राम– आमा ! यसपालि दशैंमा मलाई नयाँ लुगा हाल्दा चंखेलाई पनि नयाँ लुगा हालिदिनुस् है ?

गीता– ल–ल, तिम्रो खरायोलाई लुगा मै बनाइ-दिउँला । मेरो पुतलीको जस्तै लुगा भए हुन्न ?

[आमा काममा लाग्नुभयो । गीता पनि लुगाफाटोबारे लेख्न कोठामा गई । राम पनि भित्र गयो । ठूलठूला कान हल्लाउँदै बुरुक्क-बुरुक्क उफ्रेर खरायो पनि भित्र लाग्यो ।]

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) डाक्न, फुर्तिला, स्याबास, कुर्ता, बख्खु, बुरुक्क ।

(ख) लोग्नेमानिसले भोटो, कछाड, कुर्ता, धोती, कमिज, पाइन्ट, बख्खु, दौरा-सुरुवाल आदि लगाउँछन् ।

२. पढ र कुरा बुझ

(क) मैलो लुगाले तिम्रो शरीरलाई नै फोहोरी बनाउँछ ।

(ख) मानिसहरूलाई ठाउँ र मौसम अनुसारका लुगा चाहिन्छन् ।

(ग) खरायोको नरम रौं नै उसको लुगा हो ।

(घ) तिम्रो वाले राष्ट्रिय पोशाक दौरा–सुरुवाल र कोट लगाउनुहुन्छ ।

(ङ) फरिया र चोलो हामी आइमाईहरूको राष्ट्रिय पोशाक हो ।

३. कसले कसलाई भनेको हो ?

(क) हेर त ! त्यो तिमीले लगाएको लुगा कति मैलो छ !

(ख) मेरो खरायोलाई पनि एकजोर लुगा दिनोस् न !

(ग) थाहा पाइस् चंखे ! खरायोले लुगा लगाउन पर्दैन रे !

४. तल दिएजस्तै गरी वाक्यहरू पूरा गर

जस्तैः– रामले सफा लुगा लगाउँछ – रामले सफा लुगा लगाउँदैन ।

गीता केही कुरा लेख्छिन् – गीता केही कुरा लेख्दिनन् ।

(क) राम राम्रो र फुर्तिलो देखिन्छ । राम राम्रो र फुर्तिलो . . . ।

(ख) गीता भाइलाई किताब दिन्छिन् । गीता भाइलाई किताब . . . ।

(ग) आमा रामलाई पेडा दिनुहुन्छ । आमा रामलाई पेडा . . . ।

५. मुखले जवाफ देऊ

(क) खरायोलाई लुगा लगाउनुपर्छ कि पर्दैन ?

(ख) आमाले रामलाई कुन लुगा फुकाल्न र कुन लुगा लगाउन भन्नुभयो ?

(ग) किन मानिसलाई लुगा चाहिन्छ ?

(घ) किन मानिसहरूले थरी–थरी लुगा लगाउँछन् ?

(ङ) कहाँ बस्ने मानिसहरूले न्यानो र बाक्लो ऊनी लुगा लगाउँछन् ?
(च) तराईमा बस्ने मानिसहरूले कस्तो लुगा लगाउँछन् ?
(छ) मौसमअनुसार जाडो र गर्मीमा कस्ता–कस्ता लुगा लगाउनुपर्छ ?
(ज) लोग्नेमानिसहरूको राष्ट्रिय पोशाक के हो ?
(झ) आइमाईहरूको राष्ट्रिय पोशाक के हो ?
(ञ) दिदीले रामको खरायोलाई कस्तो लुगा लगाइदिनुहोला ?

६. पाठ हेरी तलका कुराहरूको जोडा मिलाऊ

(क) खरायोको रौं नै	(क) फरिया र चोलो लगाउँछन् ।
(ख) लुगाले	(ख) न्यानो र बाक्लो लुगा लगाउँछन् ।
(ग) चिसो ठाउँमा बस्नेले	(ग) उसको लुगा हो ।
(घ) गर्मीमा बस्नेले	(घ) कुर्ता र धोती लगाउँछन् ।
(ङ) लोग्नेमानिसले	(ङ) मानिसलाई जाडो, गर्मी र धूलोबाट बचाउँछ ।
(च) आइमाईले	(च) भोटो, कछाड, कुर्ता,धोती लगाउँछन् ।

७. मुखले जवाफ देऊ

(क) तिमी हिमाल, पहाड वा तराई कुन ठाउँमा बस्छौ ?
(ख) तिमी गर्मी वा जाडो कुन ठाउँमा बसेका छौ ?
(ग) जाडो र गर्मीमा तिमी पनि फरक–फरक लुगा लगाउँछौ ?

८. तलका खाली ठाउँमा सुहाउँदो अक्षर वा शब्द छानेर भर

जस्तै:– ए बाबु ! यता आऊ . . . । (पो, त, र)
ए बाबु ! यता आऊ त ।

(क) आमा ! मेरो खरायोलाई पनि लुगा किनिदिनुहोस् . . .।(पो, धत्, है)
(ख) . . . लाटा, मैलो लुगा पनि लगाउनुहुन्छ ? (धत्, नि, र)
(ग) खरायोले लुगा लगाउन हुन्न . . . । (रे, धत्, पो)

९. तलका वाक्यहरू पाठ हेरी शुद्ध पारी लेख

(क) तिमी विरामी हुन्छस् ।

(ख) सफा लुगा लगाएर मानीस फूर्तिलो र राम्रो देखिन्छे ।

(ग) गीता, तिमी लुगाबारे केही कुरा लेख्न बसेको थिइस् नि ।

(घ) ऊ पनि लुगा लगाएर राम्रो बन्छन् ।

१०. पढ र शब्दको अर्थ बुझ

पिँढी = घरमा जोडी बाहिरपट्टि बनाइएको बस्न र केही राख्न पनि हुने ठाउँ

गिल्ला गर्नु = ठट्टा गर्नु, होच्याएर हँस्सी गर्नु

अड्कनु = रोकिनु, अगाडि बढ्न नसक्नु

मौसम = जाडो, गर्मी, बर्सात आदिका आधारमा छुट्टिने समय, बदलिदो समय

ऊनी = ऊनबाट बनेको, ऊनको

सूती = कपासका सूत वा धागोबाट बनेको

रेशमी = रेशमबाट बनेको, रेशमको

कछाड = घुँडासम्म आउने छोटो एकसरो धोती

बख्खु = खल्लो मोटो ऊनको ओड्ने वा लगाइने लुगा

बुरूक = ऊफ्रिने तरीका

११. सामूहिक क्रियाकलाप

(क) शिक्षकका निर्देशनमा विद्यार्थीहरूले नेपाली लोग्नेमान्छे र स्वास्नीमान्छेहरूले लगाउने लुगाहरूको छुट्टाछुट्टै सूची तयार गर्ने ।

(ख) शिक्षकले विद्यार्थीहरूलाई सूती, ऊनी, नाइलन र रेशमका कपडाहरूको फरक सम्भव भएसम्म उदाहरण पनि दिई बुझाइदिने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई आफूले लगाएका लुगाहरूको सूची बनाउन लगाउने ।

(घ) शिक्षकले विद्यार्थीहरूलाई आ-आफ्ना परिवारमा लगाइने लुगाहरूबारे छलफल गर्न लगाउने ।

राम्रो बानीबेहोर

हरि दुई कक्षामा पढ्छन्। उनकी दिदी राधा पाँच कक्षामा पढ्छिन्। यिनीहरू खूबै मिल्छन्। यी दुवैको बानीबेहोर राम्रो छ। यी दुवैको चाल-चलन असल छ। हरि र राधालाई उनीहरूका

आमा-बाबुले राम्रा बानीबेहोर सिकाउनुभएको छ। विद्यालयमा गुरु र गुरु-आमाहरूले सिकाएका राम्रा कुरामा पनि यिनीहरू खूबै ध्यान दिन्छन्।

हरि र राधा आफ्ना बा–आमाले भनेका कुरा मान्छन्। हरि आफ्नी दिदीले भनेको कुरा पनि मान्छन्। हरि र राधाका काका-काकीका एउटा छोरा छन्। उनी पनि हरि र राधाका दाजु हुन्। हरि र राधा यी दाजुले भनेका कुरा पनि मान्छन्। यिनीहरू आफूभन्दा ठूलाले भनेको मान्छन्। यिनीहरू आफूभन्दा सानालाई माया गर्छन्। यिनीहरू ठीक समयमा विद्यालय जान्छन्। यिनीहरू ठीक समयमा विद्यालय पुग्छन्। यिनीहरू ठीक समयमा उठ्ने र ठीक समयमा सुत्ने गर्छन्। यिनीहरू ठीक समयमा खाने र खेल्ने गर्छन्। समयको ख्याल गर्ने हुनाले यिनीहरूलाई सबैले स्याबासी दिन्छन्।

विद्यालयमा ढिलो पुग्यो भने पाठ छुट्छ । साथीहरूले पनि गिज्याउँछन् । गुरु र गुरु-आमाले राम्रो मान्नुहुन्न । त्यसैले हरि र राधा समयमै विद्यालय पुग्छन् ।

हरि र राधाले भीडमा लाम लाग्न सिकेका छन् । आफ्नो पालो नआएसम्म यिनीहरू पर्खन्छन् । यिनीहरू कतै पनि घुइँचोमा हतपत आफ्नो पालो नआएसम्म ठेलमठेल गर्दैनन् । यिनीहरू मन्दिरमा पालैपालो गरी देउताको दर्शन गर्छन् । यिनीहरू धारा,पँधेरामा नुहाउँदा र लुगा धुँदा आफ्नो पालो नआएसम्म कुर्छन् । यिनीहरू पसलमा पनि अरूले किन्न लागेको छ भने पर्खन्छन् । हरि, राधा र यिनका साथीहरू हूल नगरी कक्षामा पस्छन् र कक्षाबाट निस्कँदा पनि पालैसँग निस्कन्छन् । बसमा चढ्नुपर्दा पनि यिनीहरू पालैसँग चढ्छन् । बसबाट ओर्लिंदा पनि यिनीहरू पालैसँग ओर्लिन्छन् । भीड गर्नुभन्दा पालो पर्खनु

बेस हुन्छ । सबै ठाउँमा सबै काममा पालैपालो गर्दा सबैलाई फाइदा हुन्छ । भीड गर्दा बेफाइदा हुन्छ ।

हरि र राधा अरूसँग बोल्दाखेरि नरम भएर बोल्छन् । यिनीहरू आफूभन्दा ठूलो मानिस-लाई मान्छन् । यिनीहरू ठूलो स्वरले चिच्याएर कुरा गर्दैनन् । यिनीहरू बिस्तार-बिस्तार पालैपालोसँग बोल्छन् । यिनीहरू अरूले भनेको कुरा राम्ररी सुन्छन् । यिनीहरू अरूले भनेको कुरालाई इज्जत गर्छन् । अरूले राम्रो काम गरिदिएकोमा यिनीहरू धन्यवाद दिन्छन् । आफूले कुनै कुरा बिराएमा अरूसँग माफी माग्ने यिनी-हरूको बानी छ । यिनीहरू जथाभावी बोल्दैनन् र नचाहिने कुरा पनि गर्दैनन् ।

विद्यालयमा हरि र राधाका धेरै साथीहरू छन् । ती साथीहरूमध्ये कोही हरि र राधाका छिमेकी हुन्, कोही टाढाका गाउँबाट पनि आएका

छन् । तर विद्यालयमा आएपछि ती सबै साथी दाजु-भाइ र दिदी-बहिनी हुन् । उनीहरू सँगसँगै पढ्छन् । उनीहरू सँगसँगै खेल्छन् । उनीहरू आफूआफूमा एकले अर्कालाई माया गर्छन् । उनीहरू एक-अर्कालाई मद्दत गर्छन् । उनीहरू अरूलाई सहयोग गर्छन् । अरूले पनि उनीहरूलाई सहयोग गर्छन् । एक-अर्काको सहयोगले नै धेरै काम गर्न सकिन्छ ।

अभ्यास

१. पढ र रिक्त स्थान अक्षरमा सार

(क) ध्यान, आफ्ना, ढाँट्दैनन् , स्याबासी, गिज्याउँछन्, मान्छुहुन्न, स्वर, धन्यवाद ।

(ख) यीनीहरू हुल नगरी कक्षामा पस्छन् र कक्षाबाट निस्कँदा पनि पालैपालोसँग निस्कन्छन् ।

२. पढ र कुरा बुझ

(क) हरि र राधा कुनै कुरा ढाँट्दैनन् ।

(ख) यिनीहरू आफूभन्दा ठूलाले भनेको मान्छन् ।

(ग) समयको ख्याल गर्ने हुनाले यिनीहरूलाई सबैले स्यावासी दिन्छन् ।

(घ) सबै ठाउँमा सबै काम पालैपालो गर्दा सबैलाई फाइदा हुन्छ ।

(ङ) एक-अर्काको सहयोगले नै धेरै काम गर्न सकिन्छ ।

३. **मुखैले जवाफ देऊ**

(क) हरि र राधा कुन-कुन कक्षामा पढ्छन् ?

(ख) हरि र राधाको बानीबेहोर र चालचलन कस्तो छ ?

(ग) हरि र राधा कसलाई माया गर्छन् ?

(घ) किन सबैले हरि र राधालाई स्यावासी दिन्छन् ?

(ङ) विद्यालय ढिलो पुग्दा के हुन्छ ?

(च) कसरी काम गर्दा फाइदा हुन्छ र कसरी काम गर्दा बेफाइदा हुन्छ ?

४. **पाठ हेरी सच्याएर कापीमा सार**

(क) पाच, पढ्छीन् बानीबेहोरो, हरी, ढाटदैनन्, शाँचो, ठिक, श्यावासी ।

(ख) उनीहरू आफूआफूमा एकले अर्कालाई माया गर्छौं ।

(ग) ती सबै साथी दाजुभाइ र दिदी–बहिनी हुन्छ ।

५.(क) **ऊ' आखिरमा आउने चारवटा शब्द लेख र ती शब्द राखी वाक्य बनाऊ**

जस्तै:– राम ! तिमी विद्यालय जाऊ ।

सीता ! तिमी भात पकाऊ ।

(ख) **'यो' आखिरमा आउने चारवटा शब्द लेख र ती शब्द राखेर वाक्य बनाऊ**

जस्तै:– राम छिटो आयो । छिरिङले राधालाई बोलायो ।

(ग) **'ला' आखिरमा आउने चारवटा शब्द लेख र ती शब्द राखी वाक्य बनाऊ**

जस्तै:– बिरालाले के खाला ? भाइ कहिले आउला ?

६. **तलका खाली ठाउँहरूका लागि चाहिने शब्द लेख**

(क) हिजो मामा आउनुभयो । आज मामा जानुहुन्छ ।
अस्ति काका आउनुभयो । आज काका · · · ।

(ख) आज फुपू आउनुहुन्छ । भोलि फुपू जानुहुनेछ ।
आज काकी आउनुहुन्छ । भोलि काकी · · · ।

७. तलका खाली ठाउँका निम्ति ठीक शब्द छानेर लेख

जस्तै:– आफूभन्दा ठूलालाई . . . गर्नुपर्दछ । (माया, मान, हेला)
आफूभन्दा ठूलालाई मान गर्नुपर्दछ ।

(क) आफूभन्दा सानालाई . . . गर्नुपर्दछ । (माया, हेला, मान)

(ख) . . . बोल्नुहुँदैन । (जथाभावी, साँचो, चाहिने कुरा)

(ग) समयको . . . गर्नुपर्दछ । (बेवास्ता, ख्याल, ठेलमठेल)

(घ) कसैले राम्रो काम गरेमा . . . दिनुपर्छ । (धन्यवाद, गाली, सराप)

८. पढ र शब्दको अर्थ बुझ

चालचलन = चालामाला, चरित्र, व्यवहार

बानीबेहोर = आनीबानी, स्वभाव, आदत

स्याबासी = राम्रो काम गरेबापत फुक्र्याउन प्रयोग गरिने शब्द, क्यावात

ठेलमठेल = घुइँचो, एकले अर्कालाई धकेल्ने काम

स्वर = आवाज, बोली

९. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई अरू राम्रा बानीबेहोर र चालचलनहरूको जानकारी दिने ।

(ख) शिक्षकले विद्यार्थीहरूलाई ढाँट्नाले हुने बेफाइदा र साँचो बोल्नाले हुने फाइदाबारे कथाहरू सुनाउने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई बिहानदेखि रातीसम्म कुन-कुन समयमा के-के गर्नुपर्छ भन्ने दिनचर्याबारे बताउने ।

(घ) शिक्षकले विद्यार्थीहरूलाई उनीहरू कुन-कुन समयमा के-के गर्छन् सो भन्न लगाउने ।

(ङ) शिक्षकले विद्यार्थीहरूकाबीच पालैपालोसँग काम गर्दा हुने फाइदा र भीड गर्दा हुने बेफाइदाका बारेमा सानो छलफल गराउने ।

आदिकवि
भानुभक्त आचार्य

कविता लेख्नेलाई कवि भन्दछन्। भानुभक्त आचार्य पनि एउटा ठूला कवि हुन्। उनलाई हामी आदिकवि मान्दछौं। उनी हाम्रा पुराना ठूला कवि हुन्।

भानुभक्तको जन्म विक्रम संवत् १८७१ मा भएको थियो। उनी जन्मिएको ठाउँ तनहुँको चुँदी रम्घा भन्ने गाउँ हो। उनका बाबुको नाम धनञ्जय आचार्य थियो।

केटाकेटी उमेरदेखि नै भानुभक्त असल थिए। उनको बानीबेहोरा राम्रो थियो। उनी आफ्ना बाजेसँग संस्कृत पढ्ने गर्दथे। सानै उमेर-देखि उनी कविता मन पराउँथे। उनी भगवान् रामका भक्त थिए। रामले गरेका कामकुराहरू उनलाई सबै मन पर्थे।

अलिअलि गर्दै भानुभक्त तन्नेरी भए। एक दिन उनी आफ्नै गाउँघरतिर डुल्दै हिंडेका थिए। बाटामा एक जना मानिससँग उनको भेट भयो। त्यो मानिस घाँसी थियो। ऊ घाँस काट्थ्यो। उसले दुःख गरेर पैसा जोगाउँथ्यो।

घाँसीसँग भानुभक्तले कुरा गरे। भानुभक्तले उसलाई सोधे–"घाँसी दाइ, तपाईं यो घाँस काटेर

के गर्नुहुन्छ ?" घाँसीले भन्यो– "हेर्नुहोस् बाजे, यहाँ बाटामा कुवा, पँधेरा केही छैनन् । बाटो हिंड्ने बटुवा तिर्खाउँदा पानी खान पाउँदैनन् । म दुःख काटेर केही पैसा जोगाउँछु । त्यो पैसाले म यहाँ कुवा खनाउँछु ।" भानुभक्तले सोधे–"तपाईं किन कुवा खनाउन चाहनुहुन्छ ?" घाँसीले भन्यो– "म गरीब छु तर अरूको भलो हुने केही काम गर्न चाहन्छु । त्यसैले एउटा कुवासम्म खनाउने विचार छ । त्यति भए मानिसहरूले पानी त खान पाउनेछन् ।"

घाँसीको यस कुराले भानुभक्तलाई पनि हौसला मिल्यो । उनले पनि आफूले अरूको भलो हुने केही काम गर्न खोजे । त्यसपछि उनले कविता लेख्न शुरू गरे । उनी आफूले लेखेको कविता आफ्ना बाजेलाई सुनाउँथे । बाजे भन्नुहुन्थ्यो– "स्याबास् नाति, कविता लेख्दै जाऊ । तिमी पछि गएर ठूलो कवि बन्नेछौ ।" बाजेको यस्तो कुरा

सुनेर भानुभक्त झन् रमाई-रमाई कविता लेख्थे ।

अब भानुभक्तले सधैं कविता लेखिरहन थाले । उनी जे कुरा पनि कवितामै लेख्थे । जागिर खाँदा हाकिमलाई चढाउने बिन्तीपत्र पनि उनले कवितामै लेखे । चर्को रोग लागेर ओछ्यानमा सुतिरहँदा पनि उनले कविता लेख्न छोडेनन् । उनी आफूले लेख्न नसकेको बेलामा पनि मुखले भनेर छोरालाई कविता लेखाउँथे ।

भानुभक्तले नेपाली भाषामा धेरै कविताहरू लेखे । उनले लेखेका कविता मीठा र सजिला छन् । उनले लेखेका कविताका किताबहरूमा नेपाली रामायण सबैभन्दा मीठो छ । यो रामायणमा उनले रामको कथा कवितामा नै लेखेका छन् । यी कविताका श्लोकहरूलाई के केटाकेटी, के बूढाबूढी सबैले भाका हाली-हाली रमाई-रमाई गाउँछन् । उनको रामायण पहाड,

मधेस, गाउँ, शहर सबै ठाउँमा बस्ने सबै नेपाली-हरूले रुचाउँछन् ।

भानुभक्तको मृत्यु विक्रम संवत् १९२६ मा भएको थियो । तर उनी अहिलेसम्म पनि नेपाली-हरूका सम्झनामा बाँचिरहेका छन् । भानु भनेको सूर्य हो । उनी सूर्यजस्तै गरी सधैं चम्किरहेछन् । उनलाई नेपालीहरूले कहिल्यै बिर्सने छैनन् । नेपाल र नेपाल बाहिर पनि प्रत्येक वर्ष असार २९ गते भानुभक्तको जन्मजयन्ती धूमधामसँग मनाइन्छ । भानुजयन्ती विद्यालयहरूमा पनि मनाइन्छ । यस दिनमा भानुभक्तको तस्वीरमा फूलमाला चढाइन्छ र उनका कविता लय हालेर भन्न लगाइन्छ ।

हाम्रा गुरु र गुरु-आमाहरूले हामीलाई भानुभक्तको जीवनी सुनाउनुहुन्छ । उहाँहरू हामीलाई राम्रा कविता लेखी भानुभक्तजस्तै ठूलो कवि हुने अर्ती दिनुहुन्छ ।

अभ्यास

१. मनमनै पढ र राम्रा अक्षरमा सार

(क) विक्रम संवत्, धनञ्जय, संस्कृत, भानुभक्त, तन्नेरी, जन्मजयन्ती, श्लोक, मृत्यु ।

(ख) अरूले सुन्ने गरी पढ र राम्रा अक्षरमा सार

भानुभक्तको जन्म विक्रम संवत् १८७१ मा भएको थियो । उनी जन्मिएको ठाउँ तनहुँको चुँदी रम्घा भन्ने गाउँ हो ।

२. पढ र कुरा बुझ

(क) भानुभक्त हाम्रा पुराना ठूला कवि हुन् ।

(ख) भानुभक्तको रामायण पहाड, मधेस, गाउँ, शहर सबै ठाउँमा बस्ने सबै नेपालीहरूले रुचाउँछन् ।

(ग) नेपाल र नेपाल बाहिर पनि हरेक वर्ष असार २९ गते भानुभक्तको जन्मजयन्ती धूमधामसँग मनाइन्छ ।

३. पाठ हेरी शुद्ध गरेर सार

(क) कवीता, ठुला, तन्नेरि, घाँशी, वाजे, नेपालि, बुढाबुढी ।

(ख) उनलाई हामि आदि कवि मान्दछन् । उनका बाबुको नाम धनन्जय आचार्य थिए । ती मानीस घाँसी थियो ।

४. मुखैले जवाफ देऊ

(क) भानुभक्तको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) सानै उमेरदेखि भानुभक्तलाई के मन पर्थ्यो ?

(ग) भानुभक्त कसका भक्त थिए ?

(घ) घाँसी किन कुवा खनाउन चाहन्थ्यो ?

(ङ) भानुभक्तलाई कसको कुरा सुनेर कविता लेख्ने हौसला मिल्यो ?

(च) भानुभक्तले कविता लेखेर कसलाई सुनाउने गर्थे ?

(छ) भानुभक्तका बाजेले उनलाई के भन्ने गर्नुहुन्थ्यो ?

(ज) चर्को रोग लाग्दा भानुभक्त कसरी कविता तयार गर्थे ?

(झ) भानुभक्तले लेखेका कवितामा सबैभन्दा मीठो कुन हो ?

(ञ) भानुजयन्ती कुन दिन मनाइन्छ ?

(ट) विद्यालयमा भानुजयन्ती कसरी मनाइन्छ ?

(ठ) कस्तो मान्छेलाई कवि भन्दछन् ?

(ड) भानुभक्त कस्ता कवि हुन् ?

(ढ) के तिमी पनि कविता वा गीतका दुई हरफ भन्न सक्छौ ?

५. तलका शब्दहरूको सुहाउँदो जोडा मिलाऊ

(क) कविता लेख्ने	(क) किसान
(ख) भगवान्	(ख) गुरु
(ग) खेती गर्ने	(ग) गोठालो
(घ) पढाउने	(घ) छिमेकी
(ङ) छिमेकमा बस्ने	(ङ) कवि
(च) घाँस काट्ने	(च) राम
(छ) गाई हेर्ने	(छ) घाँसी

६. तलका शब्दहरूको उल्टो अर्थ दिने शब्द लेख

जस्तै:– असल = खराब

उज्यालो, मीठो, गरीब, सजिलो, भित्र, तल, नजीक ।

७. तलका वाक्यहरूमा कुन ठीक र कुन बेठीक हुन् ? छुट्याई मुखैले भन

(क) भानुभक्तलाई हामी आदिकवि मान्छौं ।

(ख) भानुभक्त केटाकेटीदेखि नै खराब थिए ।

(ग) भानुभक्तले हाकिमलाई चढाउने बिन्तीपत्र पनि कवितामै लेखे ।

(घ) भानुभक्तले रामको कथा कवितामा लेखेका छन् ।

८. पढ र शब्दको अर्थ बुझ

आदिकवि = पहिला कवि

तन्नेरी = जवान, तरुनो

घाँसी	=	घाँसे, घाँस काट्ने मानिस
जोगाउनु	=	बचाएर राख्नु
कुवा	=	इनार, हातले पानी उभाउन सकिने पानीकोखाल्डो
तिर्खाउँदा	=	तिर्खा लाग्दा, पानी खान मन लाग्दा
खनाउनु	=	खन्न लगाउनु
हौसला	=	उत्साह, आँट
रमाई-रमाई	=	ज्यादै खुशी भएर
बिन्तीपत्र	=	सरकार वा मान्यजनलाई लेखेर चढाइने चिठी
चर्को	=	कडा, ज्यादा
मृत्यु	=	मर्ने काम
जन्मजयन्ती	=	कुनै ठूला व्यक्तिको सम्झनामा उनको जन्म दिनमा मनाइने चाड
अर्ती दिनु	=	भलो कुरा बताउने वा सिकाउने काम

९. सामूहिक क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई भानुभक्तको जीवनीको कथा छोटकरीमा भन्न लगाउने ।

(ख) शिक्षकले पालैपालो दुई-दुई जना विद्यार्थीहरूलाई भानुभक्त र घाँसे।को हाउभाउ गरी उनीहरूले गरेका संवाद बोल्न लगाउने ।

(ग) कक्षामा शिक्षकले विद्यार्थीहरूका सामूहिक क्रियाकलापका रूपमा भानु-जयन्तीको सानो कार्यक्रमको नमूना प्रदर्शन गराउने ।

(घ) कुन विद्यार्थी भोलि के हुन चाहन्छ भन्नेबारे शिक्षकले विद्यार्थीहरूलाई कक्षामा छलफल गराउने ।

(ङ) शिक्षकले भानुभक्तको रामायणको कुनै एक मीठो श्लोक लय हाली सुनाउने र कक्षामा विद्यार्थीहरूलाई त्यसको वाचनको अभ्यास गराउने ।

पानी

बाफ बनी उड्छु
बादल बनी उड्छु
दौडी-दौडी छिटो-छिटो
हावासँग हिँड्छु ।

माथि-माथि बढ्छु
पहाडमाथि चढ्छु
चिसो-चिसो हुँदै-हुँदै
पानी भई झर्छु ।

पातमाथि सुत्छु
भुइँमुनि लुक्छु
खोला, झर्ना, नदी बनी
टाढा-टाढा पुग्छु ।

होचोतिर जान्छु
फोहोरमैला लान्छु
सागरबाट उडी-उडी
फेरि वेग हान्छु ।

बादल भई झुल्छु
हिमालमा भुल्छु
हिउँ, पानी, बाफमा
पालैपालो डुल्छु ।

सबको तिर्खा मेट्छु
बोटबिरुवा सार्छु
खेतबारी जताततै
हरियाली पार्छु ।

अभ्यास

१. (क) **मनमनै पढ र राम्रा अक्षरमा सार**

झर्छु, सुत्छु, सुक्छु, पुग्छु, लाग्छु, झुल्छु, डुल्छु, मेट्छु ।

(ख) **सबैले सुन्ने गरी पढ र राम्रा अक्षरमा सार**

दौडी-दौडी, छिटो-छिटो हावासँग हिंड्छु ।

२. **पढ र कुरा बुझ**

(क) खोला, झर्ना, नदी बनी टाढा-टाढा पुग्छु ।

(ख) सबको तिर्खा मेट्छु, बोट बिरुवा सार्छु ।
खेतबारी जतातते हरियाली पार्छु ।

३. **मुखैले जवाफ देऊ**

(क) पानी कसरी उड्छ ?

(ख) पानी केसँग कसरी हिंड्छ ?

(ग) पानी कहाँ लुक्छ ?

(घ) पानी के-के बनी टाढा-टाढा पुग्छ ?

(ङ) पानी होचो वा अग्लो कतातिर बग्छ ?

(च) तिर्खा मेट्न के चाहिन्छ ?

(छ) पानीले खेतबारीका बोटबिरुवालाई के गर्छ ?

(ज) पानीले दिने अरू फाइदाहरू के-के हुन् ? भन्न सक्छौ ?

४. **तलका खाली ठाउँमा मिल्दो शब्द छानेर राख**

जस्तैः–पानी बाफ बनी . . . । (उड्छ, बग्छ, जान्छ)
पानी बाफ बनी उड्छ ।

(क) पानी बादल बनी . . . । (डुल्छ, सुक्छ, जम्छ)

(ख) पानी हावासँग . . . । (हेर्छ, जम्छ, हिँड्छ)

(ग) पानी भुइँमुनि . . . । (सुक्छ, लुक्छ, जम्छ)

(घ) पानी होचोतिर . . . । (अड्छ, बग्छ, बग्छ)

५. पाठ हेरी शुद्ध पारेर सार

(क) बनि, वादल, डौडी डौडि, छीटोछोटो, माथी, र हीउ, तीर्खा, हरीयालि

(ख) बादल भई झुल्छे। हिमालमा भुल्छन्।
हिउँ, पानी, बाफमा, पालैपालो डूल्छु।

६. तलका वाक्यहरूमा खाली राखिएका ठाउँमा चाहिने शब्द वा अक्षर भर

(क) म हिउँ भई जम्छु। हामीहरू हिउँ भई जम्छौं।
म हिउँ भएर जमुँ। हामीहरू हिउँ भएर जमौं।

(ख) म हिमालमा भुल्छु। हामीहरू हिमालमा . . .।
म हिमालमा भुलुँ। हामीहरू हिमालमा . . .।

(ग) म बेग हान्छु। हामीहरू वेग . . .।
म बेग हानुँ। हामीहरू वेग . . .।

७. उठ्छु, उड्छु जस्तै आखिरमा छु आउने अरू दशवटा शब्दहरू पाठवाट टिपेर लेख।

८. पढ र शब्दको अर्थ बुझ

झर्ना = अग्लो ठाउँबाट हुत्तिएर खसेको पानीको छाँगो वा छहरा
होचो = अग्लो नभएको,
वेग हान्नु = जोडले छिटो-छिटो उड्नु वा हिड्नु
लानु = लैजानु, सँगै लिएर जानु
झुल्नु = हावामा यताउती हल्लिनु वा झुन्डिनु
भुल्नु = अलमलिनु
हिउँ = वरफ, पहाडका टाकुरामा जमेको पानीको रूप
बाफ = पानीको हलुका धूवाँजस्तै रूप
डुल्नु = घुम्नु, हिड्नु
तिर्खा = प्यास, पानी पिउने इच्छा

सर्नु = वोटबिरुवालाई सर्ने बनाउनु
बिरुवा = कलिलो सानो वोट
हरियाली = हरियोपन
जताततै = चारैतिर
नदी = ठूलो खोला
सागर = समुद्र

९. अन्य क्रियाकलाप

(क) पानी कविता कण्ठ गरी सबै विद्यार्थीले भाका हाली गाउने ।

(ख) शिक्षकले विद्यार्थीहरूका बीच पानीका फाइदाहरूबारे कक्षामा छलफल गराउने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई पानी तातेपछि वाफ बन्छ र चिसिएपछि हिउँ भई जम्छ भन्ने कुरा आवश्यक उदाहरण वा प्रदर्शनका आधारमा सम्झाउने प्रयास गर्ने ।

यातायातको सुविधा



हामी कहिले विद्यालय जान्छौं। हामी कहिले बजार जान्छौं। हामी कहिले साथीहरूको घरमा जान्छौं। हामी कहिले मामाघर जान्छौं। हामी कहिले कता जान्छौं, कहिले कता जान्छौं।

हामी हिंडेर विद्यालय पुग्छौं। हाम्रो विद्यालय नजिकै छ। हामी हिंडेर बजार पुग्छौं। बजार

पनि नजिकै छ । हामी साथीको घर पनि हिंडेर पुग्छौं । हाम्रो साथीको घर पनि नजिकै छ । हाम्रो मामाघर धेरै टाढा छ । हामी मामाघर बस चढेर जान्छौं ।

हामी नजिकको ठाउँमा हिंडेर पुग्छौं । हामीलाई टाढा-टाढासम्म हिँड्नुपर्‍यो भने गाह्रो हुन्छ । हामीलाई समय पनि बढी लाग्छ । टाढा-टाढा जान हामीलाई सवारी चाहिन्छ । सवारीको लागि राम्रो बाटोघाटो पनि चाहिन्छ । बाटोघाटोमा नै सवारीका साधनहरू चल्छन् । मानिसहरू पनि बाटोघाटोमा नै पैदल हिंड्छन् । हिंडेर वा सवारी चढेर आवतजावत गर्ने कामलाई यातायात भनिन्छ ।

आवतजावत वा यातायात गर्ने थरी-थरीका बाटा हुन्छन् । जमिनको बाटाबाट पनि आवत-जावत गर्न सकिन्छ । पानीको बाटोबाट पनि आवतजावत चल्छ । आकाशको बाटोबाट पनि आवतजावत चल्न सक्छ । जमिनका बाटाहरूमा

कच्ची सडक, पक्की सडक, गल्ली, गोरेटा र घोडेटाहरू पर्छन् । कच्ची र पक्की सडकमा बस, मोटर, मोटरसाइकल आदि सवारीका साधन दगुर्छन् । गल्ली र गोरेटोमा मानिस हिंड्छन् । यहाँ साइकलहरू पनि चल्छन् । घोडेटो बाटोमा घोडा चढेर गइन्छ । यहाँ पैदल पनि हिंडिन्छ । आकाशमा हवाईजहाज उड्छ । नदी वा समुद्रमा डुङ्गा र पानीजहाज चल्छन् । डुङ्गा, पानीजहाज र हवाईजहाज यी सबै साधनबाट मानिसहरूको आवतजावत हुन्छ । यी साधनका साथै मानिसले नै बोकेर पनि हामीलाई चाहिने मालसामान ओसारपसार गर्ने काम हुन्छ ।

अभ्यास

१. (क) मनमनै पढ र राम्रा अक्षरमा सार

जान्छौं, पुग्छौं, हाम्रो, गाह्रो, राम्रो, पक्की, डुङ्गा ।

(ख) सबैले सुन्ने गरी पढ र राम्रा अक्षरमा सार

जमिनका बाटाहरूमा कच्ची सडक, पक्की सडक, गल्ली, गोरेटा र घोडेटाहरू पर्छन् ।

२. पढ र कुरा बुझ

(क) हिंडेर वा सवारी चढेर आवतजावत गर्ने कामलाई यातायात भनिन्छ।

(ख) आवतजावत वा यातायात गर्ने थरी-थरीका बाटा हुन्छन्।

(ग) डुङ्गा, पानीजहाज र हवाईजहाज यी सबै साधनबाट मानिसहरूको आवतजावत हुन्छ।

३. पाठ हेरी शुद्ध पारेर लेख

(क) कहीले, साथि, नजीक शाथै, ओशारपशार, मानीश, शजिलैशँग।

(ख) हामी विद्यालय जान्छन्। उनी कहिले बजार जान्छौं। हाम्रो मामा-घरचाहीं धेरै टाढा छन्। यहाँ पैदल पनि हिंदिन्छन्। आकाशमा हवाईजहाज उड्छौ।

४. मुखैले जवाफ देऊ

(क) टाढा–टाढा जानको लागि हामीलाई के चाहिन्छ?

(ख) यातायात भनेको के हो?

(ग) यातायातको लागि कति थरीका बाटा हुन्छन्।

(घ) के यातायातका साधनहरूले मालसामानको ओसारपसार पनि गर्दछन्?

५. तलका खाली ठाउँमा मिल्दो सुहाउँदो शब्द राखी वाक्य पूरा गर

(क) टाढा–टाढा जान हामीलाई . . . चाहिन्छ। (सवारी, हुलाक, अस्पताल)

(ख) सवारीको साधन चल्न राम्रो . . . चाहिन्छ। (बाटोघाटो, हुलाकी, डाक्टर)

(ग) . . . बाट हामी एक-अर्काको खबर थाहा पाउन सक्छौं। (चिठी, औषधि, नर्स)

(घ) हुलाक घरको . . . ले हाम्रो चिठी घरघरै पुऱ्याई दिन्छ। (हुलाकी, कारिन्दा, हाकिम)

(ङ) डाक्टर वा वैद्यले हाम्रो . . . जाँच्छन्। (रोग, बाटोघाटो, बुद्धि)

(च) ठूलो चोटपटक लाग्दा वा धेरै बिरामी हुँदा . . . मा हामी भर्ना हुनुपर्छ। (विद्यालय, कार्यालय, अस्पताल)

६. तलका शब्दहरूको सुहाउँदो जोडा मिलाऊ

गोरेटो	हवाईजहाज हिंड्ने बाटो
घोडेटो	घोडा हिंड्ने बाटो
आकाश	गाई वा मानिस हिंड्ने साँगुरो बाटो
नदी वा समुद्र	डुङ्गा वा जहाज चल्ने ठाउँ ।

७. यातायातका साधनहरूले दिने फाइदाहरू मुखैले भन।

८. तलका कुराहरूमध्ये कुन-कुन सवारीका साधन हुन् ? मुखैले भन

हवाईजहाज, रेल, बस, पानीजहाज, चङ्गा, ढुङ्गा, डुङ्गा, दाउरा, रूख ।

९. खाली ठाउँका लागि ठीक शब्द छानेर लेख

(क) हवाईजहाज . . . मा उड्छ । (जमिन, पानी, आकाश)

(ख) बस . . . मा गुड्छ। (जमिन, पानी, आकाश)

(ग) पानीजहाज . . . मा चल्छ । (जमिन, पानी, आकाश)

१०. तलका दुई वाक्यहरूलाई जोडी एउटै वाक्य बनाई लेख

जस्तैः– राम! यता आऊ । श्याम! यता आऊ ।

राम र श्याम! यता आऊ ।

(क) सीता ! उता जाऊ । गीता ! उता जाऊ ।

(ख) केटा ! यता बस । केटी ! यता बस ।

(ग) इन्जिनियर ! उता बस । डाक्टर ! उता बस ।

(घ) छोरा ! यता आऊ । छोरी ! यता आऊ ।

११. तलका खाली ठाउँमा ठीक शब्द छानेर राख

जस्तैः– . . . कति राम्री पुतली । (आहा, क्या हो, धत्तेरी)

आहा ! कति राम्री पुतली ।

(क) . . . ! क्या राम्रो जून लागेको । (खै, आहा, क्या हो)

(ख) . . . ! हामी त देख्तैनौं वन, पहाड । (ओहो, आहा, अहँ)

(ग) . . . ! फोहोर न चलाऊ । (छिछि, आहा, क्या)

(घ) . . . ! बाढीले कस्तो धूम्साखान गरयो ए! (छिछि, बाफरेबाफ, अहँ)

१२. तलका शब्दको उल्टो अर्थ दिने शब्दहरू लेख

जस्तैः– यता–उता

यहाँ

तल

भित्र

पहिले

छिटो

१३. पढ र अर्थ बुझ

सुविधा	=	सहुलियत, सघाउ
सवारीका साधन	=	आवतजावत गर्न सघाउ पुऱ्याउने वस्तुहरू
पैदल हिंड्नु	=	आफ्नै गोडाले हिंड्नु
आवतजावत	=	आउजाउ, आउनु र जानु, यातायात
यातायात	=	आवतजावत
कच्ची सडक	=	पक्कीको उल्टो, कालोपत्र वा पिच नगरिएको सडक
पक्की सडक	=	कच्चीको उल्टो, कालोपत्र वा पिच गरिएको सडक
गल्ली	=	साँघुरो सडक
गोरेटो	=	गाईवस्तुसम्म हिँड्न हुने साँगुरो बाटो
घोडेटो	=	घोडा चल्न सक्ने बाटो
डुङ्गा	=	ठूला खोला वा नदी तर्ने खासगरी काठबाट बनेको एक किसिमको साधन, नाउ
ओसारपसार	=	ल्याउने लैजाने काम

१४. सामूहिक क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई जमिन, आकाश र पानीमा चल्ने सवारीका साधनहरूको अलग–अलग सूची बनाउन लगाउने ।

(ख) शिक्षकले विद्यार्थीहरूलाई वसको चित्र बनाउने तरीका सिकाई उनीहरूलाई अभ्यास गर्न लगाउने ।

तिहार

तिहार हाम्रो रमाइलो चाड हो । यो चाड धेरैजसो कार्तिक महिनामा पर्दछ । हामी यस चाडलाई पाँच दिनसम्म मनाउँछौं । यी पाँच दिनलाई यमपञ्चक वा पञ्चक भनिन्छ ।

तिहारको पहिलो दिनलाई कागतिहार भन्दछन् । कागतिहारको दिन हामी कागलाई भात खान दिन्छौं । हामी कागलाई परैबाट भए पनि पूजा गर्छौं । कागका पनि थुप्रै गुण हुन्छन् । कागले फोहोर खाइदिन्छ । कागले भलो समाचार ल्याउँछ भनी मानिसहरू भन्दछन् ।

तिहारको दोस्रो दिन कुकुरतिहार हो । यस दिन हामी कुकुरको पूजा गर्दछौं र कुकुरलाई मनपर्ने कुराहरू खान दिन्छौं । हामी कुकुरलाई माला

लगाइदिन्छौं । कुकुर गुनिलो प्राणी हो । यसले घरको हेरविचार गर्छ । यो इमानदार जनावर हो । यो दिन शहर-गाउँ सबै ठाउँका कुकुरहरू रमाएका देखिन्छन् ।

तिहारको तेस्रो दिन गाईतिहार हो । गाई-तिहार औंसीको दिनमा पर्छ । त्यस दिन बिहान गाईको पूजा हुन्छ । गाईलाई हामी लक्ष्मी मान्छौं । गाईलाई हामी आमा भन्छौं । हामी गाईको दूध खान्छौं । गाईको गहुँत पवित्र मानिन्छ । गाईको गोबरले घर पोत्ने गरिन्छ । गोबरको मलले खेती सप्रन्छ । गाई हाम्रो सम्पत्ति हो । गाई हाम्रो राष्ट्रिय जनावर हो ।

गाईतिहारको बेलुका लक्ष्मीको पूजा हुन्छ । लक्ष्मी भनेकी रूपैयाँपैसा र अन्नपातकी देवी हुन् । यसैले हामी त्यस दिन रूपैयाँपैसा र अन्नपातलाई पनि पूजा गर्छौं । हामी लक्ष्मीको तस्वीरमा पनि पूजा गर्छौं । लक्ष्मीपूजा गर्दा 'जय-जय लक्ष्मी

अन्त नजाऊ, स्थिर गर हाम्रै घरमा पाउ' भनी हामी प्रार्थना पनि गर्छौं। घरभरि ढोकामा, झ्यालमा, कोठामा र छानामा चारैतिर बत्ती बालेर त्यो दिन दीपावली मनाइन्छ। यसरी बत्तीबत्तीको चाड भएकोले तिहारलाई दीपावली भन्ने पनि चलन छ। त्यस दिन राती भैलिनीहरू घर-घरमा भैलो खेल्छन्।

तिहारको चौथो दिन गोवर्द्धन पूजा र गोरु-तिहार मनाइन्छ। गोरुले हाम्रो खेतबारी जोत्छ। गोरुले गाडा पनि तान्छ।

यही दिन नेवार दाजुभाइमा शरीरका अङ्ग-हरूको पूजाको चलन पनि छ । गोरुतिहारको दिन वा भाइटीकाको दिन देउसी पनि खेल्ने गरिन्छ ।

तिहारको अन्तिम दिन भाइतिहार वा भाइ-टीका हो । भाइटीकाको दिन दिदीबहिनीहरूले आफ्ना दाइभाइलाई तेल हालिदिन्छन् । उनीह-रूले दाजुभाइलाई पञ्चरङ्गी टीका लगाइदि-न्छन् । उनीहरूले दाजुभाइलाई मखमली, गोदा-

वरी, सयपत्री, दूबो आदिको माला पनि लगाइ-दिन्छन् । उनीहरूले दाजुभाइलाई मीठा-मीठा सेल, पुरी र अरू मिठाई खुवाउँछन् अनि मसला र फलफूल दिन्छन् । त्यस्तै दाइभाइले पनि आफ्ना दिदीबहिनीहरूलाई लुगाफाटो र दक्षिणा दिएर खुशी पार्छन् ।

तिहारमा घर, चोक, आँगन झन् सफासुग्घर पारिन्छ । यी ठाउँहरूमा लिपपोत पनि गरिन्छ । तिहारका पाँच दिन घरभरि झलमल बत्ती बालिन्छ । यस चाडमा केटाकेटीदेखि बूढाबूढीसम्म सबै खुशी हुन्छन् । तिहारमा घर, गाउँ, टोल, छिमेक सबै ठाउँ रमाइला देखिन्छन् । तिहारको चाडमा हामी पिङ खेल्छौं । हामी भैलो र देउसी खेल्छौं । यो हाम्रो रमाइलो चाड हो ।

अभ्यास

१. मनमनै पढी राम्रा अक्षरमा सार

(क) यमपञ्चक, दोस्रो, प्राणी, सम्पत्ति, औंसी, लक्ष्मी, गुन्युचोलो, देउसी, पञ्चरङ्गी ।

(ख) **सबैले सुन्ने गरी पढ र राम्रा अक्षरमा सार**

(१) यो चाड धेरैजसो कार्तिक महिनामा पर्दछ ।

(२) गाईको गहुँत पवित्र मानिन्छ ।

२. पढ र मतलब बुझ

(क) बत्ती–बत्तीको चाड भएकोले तिहारलाई दीपावली पनि भनिन्छ ।

(ख) हामी तिहारको चाड पाँच दिनसम्म मनाउँछौं । यी पाँच दिनलाई यमपञ्चक वा पञ्चक भनिन्छ ।

(ग) गाई हाम्रो सम्पत्ति हो, गाई हाम्रो राष्ट्रिय जनावर हो ।

३. पाठ हेरी शुद्ध गर

(क) भैलीनि, वत्ति, पुजा, हालीदिन्छन्, लगाईदिन्छन्, वहिनी, दाइ–भाई ।

(ख) भाइटीकाका दिन दिदी-वहिनीहरूले दाइ–भाईलाई तेल हालिदिन्छ ।

४. मुखले जवाफ देऊ

(क) तिहारको चाड धेरैजसो कुन महीनामा पर्छ ?

(ख) हामी तिहारको चाड कति दिन मनाउँछौं ?

(ग) तिहारको कुन-कुन दिनलाई के-के भनिन्छ ?

(घ) तिहारको कुन दिनमा लक्ष्मीपूजा हुन्छ ?

(ङ) लक्ष्मीपूजामा हामी के–के को पूजा गर्छौं ?

(च) तिहारको कुन दिन भाइटीका पर्छ ?

(छ) भाइटीकाका दिन दिदीबहिनीहरूले दाजुभाइलाई के–के दिन्छन् ?

५. तलका शब्दहरू राखी मिल्दो वाक्य बनाऊ

काग, कुकुर, गाई, लक्ष्मी, गोरु, तिहार

६. तलका खाली ठाउँमा मिल्दो शब्द छानेर वाक्य पूरा गर

(क) तिहार रमाइलो चाड . . . । (मानिन्छ, छन्, हुन्)

(ख) कागतिहारमा कागलाई भात खान . . . । (दिन्छिन्, दिन्छ, दिइन्छ)

(ग) गाईतिहार औंसीको दिनमा . . . । (पर्छन्, पर्छ, पर्लान्)

(घ) लक्ष्मी भनेकी रूपैंयापैसा र अन्नपातकी देवी . . . । (हो, हुन्, होइन)

(ङ) लक्ष्मीपूजाको दिन राती घरमा भैलिनीहरू भैलो खेल्न . . . ।(आउँछ, आउँछन्, आउँछे)

(च) भाइटीकाका दिन दिदीबहिनीहरूले दाजुभाइलाई मीठा-मीठ कुरा . . . । (खुवाउँछे, खुवाउँछन्, खुवाउँछ)

७. गुन गर्नेलाई गुनिलो भनेजस्तै तलका कुराहरूलाई के भनिन्छ ?

(क) रस आउने (ख) नून भएको (ग) दूध भएको (घ) पोष लाग्ने

८. तलका शब्दहरूको सुहाउँदो जोडा मिलाऊ

तिहारको पहिलो दिन	गाईतिहार
तिहारको दोस्रो दिन	भाइतिहार
तिहारको तेस्रो दिन	कागतिहार
तिहारको चौथो दिन	कुकुरतिहार
तिहारको पाँचौं दिन	गोरुतिहार

९. के तिमी अरू पनि थप्न सक्छौ ? मुखैले जवाफ देऊ

(क) तिहारमा पूजा गरिने चरा र जनावरः- काग र गोरु . . .

(ख) पीङहरूः- लिङ्गेपीङ, डोरे पीङ. . .

(ग) रोटी र मिठाईहरूः- सेल, पुरी, पेंडा. . .

(घ) खाने मसलाहरूः- सुपारी, छोकडा. . .

(ङ) तरकारीहरूः- काउली, आलु. . .

(च) फूलहरूः- मखमली, सयपत्री. . .

१०. तलका दुई शब्दका सट्टा एउटै शब्द लेख

जस्तैः– कागको तिहार = कागतिहार

(क) लक्ष्मीको पूजा (ख) गाईको तिहार (ग) भाइको टीका

(घ) यमको पञ्चक (ङ) गोरुको तिहार

११. तलका खाली ठाउँमा मिल्दो शब्द छानेर लेख

जस्तैः– सीता पनि माइत जान्छे . . . । (क्यारे, खोइ, हो)

सीता पनि माइत जान्छे क्यारे ।

(क) उमेश पनि देउसी खेल्न जान्छन् . . . ? (है, र, क्यारे)

(ख) सीता . . . तिम्रो किताब ? (खै, क्यारे, है)

(ग) तिमी कहिले आयौ . . . ? (नि, क्यारे, है)

(घ) हामी सरस्वतीको मन्दिरमा जाऔं . . . । (है, र, खोइ)

१२. तलका खाली ठाउँमा ठीक शब्द छानेर राख

जस्तैः– म दूध. . . . रोटी खान्छु । (सित, माथि, तिर)

म दूधसित रोटी खान्छु ।

(क) म बगैंचा . . . डुल्न जान्छु । (तिर, पछि, माथि)

(ख) ऊ आमा . . . पैसा माग्छ । (तिर, सँग, नेर)

(ग) मेरो घर . . . आँपको रूख छ । (सँगै, भित्र, नेर)

(घ) खरायो खाट . . . लुकेको छ। (मुनि, सित, सम्म)

(ङ) ऊ खाट . . . सुतेको छ । (भित्र, नेर, माथि)

१३. पढ र शब्दको अर्थ बुझ

परैबाट = निकै परबाट, निकै टाढाबाट

थुप्रै = धेरै

समाचार = खबर

प्राणी = ज्यान भएको, प्राण भएको, जीवात्, जीव

हेरविचार = हेरचाह

इमानदार = इमान भएको, सच्चा

रमाउनु = खुशी हुनु, आनन्द मान्नु, मक्ख पर्नु

रमाइलो = राम्रो लाग्ने, मन पर्ने
गहुँत = गाईको मूत
गोबर = गाईको मल
सम्पत्ति = रूपैयाँ, अन्नपात, जग्गाजमिन जस्ता सबै धनदौलत
दीपावली = बत्तीहरूको तांती वा लहर, धेरै बत्ती बालेर मनाउने पर्व
भैलो = तिहारमा लक्ष्मीपूजाका दिन घर-घरमा गई गाएर सगुन माग्ने र आसिक दिने गीत
भैलिनी = भैलो गाउने केटी
देउसी = तिहारमा लक्ष्मीपूजाको भोलि या पर्सिपल्ट घर–घरमा गई गाउँदै सगुन माग्ने र आसिक दिने गीत
अन्तिम = आखिरी, सबभन्दा पछिल्लो
पञ्चरङ्गी= पाँचथरी रङ्ग भएको
दक्षिणा = टीका लगाई दिइने रूपैयाँपैसा
लिपपोत = लिप्ने र पोल्ने काम

१४. सामूहिक क्रियाकलाप

(क) शिक्षकले यस पाठको पहिलो अनुच्छेद विद्यार्थीहरूलाई मुखैले भनी श्रुतिलेखका रूपमा लेखाउने र त्यसको शुद्धरूप श्यामपाटीमा लेखी विद्यार्थीहरूलाई गल्ती भएको भए सच्याउन लगाउने ।

(ख) विद्यार्थीहरू मिली तलको भैलो गीत भाका हाली गाउने ।
भैलिनी आइन् आँगन; गुन्यूचोलो मागन
हे औंसी बार, गाई तिहार भैलो ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई आफ्नो परिवारमा वर्षभरमा मनाइने चाडपर्वहरूको महीना अनुसारको सूची बनाउन लगाउने ।

(घ) शिक्षकले काग, कुकुर, गाई र गोरुको चित्र श्यामपाटीमा लेखी सो लेख्ने तरीकाहरू सिकाई विद्यार्थीहरूलाई तिनको चित्र कोर्ने र रङ्ग भर्ने अभ्यास गराउने ।

समय र यसको महत्त्व

चौबीस घण्टाको एक दिन हुन्छ। एक बिहानदेखि अर्को बिहान हुनुभन्दा अगिको समयलाई एक दिन भनिन्छ। सात दिनको एक हप्ता हुन्छ। हप्ताका सात दिनहरूलाई हामी बार भन्छौं। बार सातवटा हुन्छन्। ती सात बारहरू यी हुन्:- आइतबार, सोमबार, मंगलबार, बुधबार, बिहीबार शुक्रबार र शनिबार।

दिनहरूबाट नै महीना बन्छ। धेरैजसो ३० दिनको एक महीना हुन्छ। महीना छोटोमा २९ दिन र लामोमा ३२ दिनको हुन्छ। महीना बाह्रवटा हुन्छन्। बाह्र महीनाको एक वर्ष हुन्छ। बाह्र महीनाका नामहरू यी हुन्:– वैशाख, जेठ, असार, साउन, भदौ, असोज, कार्तिक, मंसीर, पुस, माघ, फागुन, चैत।

एकपछि अर्को वर्ष आइरहन्छ। घण्टा, दिन, हप्ता, महीना र वर्ष हुँदै समय सधैं नै हिंडिरहन्छ।

हामीले बार, गते, महीना र वर्ष थाहा-पाइरहनुपर्छ। यी कुराहरू थाहा पाउँदा हामीलाई धेरै फाइदा हुन्छ। पात्रो या भित्तेपात्रोबाट यी कुरा थाहा पाइन्छ।

सबै दिन, महीना र वर्षमा जाडो-गर्मी एकनास हुँदैन। कहिले चर्को गर्मी हुने दिनहरू आउँछन्। कहिले जाडो बढी हुने दिनहरू आउँ-

छन् । कहिले जाडो र गर्मी ठीक-ठीक नै हुन्छ । जाडो गर्मी अनुसार वर्षभरमा मौसम फरक हुन्छ ।

हाम्रो देशमा खासगरी फागुन, चैतदेखि गर्मी शुरू हुनथाल्छ । वैशाख र जेठमा त निकै गर्मी हुन्छ । गरम मौसममा हामी पातला लुगा लगाउँछौं । गर्मीमा रात छोटा र दिन लामा हुन्छन् । असारदेखि पानी पर्न थाल्छ । यसलाई वर्षामास भनिन्छ । यो वर्षामास साउन र भदौ महीनासम्म रहन्छ ।

गर्मीको समयमा नै पानी पर्छ । त्यो पानी बादलबाट झर्छ । यही मौसममा नै हामी खेती-पातीको काम गर्छौं । हाम्रो देशमा धान रोप्ने मुख्य समय पनि यही हो ।

वर्षाको समय सकिएपछि असोजदेखि माघ, फागुनसम्म जाडो बढ्दै-बढ्दै जान्छ । जाडोमा दिन छोटो र रात लामो हुन्छ । जाडो याममा

हामी बाक्ला र न्याना लुगा लगाउँछौं । हामी घाम पनि ताप्छौं । पाहारिलो घाममा बस्न रमाइलो हुन्छ । घामले पनि हामीलाई न्यानो दिन्छ । घामले हाम्रो शरीरलाई फाइदा गर्छ । घाम हाम्रो लागि नभई नहुने चीज हो ।

समय बदलिइरहन्छ । कहिले बिहान हुन्छ । कहिले साँझ पर्छ । कहिले दिउँसो हुन्छ । कहिले रात हुन्छ । बार बदलिइरहन्छ । महिना बदलिइराख्छ । मौसम बदलिइरहन्छ । जाडोपछि गर्मी र गर्मीपछि बर्सात् हुँदै समय बदलिइरहन्छ । एक वर्षपछि अर्को वर्ष आइरहन्छ । समय रोकिंदैन , समय हिंडिरहन्छ ।

समयको महत्त्व धेरै छ । समयको महत्त्व बुझी काम गर्ने मानिस ठूलो मान्छे बन्छ । उसले समयमा काम शुरू गर्छ र समयमा काम सक्छ ।

हामीले पनि हरेक दिन ठीक-ठीक समयमा काम गर्नुपर्छ । रात बिती सूर्य उदाउँदा

बिहान हुन्छ । हामी बिहान सबेरै उठ्छौं, हामी सबभन्दा पहिले दिसा-पिसाब गर्छौं । अनि हात मुख राम्ररी धुन्छौं र पढ्न थाल्छौं । त्यसपछि खाना खाई विद्यालय जाने तयारी गर्छौं । सफा-सुग्घर भई लुगा लगाएपछि झोलामा किताब राखी हामी विद्यालय जान्छौं । हामी पढ्न थाल्छौं । सूर्य बिस्तार-बिस्तार आकाशमाथि पुग्छ अनि सूर्य ज्यादै चम्कन्छ । यसलाई दिउँसोको समय भन्दछन् । यस समयमा हामीलाई केहीबेर खाजा खाने छुट्टी हुन्छ । यस छुट्टीमा हामी खाजा खान्छौं र केहीबेर खेल्छौं ।

साँझमा सूर्य अस्ताउँछ । सूर्य अस्ताएपछि अँध्यारो हुन्छ । त्यसपछि रातको समय आउँछ । राती अँध्यारो हुन्छ । राती आकाशमा ताराहरू-चाहिं चम्किरहेका हुन्छन् । चन्द्रमा उदाएको रात केही उज्यालो हुन्छ । चन्द्रमा उदाएको बेलालाई हामी जून लागेको बेला भन्छौं । जून लागेको बेला रमाइलो हुन्छ ।

हामीहरू रात परेपछि घर-घरमा बत्ती बाल्छौं। हामी केहीबेर लेखपढ गर्छौं अनि बेलुकीको खाना खान्छौं। राती हामी सुत्छौं। दिनभरिको कामपछि राती सुत्ने बेला हो। रात बितेपछि फेरि बिहान हुन्छ। सूर्य फेरि उदाउँछ। यसरी एक दिन हुन्छ। यस्ता दिनहरू सधैं-सधैं आइरहन्छन्।

समय थाहा पाउन हामी घडी हेर्छौं। घडीले हामीलाई समय बताइदिन्छ। घामको छाया हेरेर पनि समय थाहा पाउन सकिन्छ। रातमा चन्द्रमा र ताराहरूलाई हेरेर पनि समय थाहा पाउन सकिन्छ।

हामीले बेकारमा बिताएको समय चाहिं फेरि फर्कंदैन। त्यसैले हामीले समयलाई खेर फाल्नुहुँदैन। हामीले ठीक-ठीक समयमा काम गर्नुपर्छ। हामीले राम्रा-राम्रा काम गरेर समय बिताउनुपर्छ।

अभ्यास

१. पढ र रान्ना अक्षरमा सार

(क) शुक्रबार, हप्ता, भित्तेपात्रो, न्याना, वर्षामास, अस्ताएपछि, अँध्यारो, चन्द्रमा ।

(ख) घण्टा, दिन, हप्ता, महिना र वर्ष हुँदै समय सधैं नै हिंडिरहन्छ।

२. पढ र कुरा बुझ

(क) चौबीस घण्टाको एक दिन हुन्छ । सात दिनको एक हप्ता हुन्छ । एक हप्तामा सात बार हुन्छन् । धेरैजसो तीस दिनको एक महिना हुन्छ । महिना बाह्रवटा हुन्छन् । बाह्र महिनाको एक वर्ष हुन्छ । वर्षमा धेरैजसो ३६५ दिन हुन्छन् । पात्रो वा भित्तेपात्रोबाट यी कुरा थाहा हुन्छ ।

(ख) मौसम बदलिइरहन्छ । जाडोपछि गर्मी र गर्मीपछि बर्सात हुँदै समय बदलिरहन्छ ।

३. मुखैले जवाफ देऊ

(क) सात बारका नाउँहरू के-के हुन् ?

(ख) धेरैजसो महिना कति दिनका हुन्छन् ?

(ग) बाह्र महिनाका नाउँहरू के-के हुन् ?

(घ) जाडोमा दिन कि रात लामो हुन्छ ?

(ङ) गर्मीमा रात कि दिन छोटो हुन्छ ?

(च) के राती आकाशमा ताराहरू पनि उदाउँछन् ?

(छ) हामीलाई घडीले के बताइदिन्छ ?

(ज) बेकारमा समय खेर फाल्न हुन्छ कि हुँदैन ?

(झ) बेकारमा खेर फालेको समय फेरि फर्कन्छ कि फर्कन्न ?

(ञ) के तिमीले पात्रो र भित्तेपात्रो देखेका छौ ?

४. लेखेर जवाफ देऊ

(क) कति घण्टाको एक दिन हुन्छ ?

(ख) कति दिनको एक हप्ता हुन्छ ?

(ग) सबभन्दा छोटो र सबभन्दा लामो महिना कति-कति दिनका हुन्छन् ?

(घ) कति महिनाको एक वर्ष हुन्छ ?

(ङ) हाम्रो देशमा खासगरी कुन महिनादेखि गर्मी शुरू हुन्छ ?

(च) जाडो समयमा हामी कुन किसिमका लुगाहरू लगाउँछौं ?

५. ठीक-बेठीक छुट्याऊ

(क) धेरैजसो महिना २९ दिनका हुन्छन् ।

(ख) हिउँदमा गर्मी हुन्छ ।

(ग) समय रोकिँदैन, समय हिँडिरहन्छ ।

(घ) घडीले समय थाहा पाउन मद्दत गर्छ ।

६. पाठ हेरी शुद्धचाएर सार

(क) ति, यि, वीहानदेखी, त्यशपछि, गर्मि, बीताउनूपर्छ, घडि ।

(ख) राती आकाशमा ताराहरूचाहिं चम्किरहेको हुन्छ ।

(ग) महिना बारवटा हुन्छ ।

७. तलका खाली ठाउँमा चहिने बारका नामहरू लेख

(१) आइतबार (२) . . . बार (३) मंगलबार (४) . . . बार

(५) . . . बार (६) . . . बार (७) शनिबार

८. तलका खाली ठाउँमा महिनाको नाम भर

(१) वैशाख (२) जेठ (३) . . . (४) साउन (५) . . .

(६) असोज (७) कार्तिक (८) . . . (९) पुस (१०) . . .

(११) फागुन (१२) चैत

९. तलका खाली ठाउँमा ठीक शब्द छानेर राख

जस्तै:– राम . . . छ । (ज्ञानी, ज्ञान, गुन)

राम ज्ञानी छ ।

(क) बहिनी . . . छ । (राम्रो, राम्रा, राम्री)

(ख) गुरु . . . हुनुहुन्छ । (पुस्तक, असल, शिक्षक)

(ग) सुनीता . . . भई । (नेता, ज्ञान, गुन)
(घ) श्याम . . . छ । (सिपालु, सीप, रमिता)
(ङ) म . . . हुन्छु । (धनी, धन, मन)

१०. तलका खाली ठाउँमा सुहाउँदो शब्द छानेर लेख

जस्तै:– म . . . हेर्छु । (नाटक, बोली, बास्ना)
म नाटक हेर्छु ।

(क) सीता . . . लेख्छिन् । (कलम, कागज, चिठी)
(ख) राम . . . गाउँछ । (बाजा, गीत, कथा)
(ग) राधा . . . खान्छिन् । (बिस्कुट, बास्ना, बटुको)
(घ) तिमी. . . बाल्छौ । (बत्ती, पत्ती, हात्ती,)
(ङ) उनी . . . गर्छन् । (नाम, काम, माम)

११. पढ र शब्दको अर्थ बुझ

पात्रो = वर्षभरिको महिना, गते, बार आदिको जानकारी दिने
भित्तेपात्रो = भित्तामा झुन्ड्याइने पात्रो, क्यालेण्डर
फरक-फरक = बेग्लाबेग्लै, भिन्नाभिन्नै किसिमको
एकनास = बराबर, समान
मुख्य = खास, प्रमुख
पाहारिलो = घाम लागिरहने ठाउँ, पहारलाग्ने ठाउँ
न्यानो = तातो
चम्कनु = चहकिनु, चमक–चमक गर्नु
बेलुकी = साँझ र त्यसपछिको समय, रातको शुरूको वा पहिलो भाग

१२. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई भित्तेपात्रो वा पात्रो देखाई त्यसबाट महिना, गते, बार, पत्ता लगाउन सिकाउने ।
(ख) विद्यार्थीहरू मिली वर्षभरका मुख्य-मुख्य चाडपर्वको सूची बनाउने ।
(ग) शिक्षकले विद्यार्थीहरूका बीचमा गर्मी र जाडोको याममा कुन–कुन किसिमका लुगा लगाइन्छ भन्ने कुराको छलफल गराउने ।

(घ) शिक्षकले विद्यार्थीहरूलाई बिदाका बखत एक हप्ताका सात दिनमा सात जना साथीको घरमा जाने कार्यक्रमबारे र साथीको नाम पनि खुलाई लेख्न लगाउने ।

(ङ) शिक्षकले विद्यार्थीहरूलाई एक दिनको आफ्नो दैनिक कार्यतालिका बनाएर देखाउने र विद्यार्थीहरूलाई पनि बिहान कति बजे उठ्ने, कति बजेसम्म पढ्ने, कति बजे खाना खाने र कति बजे विद्यालय जाने अनि बेलुका कति बजेदेखि पढ्ने, कति बजे खाना खाने र कति बजे सुत्ने भन्ने दैनिक कार्यतालिका बनाउन लगाउने ।

(च) शिक्षकले विद्यार्थीहरूलाई घडीको चित्र देखाई समय हेर्ने अभ्यास गराउने ।

हाम्रो पृथ्वी



पृथ्वी मानिस, पशुपन्छी, माछा र कीरा-फटचाङ्ग्राहरूको पनि साझा घर हो । पृथ्वीमा जमिन र पानी दुवै छन् । पृथ्वीमा जमिनभन्दा धेरै पानी छ । पृथ्वीको पानी-पानी भएको भागलाई समुद्र वा महासागर भन्दछन् । हाम्रो देशमा समुद्र छैन ।

पृथ्वीमा समुद्रबाहेक पानीका अरू स्रोत पनि छन् । नदी, झर्ना, ताल, पोखरी, कुवा, कुलो आदिमा पनि पानी हुन्छ। जमीनमुनि पनि पानी हुन्छ। पानी जमेपछि हिउँ हुन्छ र हिउँ पग्लँदा पानी हुन्छ ।

मानिसलाई पानी नभई हुँदैन । जनावरलाई र बोटबिरुवालाई पनि पानी चाहिन्छ । पानीले धेरै काम दिन्छ ।

पृथ्वीको जमिन भाग खासगरी माटो र ढुङ्गाले बनेको छ । पृथ्वीको जमिन भागमा पहाड र मैदान हुन्छन् । पहाड माटो र ढुङ्गाले बनेको हुन्छ । पहाडमा कतै घाँस, झारपात र कतै रूखले ढाकेका हुन्छन् । हाम्रो देशमा धेरै हिउँ जम्मा भएको पहाड-लाई हिमाल भनिन्छ। जमीनको धेरै रूखले ढाकेको ठाउँलाई जङ्गल भन्दछन् । सम्म परेको ठाउँलाई समतल वा मैदान भन्दछन् । मैदानमा धेरै माटो वा बालुवा हुन्छ। वरिपरि पहाड भएको फराकिलो

मैदानलाई चाहिं उपत्यका भन्दछन् । काठमाडौं, पोखरा, दाङदेउखुरी र सुर्खेत भन्ने ठाउँहरू नेपालका उपत्यकाहरू हुन् । बीचमा नदीले काटेको सानो उपत्यकालाई बेंसी भन्दछन् । फाँट र टार-हरू पनि साना मैदान नै हुन् । जमीनका यस्ता अनेक रूप हुन्छन् । जमिन हाम्रो लागि महत्त्वपूर्ण छ । हामी जमिनबाट अन्न उब्जाउँछौं र जमिनमा नै घर बनाएर बस्छौं ।

अभ्यास

१. (क) **मनमनै पढ र रान्ना अक्षरमा सार**

पृथ्वी, पशुपन्छी, कीराफट्याङ्ग्रा, समुद्र, स्रोत, पग्लँदा, चाहिन्छ ।

(ख) **अरूले सुन्ने गरी पढ र रान्ना अक्षरमा सार**

काठमाडौं, पोखरा, दाङदेउखुरी र सुर्खेत भन्ने ठाउँहरू नेपालका उपत्यकाहरू हुन् ।

२. **पढ र कुरा बुझ**

(क) पृथ्वीको धेरै पानी भएको भागलाई समुद्र वा महासागर भन्दछन् ।

(ख) पानी जमेपछि हिउँ हुन्छ र हिउँ पग्लँदा पानी हुन्छ ।

(ग) वरिपरि पहाड भएको फराकिलो मैदानलाई उपत्यका भन्दछन् ।

३. (क) लेखेर जवाफ देऊ

(१) धेरै रूखले ढाकेको जमिनको भागलाई के भन्दछन् ?

(२) हामी कहाँ घर बनाएर बस्छौं ?

(३) पृथ्वीमा पानीको भाग धेरै छ कि जमिनको भाग धेरै छ ?

(४) के जनावर र बोटबिरुवालाई पनि पानी चाहिन्छ ?

(ख) मुखैले जवाफ देऊ

(१) पृथ्वी कसको साझा घर हो ?

(२) पृथ्वीको धेरै पानी भएको भागलाई के भन्दछन् ?

(३) पृथ्वीको जमिन भाग खासगरी के–के कुरा मिलेर बनेको छ ?

४: तलका खाली ठाउँमा मिल्दो शब्द छानेर लेख

जस्तै:– म . . . पहाडहरू मनपराउँछु । (हरियो, हरिया, हरियी)

म हरिया पहाडहरू मनपराउँछु ।

(क) तिमी . . . लुगाहरू लगाउँछ्यौ ? (रातो, राता, राती)

(ख) तपाईंले . . . गीतहरू साह्रै मीठा छन् । (गाएको, गाएका, गाएकी)

(ग) अर्चना . . . केटी हो । (सानो, साना, सानी)

(घ) म . . . खानेकुराहरू पकाउँछु । (मीठो, मीठा, मीठी)

(ङ) . . . केटीहरू चलाख हुन्छन् । (पढेको, पढेकी, पढेका)

५. तलका शब्दहरूको सुहाउँदो जोडा मिलाऊ

(क) पृथ्वीको पानी–पानी भएको भाग	(क) पृथ्वी
(ख) मानिस र पशुपन्छी आदिको साझा घर	(ख) जङ्गल
(ग) जमिनको रूखैरूखले ढाकिएको भाग	(ग) हिमाल
(घ) हिउँले ढाकिएको भाग	(घ) महासागर
(ङ) बीचमा नदीले काटेको सानो उपत्यका	(ङ) बेंसी

६. पढ र शब्दको अर्थ बुझ

पानीको स्रोत = पानीको मूल, पानी रहेको ठाउँ

नदीनाला = ठूला–साना खोला

महत्त्वपूर्ण = ठूलो, ज्यादै काम लाग्ने

फाँट = जमिनको खेतैखेत भएको भाग

टार = बेंसीको सम्म परेको सुख्खा जग्गा

७. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई भू–चित्रको भकुण्डो (ग्लोब) वा पृथ्वीको नक्सा देखाउने र त्यसमा पानी र जमिनको भाग छुट्याई बताइदिने अनि त्यहाँ नेपाल कहाँनेर पर्छ भनी चिनाउने ।

(ख) शिक्षकले विद्यार्थीहरूलाई पृथ्वीको जमिन भागमा भएका ढुङ्गा, माटो, जङ्गल आदि कुराहरूको सूची बनाउन लगाउने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई पृथ्वीमा बस्ने (क) जनावर (ख) चरा र (ग) कीराफटचाङग्राहरूका दस–दसवटा नामका अलग–अलग सूची बनाउन लगाउने ।

(घ) शिक्षकले कुनै शुक्रबारको आधा बिदापछि विद्यार्थीहरूलाई आफ्नो विद्यालयको वरपरका जमिन भागको र पानीको स्रोतसम्बन्धी स्थलगत अवगत गराउने ।

शुद्ध हावा र पानी

हाम्रो वरिपरि हावा छ। हावाविना हामी बाँच्न सक्दैनौं । हामीलाई सास फेर्न शुद्ध र ताजा हावा चाहिन्छ। फोहोर र दुर्गन्धी हावाले हामीलाई हानि गर्छ ।

हावा हाम्रो वरिपरि जहाँसुकै हुन्छ। हामी हावालाई आँखाले देख्न सक्दैनौं। हामी हावा लागेको थाहा मात्र पाउँछौं ।

हामीलाई घर भित्र बस्न हावा चाहिन्छ। झ्याल, ढोका राम्ररी राखेको घरमा हावा राम्ररी लाग्छ। झ्याल, ढोकाबाट ताजा हावा आउँछ र खराब हावाचाहिं बाहिर जान्छ। फोहोर भएको ठाउँमा बस्नुहुँदैन । हामी धूवाँ लाग्ने ठाउँमा पनि बस्नुहुँदैन । हामीले शुद्ध र सफा हावा

पाउन आफ्नो-आफ्नो घर वरिपरि रूखबिरुवा लगाउनुपर्छ । हावा राम्ररी चल्ने खुल्ला ठाउँमा घरबास गर्नु र डुल्ने घुम्ने गर्नु बेस हुन्छ । शुद्ध र सफा हावाले हामीलाई फाइदा गर्छ ।

हावा जस्तै पानी पनि हामीलाई नभई नहुने चीज हो । हामी पानीविना बाँच्न सक्तैनौं । तिर्खा लाग्दा हामी पानी खान्छौं । लुगा धुन, हात खुट्टा धुन, नुहाउन र खानेकुरा पकाउन पनि हामीलाई पानी चहिन्छ । खेतीपातीको लागि पनि पानी चाहिन्छ । हाम्रा वस्तुभाउहरू र बोट-बिरुवाको लागि पनि पानी चाहिन्छ ।

पानी आकाशबाट पर्छ । आकाशबाट परेको धेरै जसो पानी नदी, खोला र कुलोमा बगेर जान्छ । वर्षाको केही भाग पानी जमिनले सोस्छ र जमिनमुनि पनि जान्छ । जमिनमुनि रहेको पानी मूल फुटेर बाहिर निस्कन पनि सक्छ ।

मूलको पानी मीठो हुन्छ । कुवा र इनार खनेर पनि जमिन मुनिको पानी निकाल्न सकिन्छ ।

पृथ्वीमा पानी पाइने स्रोतहरू थरी-थरीका छन् । ताल, पोखरी, खोला, नदी र समुद्रहरू पानी पाइने मुख्य ठाउँहरू हुन् । हामी खास गरी इनार, कुवा, पँधेरा र धाराबाट खाने पानी ल्याउँछौं ।



हामीले सधैं सफा पानी खाने गर्नुपर्छ । फोहोर पानीले पेट दुख्छ, पखाला लाग्छ । फोहोर पानीले पेटमा जूका पर्छ । पानीलाई पातलो

कपडाले छानेर वा उमालेर सफा पार्न सकिन्छ । फोहोर पानीमा आँखाले नदेखिने मसिना कीटाणुहरू हुने हुनाले पानी उमालेर खानु राम्रो हो । पानी उमाल्दा पानीमा रहेका नदेखिने कीटाणुहरू मर्छन् र पानी सफा हुन जान्छ ।

खाने पानीमा हात डुबाउनुहुँदैन । जथाभावी मैलो हालेर पानी फोहोर पार्नुहुँदैन । हामीले पानीको हिफाजत गर्नुपर्छ । कलधारा खुला राखेर पानी खेर फाल्नु पनि हुँदैन ।

अभ्यास

१. पढ र राम्रा अक्षरमा सार

(क) दुर्गन्धी, झ्याल, वस्तुभाउ, स्रोतहरू, राम्ररी, मुख्य ।

(ख) हामी हावालाई आँखाले देख्न सक्दैनौं । हामी हावा लागेको मात्र थाहा पाउँछौं ।

२. पढ र कुरा बुझ

(क) हामीलाई सास फेर्न शुद्ध र ताजा हावा चाहिन्छ ।

(ख) पानीमा आँखाले नदेखिने मसिना कीटाणुहरू हुने हुनाले पानी उमालेर खानु राम्रो हो ।

३. मुखैले जवाफ देऊ

(क) हामीलाई सास फेर्न कस्तो हावा चाहिन्छ ?

(ख) के हामी हावालाई आँखाले देख्न सक्छौं ?

(ग) कस्तो घरमा हावा राम्ररी लाग्छ ?

(घ) उमालेको पानी खान हुन्छ कि हुँदैन ?

(ङ) के नुहाउन पनि पानी चाहिन्छ ?

(च) तिमी खाने पानी कहाँबाट ल्याउँछौ ?

४. लेखेर जवाफ देऊ

(क) सास फेर्न हामीलाई के चाहिन्छ ?

(ख) फोहर र दुर्गन्धी हावाले हामीलाई के गर्छ ?

(ग) फोहर पानीमा के हुन्छन् ?

५. पानीको बयान गरी चार वाक्य लेख ।

६. पाठ हेरी शुद्ध गरी लेख

(क) शास, सुद्द, हानी, धुवा, सधै, विज, पर्कास, पृथीवी, किटाणु, हुन्दैन ।

(ख) हामी हावालाई आँखाले देख्न सकिदैन ।

७. तलका शब्दहरू पढी तिनको अर्थमा के फरक, छ बताऊ

(क) धुंवा र बादल

(ख) झ्याल र ढोका

(ग) खोला र कुलो

(घ) इनार र कुवा

(ङ) ताल र कुवा

(च) नदी र पोखरी

८. तलका शब्दहरू राखेर एक–एकवटा मिल्दो वाक्य बनाऊ

आँखाले, घरभित्र, ढोकाबाट, ठाउँमा, हामीलाई, बिरुवाको, जमिनमुनि ।

९. तलको पहिलो वाक्य अनुसार दोस्रो वाक्यका खाली ठाउँहरूका निम्ति ठीक शब्द छान

जस्तै:–(अ) एउटा कलम बाँकी छ । त्यो कलम . . . लिन्छ ?

(को, कसलाई, कसको)

त्यो कलम को लिन्छ ?

(आ) मेरो किताब यहीं छ । तिम्रो किताब कहाँ . . . (छ, छ ?, छकि)

तिम्रो किताब कहाँ छ ?

(क) मेरो काम सकियो । . . . तिम्रो पनि काम सकियो ?

(के, कहाँ, को)

(ख) मैले खाजा खाएँ । के तिमीले पनि खाजा . . .

(खायो, खायौ ?, खाई)

(ग) मैले केही सुनिन । तिमीले के भनेका . . .

(हौ, हो ?, हौ ?)

(घ) अब म त लेख्छु । . . . तिमी पनि लेख्छौ ?

(को, के, कुन)

(ङ) योचाहिं मेरो छाता हो । तिम्रोचाहिं . . . हो ?

(कुन, कहिले, को)

१०. पढ र शब्दको अर्थ बुझ

दुर्गन्धी = नराम्रो वास आउने, फोहर, ह्वास्स गह्नाउने

पखाला = पेट बिग्रेर लगातार हुने पातलो दिसा वा झाडा

कीटाणु = आँखाले नदेखिने साना–साना कीरा

जुका = पेटमा पर्ने एक किसिमको कीरा

घरबास गर्नु = घर बनाएर बस्नु

बिना = बाहेक, बेगर

मूल फुट्नु = जमीन भित्रको पानीको स्रोत बाहिर निस्कनु

११. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई पानीका स्रोतहरूबारे छलफल गराउने र गृहकार्यको रूपमा ती स्रोतको सूची बनाउन लगाउने ।

(ख) शिक्षकका निर्देशनमा विद्यार्थीहरू मिली कुनै शुक्रवारको दिन आधा बिदा भएपछि विद्यालयको वातावरण सफा राख्न आफ्नो कक्षा–कोठा, विद्यालयको हाता र नजिकै पर्ने धारो, कुवा वा पँधेरो सफा गर्ने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई हावाबारे विभिन्न क्रियाकलापबाट बुझाउने ।

हाम्रो देश

हाम्रो देशको नाउँ नेपाल हो। संसारका धेरै देशहरूमध्ये नेपाल पनि एउटा हो। नेपालका पूर्व, पश्चिम र दक्षिण दिशामा भारत भन्ने देश पर्दछ। नेपालका उत्तरतर्फ चीन भन्ने देश छ। चीन र भारत हाम्रा ज्यादै नजिकका दुई छिमेकी देश हुन्।

हाम्रो नेपाल देश पूर्व-पश्चिम लाम्चो आकार-को छ । यो देश झन्डै-झन्डै ईंटको आकारको छ । नेपालको पूर्व सिमानामा मेची नदी छ । नेपालको पश्चिम सिमानामा महाकाली नदी छ । मेची र महाकाली हाम्रा पूर्व-पश्चिम सिमानाका नदी हुन् । नेपालमा धेरै खोला-नाला र नदीहरू छन् । कोसी, गण्डकी र कर्णाली नेपालका ठूला-ठूला नदी हुन् ।

नेपालको उत्तर भागमा हिमालय पहाड छ । हिउँले ढाकिएका निकै अग्ला-अग्ला धेरै नै चुचुरा-हरू नेपालमा पर्दछन् । संसारको सबैभन्दा अग्लो चुचुरो सगरमाथा पनि नेपालमै छ । नेपालको उत्तरतर्फको भागलाई हिमाली भेग भनिन्छ । हिमाली भेग निकै रमाइलो छ । यो भेग हिउँले गर्दा निकै चिसो छ । यस भेगमा सेर्पा र थकाली जस्ता जातिहरू बस्दछन् । यहाँ फापर र आलु जस्ता थोरै कुराको मात्र खेती हुन्छ । यहाँका मानिसहरू च्याङ्ग्रा, खच्चर र चौंरीगाई जस्ता

जनावर पाल्दछन् । यहाँ कस्तूरी मृग पनि हुन्छ । यहाँ डाँफे र मुनाल जस्ता राम्रा चरा पनि हुन्छन् ।

हिमाली भेगदेखि तल दक्षिणपट्टिको भाग पहाडी भेग हो । यहाँ अग्ला, होचा दुवै किसिमका डाँडाकाँडाहरू छन् । यी डाँडाकाँडाहरूका तल्ला भागमा सम्म परेका साना बेंसी र ठूला उपत्यकाहरू पनि छन् । यहाँको पहाडी भेगमा ज्यादा जाडो पनि हुँदैन, ज्यादा गर्मी पनि हुँदैन । यहाँको हावापानी ठीकैको छ । यहाँ धेरै थरी जातजातिका मानिसहरू बस्दछन् । यहाँ बाहुन, क्षत्री, दमाई, कामी, सार्की, राई, लिम्बू, तामाङ, नेवार, गुरुङ, मगर, चुरौटे आदि धेरै जातजातिको बसोबास छ । यहाँ धान, मकै, कोदो, मास, भटमास र सागपातहरू उब्जन्छन् । यहाँ केरा, सुन्तला, अम्बा, चिउरी, आरु जस्ता धेरै थरी फलफूल पनि फल्छन् । यहाँका मानिसहरू गाई-गोरु, राँगो-भैंसी, बाख्रा,

सुँगुर र कुकुर जस्ता जनावर पाल्दछन् । यहाँ परेवा, कुखुरा, हाँस जस्ता चराचुरुङ्गी पनि पाल्दछन् । यहाँ वनजङ्गलमा चितुवा,भालु,स्याल, फ्याउरो जस्ता जनावर हुन्छन् । यहाँ ढुकुर, काग, कोइली, सारौं, जुरेली, कालिज र तित्रा जस्ता थरी-थरीका चरा हुन्छन् । पहाडी भेग पनि रमाइलो छ ।

नेपालको पहाडी भेगभन्दा तलको दक्षिणको सम्म परेको मैदान तराई भाग हो । यहाँ निकै गर्मी हुन्छ । यहाँ पनि धेरै जातजातिका मानिस बस्छन् । यहाँ बाहुन, क्षत्री, यादव, थारू, अहिर, राजवंशी, घिमाल, मुसलमान जस्ता जातजातिको बसोबास छ । तराईको माटो निकै मलिलो छ । त्यसैले यहाँको जमिन उब्जाउ छ । यहाँ धान, गहुँ, तोरी, उखु र सनपाटको खेती धेरै हुन्छ । यहाँ विभिन्न जातका दालहरूको पनि निकै उब्जा हुन्छ । यहाँ आँप, केरा र लिची जस्ता फलफूल पनि हुन्छन् ।

यहाँ धेरै कल-कारखाना पनि छन् । यहाँ साल, सिसौ आदिको घना जङ्गल पनि छ । यहाँका जङ्गलमा हात्ती, गैंडा, बाघ र मृग जस्ता जनावरहरू पाइन्छन् । यहाँ सुगा र मुजुर जस्ता चरा पनि हुन्छन् । यहाँ पोखरीमा माछा पाल्ने चलन छ । यहाँका नदीमा गोही पनि पाइन्छन् । यहाँका मानिसले पनि गाई-गोरु, राँगा-भैंसी र बाख्रा पाल्दछन् । यहाँ कुखुरा र हाँस पनि पाल्दछन् । तराई भेग पनि रमाइलो छ ।

नेपालका हिमाल, पहाड या तराई जुन भाग-मा बसे पनि हामीहरू नेपाली नै हौं । हाम्रो जात-जाति जे भए पनि हामी सबै नेपाली नै हौं । नेपालको राजधानी काठमाडौं हो ।

नेपालका मानिसहरूले धेरै थरी भाषा बोल्छन् । नेपाली हाम्रो साझा भाषा हो । नेपाली भाषा हाम्रो राष्ट्रभाषा हो ।

नेपालका धेरैजसो मानिसहरूले हिन्दूधर्म मान्दछन् । केहीले बौद्धधर्म मान्दछन् । केहीले इस्लामधर्म मान्दछन् । यहाँ अरू धर्म मान्नेहरू पनि छन् , तर जुन धर्म माने पनि हामी सबै नेपाली नै हौं ।

नेपालीहरू थरी-थरीका लुगा लगाउँछन् । दौरा-सुरुवाल, टोपी र कोट लोग्नेमान्छेहरूको राष्ट्रिय पोशाक हो । चोलो, फरिया र पछेउरा नेपाली आइमाईहरूको राष्ट्रिय पोशाक हो ।

नेपाल सबै जातजातिका पुर्खाहरूले मिली बनाएको देश हो । यहाँ धेरै पहिलेदेखि हाम्रा पुर्खाहरू बस्तै आएका हुन् । हामी जस्तै हाम्रा पुर्खाहरू पनि राजालाई मान्थे । यहाँ थरी-थरी राजाहरूले राज्य गरेका थिए । राजा र जनता दुवै मिली हामीले यो देश बनाएका हौं । यहाँ पहिले किराँत राजाहरूले पनि राज्य गरे । यहाँ लिच्छवि, मल्ल, सेन र अरू राजाहरूले पनि राज्य

गरे । गोर्खाका राजा श्री ५ पृथ्वीनारायण शाह-बाट हिमाल, पहाड, मधेसका स-साना राज्यहरू-लाई जोडी नयाँ नेपाल बनाइएको हो । हाम्रा सबै पुर्खाहरूले मिली यो देश बनाए । श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहका एघारौं पुस्तामा अहिले हाम्रा राजा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव होइबक्सन्छ । हामी राजालाई मान्छौं ।

नेपाल हामी सबैको साझा देश हो । हामी सबै नेपाल आमाका छोराछोरी हौं । हामी मातृ-भूमि नेपाललाई औधी माया गर्छौं ।

अभ्यास

१. (क) मनमनै पढ र रिक्त अक्षरमा सार

गण्डकी, कर्णाली, कस्तूरी, सुन्तला, चराचुरुङ्गी, प्याउरो, बौद्ध, इस्लाम, मातृभूमि ।

(ख) अरूले सुन्ने गरी पढ र रिक्त अक्षरमा सार

(१) हाम्रो देशको नाउँ नेपाल हो ।

(२) नेपालको पश्चिम सिमानामा महाकाली नदी छ ।

२. पढ र कुरा बुझ

(क) संसारको सबैभन्दा अग्लो चुचुरो सगरमाथा हो ।

(ख) तराईमा निकै गर्मी हुन्छ ।

३. (क) लेखेर जवाफ देऊ

(अ) नेपालका ठूलठूला नदीका नाम के–के हुन् ?

(आ) नेपालको हिमाली भेगदेखि तलको दक्षिणपट्टिको भागलाई के भनिन्छ ?

(इ) संसारको सबैभन्दा अग्लो चुचुरोको नाम के हो ?

(ई) नेपालको पूर्व, पश्चिम, दक्षिण र उत्तर दिशामा कुन कुन देश पर्छन् ?

(ख) मुखले जवाफ देऊ

(अ) नेपाली लोग्नेमान्छेहरूको राष्ट्रिय पोशाक कुन हो ?

(आ) नेपाली स्वास्नीमान्छेहरूको राष्ट्रिय पोशाक कुन हो ?

(इ) नेपालको जाडो र गर्मी दुवै ज्यादा नहुने भागलाई के भनिन्छ ?

(ई) कहाँका मानिसहरूले च्याङ्ग्रा, खच्चर र चौंरीगाई पाल्दछन् ?

(उ) नयाँ नेपाल बनाउने राजा को हुन् ?

(ऊ) नेपालमा कुन धर्म मान्ने मानिसहरू धेरै छन् ?

(ए) हाम्रो राष्ट्र भाषाको नाम के हो ?

४. पाठ हेरी सच्याई शुद्ध पारेर सार

थकालि, पूर्ब, पसचिम, कोईलि, टोपि, मौरि, चुचुरोहरू, पहाडि ।

५. तलका शब्दहरूको सुहाउँदो जोडा मिलाऊ

हाम्रो देश	– नेपाल
हाम्रो देशको पूर्व र पश्चिम सिमानाका नदी	– काठमाडौं
नेपालको राजधानी	– नेपाली
हाम्रो राष्ट्र भाषा	– मेची र महाकाली

६. तलका खाली ठाउँमा ठीक शब्द छानेर राख

जस्तैः– म मेचमा . . . किताब पढ्छु । (बसी, सुती, लडी)

म मेचमा बसी किताब पढ्छु ।

(क) म नक्सा . . . दिशा पत्ता लगाउँछु । (सुती, हेरी, बसी)

(ख) तिमी सबेरै . . . सूर्यतर्फ फर्क । (उठी, सुती, हेरी)

(ग) म राती बत्ती . . . पढ्छु । (बालेर, सुती, सुनी,)

(घ) म बजार . . . मिठाई किन्छु । (गएर, हेरी, भई)

७. तलका खाली ठाउँमा ठीक शब्द छानेर भर

जस्तैः– म . . . कापी किन्छु । (पढ्न, लेख्न, जान्न)

म लेख्न कापी किन्छु ।

(क) म . . . विद्यालय जान्छु । (पढ्न, खान, जान)

(ख) ऊ पास . . . मेहनत गरेर पढ्छ । (जान्न, हुन, खान)

(ग) तिमी गीत . . . सिक । (लाउन, गाउन, हुन)

(घ) राम विद्यालय . . . लागेको छ । (जान, हुन, पढ्न)

८. तलका खाली ठाउँमा ठीक अक्षर वा शब्द छानेर राख

जस्तैः– म कविता लेख्छु. . . कथाचार्हि लेख्दिन । (तर, पनि, किन)

म कविता लेख्छु तर कथाचार्हि लेख्दिन ।

(क) म भाइलाई माया गर्छु . . . उसले मलाई हिर्काउँछ । (र, तर, झै)

(ख) अचार पीरो छ . . . तरकारी अमिलो छ । (अनि, पनि, त)

(ग) म पहिले मुख धुन्छु . . . चिया खान्छु । (अनि, पनि, कि)

(घ) तिमीले गुरुलाई नमस्कार गरचौ . . . गरेनौ ? (तर, कि, अनि)

९. पढ र शब्दको अर्थ बुझ

हिमाली भेग = हिमाल र यसको छेउछाउको भाग

डाँडाकाँडाहरू = अग्ला–होचा पहाडहरू

उपत्यका = चारैतिर पहाड भई बीचमा सम्म परेको फराकिलो ठाउँ

तराई = पहाडको फेदीदेखि थालिएको सम्म परेको फराकिलो जमिनको भाग

सनपाट = बोक्राबाट बोरा आदि बनाइने एक प्रकारको बाली
अन्नभण्डार = धानचामल आदि अन्न राख्ने भण्डार, अन्नको ढुकुटी
आदर-सत्कार = कुनै व्यक्तिलाई गरिने सम्मान
पुर्खाहरू = आफूभन्दा अगाडिका बाबु, बाजे, बराजु आदि

१०. अन्य क्रियाकलाप

(क) शिक्षकले कक्षाको भित्तामा नेपालको राजनीतिक नक्सा टाँगी विद्यार्थी-हरूलाई नेपालका चार सिमानाको बयान गर्न लगाउने ।

(ख) नेपालको प्राकृतिक नक्सा माथि भने झैं देखाई विद्यार्थीहरूलाई हिमाली, पहाडी र तराई भागका सबै ठूला नदीहरू चिन्न लगाउने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई गृहकार्यका रूपमा नेपालका तलका कुराहरू-मध्ये प्रत्येकका कम्तीमा पाँच-पाँच नाम पर्ने गरी अलग-अलग सूची बनाउन लगाउने ।

(१) नदीहरू (२) जातजातिहरू (३) नेपालमा पाइने जनावरहरू
(४) नेपालका चराचुरुङ्गीहरू (५) नेपालमा उब्जने अनाजहरू
(६) नेपालीहरूले लगाउने थरीथरी लुगाहरू (७) नेपालमा फल्ने फलफूलहरू (८) नेपालमा बोलिने भाषाहरू

राजा सबका साझा



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

हामी सबै नेपालीका
यौटै साझा राजा ।
नेपालको माया गर्ने
राजा सबका साझा ।

आफ्नै बाबा–आमाले झैं
प्यारो गर्ने राजा।
हामी सबै नेपालीका
मन पर्ने राजा।
नेपालका घर-दैला
घुम्ने हाम्रा राजा।
नेपालीका सुख दुःख
बुझी हिंड्ने राजा।
काम दिने, माम दिने
सुख दिने राजा।
सबैलाई बराबरी
माया दिने राजा।
शिरमा श्रीपेच पहिरिने
हाम्रा प्यारा राजा।
नेपाल र नेपालीको
भलो गर्ने राजा।

अभ्यास

१. यी कुरा पनि बुझ

(क) हाम्रा राजाको नाम श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव हो । मौसूफको जन्म २००२ साल पौष १४ गते नारायणहिटी राजदरबारमा भएको हो । मौसूफ २०२८ सालमा राजा होइबक्सेको हो । मौसूफका बुबा स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाह होइबक्सिन्छ । मौसूफकी मुमा स्वर्गीय श्री ५ इन्द्र राज्यलक्ष्मी देवी शाह होइबक्सिन्छ । मौसूफले धेरै पढिबक्सेको छ ।

(ख) हाम्रा राजा शिरमा श्रीपेच पहिरिबक्सिन्छ। यो श्रीपेच राजमुकुट हो । श्रीपेचमा धेरै थरी हीरा, मोती, पन्ना जवाहिरात आदि जडिएको हुन्छ । श्रीपेच झलझल झल्किन्छ ।

२. पढ र राम्रा अक्षरमा सार

नेपालका घरदैला पुग्ने हाम्रा राजा ।
नेपालीका सुखदु:ख बुझी हिंड्ने राजा ।

३. पढ र कुरा बुझ

(क) नेपालको माया गर्ने राजा सबका साझा ।

(ख) काम दिने, साम दिने, सुख दिने राजा ।

४. मुखैले जवाफ देऊ

(अ) किन राजालाई सबैको साझा भनिन्छ ?

(आ) हामी हाम्रा राजाबाट के–के पाउँछौं ?

(इ) हाम्रा राजाले हाम्रा के–के कुरा बुझिबक्सिन्छ ?

५. नमुनामा मिलाए जस्तै शब्दहरू मिलाई लेख

जस्तै:– नेपाल र नेपालीको भलो गर्ने राजा ।
हाम्रा राजाले नेपाल र नेपालीको भलो गरिबक्सिन्छ ।

(क) नेपालका घरदैला घुम्ने हाम्रा राजा ।

(ख) सबैलाई बराबरी माया दिने राजा ।

६. तलका शब्दहरूलाई उदाहरणमा दिए जस्तै एउटै शब्द बनाऊ

जस्तै :– बाबा र आमा = बाबाआमा

(क) काम र माम (ख) सुख र दु.ख (ग) घर र दैलो

(घ) राजा र रानी (ङ) घर र बारी (च) आउँदा र जाँदा

(छ) साग र पात (ज) माछा र मासु

७. तल उदाहरणमा दिए जस्तै गरी खाली ठाउँमा चाहिने शब्द लेख

जस्तै:– श्री ५ वीरेन्द्र हाम्रा राजा . . . । (हुनु)

श्री ५ वीरेन्द्र हाम्रा राजा होइबक्सिन्छ ।

(क) श्री ५ वीरेन्द्र हामी केटाकेटीलाई ज्यादै माया . . . । (गर्नु)

(ख) श्री ५ वीरेन्द्र हाम्रो सुखदुःख . . . । (बुझ्नु)

(ग) श्री ५ वीरेन्द्र हाम्रो घरदैलासम्म . . . । (घुम्नु)

(घ) श्री ५ वीरेन्द्र शिक्षा . . . । (मन पराउनु)

८. पढ र शब्दको अर्थ बुझ

साझा = सबैको, सबैको बराबर हक भएको

पहिरिने = लगाउने, राजाले शिरमा पहिरने

श्रीपेच = हीरामोती जडिएको टोपीको आकारको कल्की भएको वस्तु, शिरपेच, राजमुकुट

भलो गर्ने = राम्रो गर्ने, हित गर्ने

९. अन्य क्रियाकलाप

१. शिक्षकले विद्यार्थीहरूलाई श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रका तस्वीरहरू देखाई बुबा र जेठा छोराका रूपमा चिनाउने ।

२. विद्यार्थीहरू मिली राजा सबका साझा कविता भाका हालेर गाउने ।

३. राजाको जन्मोत्सव मनाउने विभिन्न तरीकाबारे शिक्षकले विद्यार्थीहरूलाई अवगत गराउने ।

हाम्री रानी

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

हामीलाई माया गर्ने
हाम्रो देशकी रानी।
समाजको सेवा गर्ने
हाम्री महारानी।

मीठा-मीठा गीत लेख्ने
हामी सबकी रानी ।
हामीलाई आफ्नै सम्झी
प्यारो गर्ने रानी ।
उकाली र ओरालीमा
घुमी हिंड्ने रानी ।
नेपालीका सुख दुःख
बुझी हिंड्ने रानी ।
नेपालका गाउँघरमा
रमाउने रानी ।
हामी सबलाई बराबरी
माया गर्ने रानी ।

अभ्यास

१. यी कुरा पनि बुझ

हामी रानीलाई बडामहारानी भन्दछौं। हाम्री रानीको नाम श्री ५ ऐश्वर्य राज्यलक्ष्मी देवी शाह हो। मौसूफ सरकारको जन्म विक्रम संवत् २००६ साल कार्तिक २२ गते काठमाडौंको लाजिम्पाटमा भएको हो। मौसूफले धेरै पढिबक्सिएको छ। मौसूफको शुभ-विवाह २०२६ साल फागुन १६ गते श्री ५ वीरेन्द्रसँग भएको हो।

२. पढ र राम्रा अक्षरमा सार

हामीलाई आफ्नै सम्झी प्यारो गर्ने रानी।

३. पढ र कुरा बुझ

(क) नेपालीका सुखदुःख बुझी हिंड्ने रानी।

(ख) हामीलाई आफ्नै सम्झी प्यारो गर्ने रानी।

४. (क) लेखेर जवाफ देऊ

(अ) हाम्री रानीको नाम के हो ?

(आ) हाम्री रानीको जन्म कहाँ र कहिले भएको हो ?

(ख) मुखैले जवाफ देऊ

(अ) के हाम्री रानीबाट समाजको सेवा पनि गरिबक्सिन्छ ?

(आ) के हाम्री रानीबाट गीत पनि लेखिबक्सिन्छ ?

(इ) हाम्री रानीबाट हाम्रो के कुरा बुझिबक्सिन्छ ?

५. तलका शब्दहरू राखी वाक्य बनाऊ

हामी, गीत, रानी, गाउँघर, बराबरी।

६. तल दिइएका दुई शब्दहरूका सट्टा एकै शब्द बनाऊ

जस्तै :– राजा र रानी = राजारानी

(क) ढुङ्गो र माटो (ख) बाघ र भालु

(ग) चिया र बिस्कुट (घ) उकाली र ओराली

(ङ) मामा र माइजू

७. तलका खाली ठाउँमा चाहिने शब्द भर

जस्तै:– हामीले उकालीओराली घुमी . . . रानी पाएका छौं । (गर्ने, बुझ्ने, हिंड्ने)

हामीले उकालीओराली घुमी हिंड्ने रानी पाएका छौं ।

(क) हामीले समाजको सेवा . . . रानी पाएका छौं । (घुम्ने, गर्ने, लेख्ने)

(ख) हामीले गीत . . . रानी पाएका छौं । (लेख्ने, गर्ने, हिंड्ने)

(ग) हामीले नेपालका गाउँघरमा . . . रानी पाएका छौं । (लेखाउने, बुझाउने, रमाउने)

(घ) हामीले हामीलाई बराबरी माया . . . रानी पाएका छौं । (लेख्ने, गर्ने, सुन्ने)

८. पढ र शब्दको अर्थ बुझ

समाज = कुनै ठाउँमा बस्ने मानिसहरूको समूह

उकालीओराली = उकालो र ओरालो

सुखदु:ख = सुख र दु:ख

९. अन्य क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्यका तस्वीरहरू देखाई राजा र बडामहारानीका रूपमा चिनाउने ।

(ख) हाम्री रानी कविता सबै विद्यार्थीहरूले भाका हाली गाउने ।

(ग) शिक्षकले विद्यार्थीहरूलाई जानेका अरू गीत गाउन लगाउने ।

(घ) शिक्षकले विद्यार्थीहरूलाई श्री ५ बडामहारानीको जन्मोत्सव के–कसरी मनाइन्छ भन्ने कुरा अवगत गराउने ।

तल केही चित्रहरू दिइएका छन् । ती चित्रहरू चिन र तिनीहरूबारे आफूलाई थाहा भएका कुराहरू सुनाऊ













शिक्षकलाई सल्लाह

यस पाठमा चित्रहरू मात्र दिइएका छन् । यी चित्रहरू देखाई शिक्षकले विद्यार्थीहरूलाई ती चित्रहरूका वस्तु चिन्न र तिनको विवरण भन्न लगाउनुपर्छ ।

कक्षागत रूपमा कक्षा २ का विद्यार्थीले गाउने

राष्ट्रिय गीत

कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष
कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष

देश छैन सानो यो हिमचुली नै छानो हो
देश छैन सानो यो हिमचुली नै छानो हो
चन्द्र सूर्य ध्वजा लिई माथि माथि जानु हो, माथि माथि जानु हो

कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष
कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष

हामीलाई रमाइलो हिमालको माया छ
हामीलाई रमाईलो हिमालको माया छ
सधैंभरि मनमा नेपालको माया छ, नेपालको माया छ

कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष
कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष

जति सम्झ्यो सम्झिने देशको घामपानीलाई
जति सम्झ्यो सम्झिने देशको घामपानीलाई
आँखाभित्र देखने आफ्नै राजा रानीलाई, आफ्नै राजा रानीलाई

कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष
कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष

फूलजस्तो राम्रो यो जून जस्तो राम्रो यो
फूलजस्तो राम्रो यो जून जस्तो राम्रो यो
सगरमाथा शिरमा राख्ने देश हाम्रो यो, राख्ने देश हाम्रो यो

कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष
कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष
कति राम्रो हाम्रो देश आफ्नै बोली आफ्नै भेष

महेन्द्र माला कक्षा २